प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ
तथा विकासस्तर परीक्षण - २०७८

# परीक्षण प्रतिवेदन

## (Assessment Report)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षण - २०७८**

**Assessment of Early Childhood**

**Education and Development 2021**


| | |
|---|---|
| प्रकाशकः | : नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>शैक्षिक गुणस्तर परीक्षण केन्द्र,सानोठिमी, भक्तपुर । |
| सर्वाधिकार | : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर । |
| प्रकाशन वर्ष | : सन् २०२२ (वि.सं. २०७८) |
| सन्दर्भ प्रयोग (Citation) | : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, (वि.सं. २०७८) प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षण प्रतिवेदन, सानोठिमी, भक्तपुर । |
| Website | : www.ero.gov.np |
| Email | : eronasa@gmail.com |
| फोन नं. | : ०१६६३६५१८, ०१६६३२११६ |

# प्राक्कथन

नेपालमा पूर्वप्राथमिक शिक्षाको रूपमा वि. सं. २००५ सालबाट नै अनौपचारिक रूपमा विभिन्न प्रयासहरू हुँदै आए पनि ३ देखि ५ वर्षका बालबालिकाको सिकाइ तथा विकास गरी प्राथमिक शिक्षाका लागि तयार गराउन औपचारिक रूपमा २०६२ तिरबाट मात्र प्रयास गरिएको पाइन्छ । सबैका लागि शिक्षासम्बन्धी डकार सम्मेलनबमोजिम नेपालको सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना र सबैका लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्गको रूपमा रही प्रारम्भिक बालविकास कार्यक्रम लागू गरिँदै आइएको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४–२०७९/०८०) ले समेत ५ वर्षमुनिका बालबालिकाहरूका शारीरिक, सामाजिक, संवेगात्मक, ज्ञानात्मक, तथा नैतिक क्षमताको विकास गर्न प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाई विद्यालय प्रवेशको तयारी गराउने भनी उद्देश्य निर्धारण गरेको छ । यस कार्यक्रमको बाह्य र स्तरीय मूल्याङ्कन तथा परीक्षण गर्न आवश्यक ठानी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि. सं. २०७२ मा परीक्षण गर्न सुरु गरेको हो । बालविकास केन्द्रका बालबालिकाको सिकाइ तथा विकासस्तरको परीक्षणले बालबालिकामा हासिल भएका उपलब्धिको अवस्थाका बारेमा जानकारी गराउनुका साथै सिकाइ तथा विकासस्तरको सुधारका लागिसमेत महत्त्वपूर्ण सुझावहरू प्रदान गर्दछ ।

यस्ता खालका परीक्षणले नीति निर्माताहरूलाई शिक्षा नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, तिनको प्रभावकारिता र विद्यार्थी उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू पहिचान गर्न सहयोग गर्दछ । यसै गरी विद्यार्थीको उपलब्धि सुधारसहित शिक्षाको समग्र गुणस्तर सुधारका लागि नीति तथा कार्यक्रम निर्माण र परिमार्जनका लागि विश्वसनीय सूचना उपलब्ध गराउँछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले युनिसेफ नेपालको आर्थिक र प्राविधिक सहयोगमा आ.व. २०७२।०७३ मा बालविकास केन्द्रका बालबालिकाको परीक्षण सुरु गरेको थियो ।

आ.व. २०७३।०७४ मा १५० बालविकास केन्द्रका १,८३५ बालबालिकामा सिकाइ तथा विकासस्तर परीक्षण गरी सोको प्रतिवेदन सार्वजनिकसमेत गरिसकिएको छ । यसको अनुभव र प्रतिविम्वनसमेतका आधारमा युनिसेफ नेपाललगायत अन्य सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाको सहभागिता रहेको कार्यशालाबाट परीक्षण साधनको परिमार्जनसहित अन्तिमीकरण गरी परीक्षण साधन विकास गरिएको थियो । सोही आधारमा देशको सबै क्षेत्र र भूगोलको प्रतिनिधित्व हुने गरी ३०० बालविकास केन्द्रका ४,५०० बालबालिकामा परीक्षण गर्ने योजना रहेकोमा २९९ बालविकास केन्द्रका ३,६७५ बालबालिकामा परीक्षण गरिएको थियो । यो प्रतिवेदन सन् २०१८ मा प्रकाशित गरिएको थियो । त्यस प्रतिवेदनमा विद्यार्थीको क्षमतालाई ३ समूहहरू struggling, progressing and on track मा विभाजन गरी प्रस्तुत गरिएको छ । सो परीक्षणमा बालबालिकाको उपलब्धिलाई प्रदेशगत, जिल्लागत, विषयक्षेत्रगत, सहजकर्ताको योग्यता तालिम र अनुभव र लैङ्गिक रूपमा विश्लेषण गरी व्याख्या प्रस्तुत गरिएको थियो । त्यसपछि अर्को खण्डमा बालविकास केन्द्रको व्यवस्थापन तथा कार्यसम्पादन पक्षमा रहेको वास्तविक अवस्था प्रस्तुत गरिनुका साथै केन्द्रको व्यवस्थापन पक्ष र कार्यसम्पादन स्तरलाई बालबालिकाको सिकाइ तथा विकासस्तरसँग सम्बन्धित गरी विश्लेषण र व्याख्यालाई प्रस्तुत गरिएको छ । त्यो प्रतिवेदन सर्वसाधारणले बुझिने गरी मुख्य नतिजा मात्र समावेश गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको थियो । परीक्षणको स्वरूप, विकास र सञ्चालन, तथ्याङ्क विश्लेषणलगायतका प्राविधिक पक्षहरू भने मुख्य प्राविधिक प्रतिवेदनमा समावेश गरिएको थियो ।

यो परीक्षण सञ्चालन र प्रतिवेदन तयारी गर्ने कार्यमा युनिसेफ नेपाललगायत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था र व्यक्तिहरूबाट सहयोग प्राप्त भएको छ । विभिन्न विषयका विषय शिक्षक तथा विज्ञहरू, विषय समिति तथा परीक्षण समितिका पदाधिकारीबाट प्राप्त रचनात्मक सुझाव र सहयोगका लागि धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी परीक्षण सञ्चालन भएका विद्यालयका प्रधानाध्यापकहरू, प्रश्नावलीमा प्रतिक्रिया दिने अभिभावकहरू, सूचना सङ्कलन गर्ने Enumerator हरू, शिक्षकहरू र परीक्षणमा सहभागी हुने बालबालिका धन्यवादका पात्र छन् । सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइ, प्रतिवेदन लेखन कार्यमा संलग्न व्यक्तिहरू विनोद पन्त, आइतसिँ विश्वकर्मा, रामहरी ढकाल, गणेश धमला, लवदेव भट्ट, रेणुका अधिकारी साथै तथ्याङ्क विश्लेषण सहयोग गर्ने श्री श्यामप्रसाद आचार्य, देवीराम आचार्य र विषय वस्तु र भाषा सम्पादन गर्ने श्री उत्तर कुमार पराजुलीलगायतका विज्ञ कर्मचारीहरुको योगदान प्रशंसायोग्य छ । साथै प्रतिवेदन तयारी गर्न परामर्श सेवाका लागि खटिएको डिस्कभरी एजुकेशन प्रा.लि.लाई धन्यावाद छ ।

शिवकुमार सापकोटा
महानिर्देशक
शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

# विषयसूची

**परिच्छेद १ : पृष्ठभूमि (Background)**

१.१ नेपालमा प्रारम्भिक बालविकासको सन्दर्भ ..... ३
१.२ प्रारम्भिक बालविकास सिकाइ तथा विकासस्तर परीक्षण ..... ६
१.३ परीक्षणको आवश्यकता ..... ७
१.४ उद्देश्य ..... ९
१.५ अध्ययनको सीमाङ्कन / परिसीमाङ्कन ..... ९
१.६ प्रतिवेदनको ढाँचा ..... ९

**परिच्छेद २ : अध्ययन विधि**

२. परिचय ..... ११
२.१ परीक्षण योजना ..... ११
२.२ परीक्षण साधन ..... १२
२.३ परीक्षणको तयारी ..... १४
२.४ जिल्ला र बालविकास केन्द्रको छनोट ..... १५
२.५ परीक्षण सञ्चालन ..... १५
२.६ तथ्याङ्कको विश्लेषण र व्याख्या ..... १६

**परिच्छेद ३ पालिकागत औसत, उपलब्धि व्याख्या र विश्लेषण**

३.१ पालिकाअनुसार विद्यार्थी विवरण ..... १८
३.२ उमेरअनुसारको बालबालिकाको विवरण ..... १८
३.३ लैङ्गिक विवरण ..... १९
३.४ प्रतिक्रिया दिने व्यक्तिको विवरण ..... २०
३.५ अध्ययनको अवस्था ..... २०
३.६ अध्ययनको तह ..... २१
३.७ पेसागत विवरण ..... २१
३.८ जातजातिगत अवस्था ..... २२
३.९ भाषिक अवस्था ..... २३
३.१० सामग्रीको उपलब्धता ..... २३
३.११ सिकाइ तथा विकासात्मक अवस्था ..... २४

**परिच्छेद – ४ प्राप्ति, निष्कर्ष र सुझावहरू**

४.१ दोगडाकेदार गाउँपालिका (बैतडी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव ..... ३६
 ४.१.१ निष्कर्ष ..... ३६
 ४.१.२ सुझावहरू ..... ३६
४.२ सन्धिखर्क नगरपालिका (अर्घाखाँची जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव ..... ३७

४.२.१. निष्कर्ष .................................................................................................... ३७
४.२.२ सुझावहरू.................................................................................................... ३८
४.३ भेरी नगरपालिका (जाजरकोट जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव.................................................................. 38
४.३.१ निष्कर्ष .................................................................................................... 38
४.३.१ सुझावहरू.................................................................................................... 39
४.४ गढी गाउँपालिका (सुनसरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव .................................................................. ४०
४.४.१ निष्कर्ष .................................................................................................... ४०
४.४.२ सुझावहरू.................................................................................................... ४०
४.५ सुनकोशी गाउँपालिका (सिन्धुली जिल्ला) भित्रका बालबिकास केन्द्रहरू (ECD Centers) का बालकालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव.................................................................. ४१
४.५.१ निष्कर्ष .................................................................................................... ४१
४.५.२ सुझावहरू.................................................................................................... ४२
४.६ मादी गाउँपालिका (कास्की जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्यायनको निष्कर्ष र सुझाव.................................................................. ४२
४.६.१ निष्कर्ष .................................................................................................... ४२
४.६.२ सुझावहरू.................................................................................................... ४३
४.७ पिपरा गाउँपालिका (महोत्तरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव.................................................................. ४३
४.७.१ निष्कर्ष .................................................................................................... ४४
४.७.२ सुझाव .................................................................................................... ४४
Reference .................................................................................................... ४६
अनुसूची – १ प्रारम्भिक बालविकास परीक्षण साधन .................................................................. ५०
अनुसूची – २ दोगडाकेदार गाउँपालिका (बैतडी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. ५३
अनुसूची – ३ सन्धिखर्क नगरपालिका (अर्घाखाँची जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. ६२
अनुसूची – ४ भेरी नगरपालिका (जाजरकोट जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. ७१
अनुसूची – ५ गढी गाउँपालिका (सुनसरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. ८०
अनुसूची ६ सुनकोशी गाउँपालिका (सिन्धुली जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. ९०
अनुसूची ७ मादी गाउँपालिका (कास्की जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. ९८
अनुसूची ८ पिपरा गाउँपालिका (महोत्तरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण.................................................................. १०७

# तालिका सूची


तालिका २.१ : ECDI 2030 मा समावेश गरिएका तीन क्षेत्र र १२ उपक्षेत्र प्राम्भिक बालविकास............... १२
तालिका २.२ : सिकाइका विषय क्षेत्र ........................................................................ १२
तालिका २.३ : अध्ययनका लागि छनोट भएका बालविकास केन्द्र र बालबालिकाहरूको सङ्ख्यात्मक विवरण १५
तालिका ३.१ : स्थानीय गा.पा./न.पा. अनुसार विद्यार्थी विवरण ........................................ १८
तालिका ३.२ : बालबालिकाको उमेर (महिनामा)............................................................. १९
तालिका ३.३ : लैङ्गिक विवरण.................................................................................. १९
तालिका ३.४ : प्रतिक्रिया दिने व्यक्ति ........................................................................ २०
तालिका ३.५ : अध्ययनको अवस्था ........................................................................ २०
तालिका ३.६ : अध्ययनको तह ................................................................................ २१
तालिका ३. ७ : पेसागत विवरण ................................................................................ २२
तालिका ३.८ : जातजातिगत अवस्था ........................................................................ २२
तालिका ३.९ : भाषिक अवस्था.................................................................................. २३
तालिका ३.१० : घरमा उपलब्ध किताब ........................................................................ २३
तालिका ३.११ : शारीरिक तन्दुरुस्ती र स्वास्थ्य अवस्था.................................................. २४
तालिका ३. १२: सिकाइ क्षेत्र (भाषा र गणित) ............................................................ २५
तालिका ३.१३ : संवेगात्मक तथा सामाजिक क्षेत्र.......................................................... २६
तालिका ३.१४ : सिकाइ स्तरको सारांश........................................................................ २७
तालिका ३. १५: अभिभावकको जानकारीअनुसारको अङ्क वितरण .................................... २८
तालिका ३.१६ : शारीरिक तन्दुरुस्ती ........................................................................ २९
तालिका ३.१७ : सिकाइ क्षेत्र..................................................................................... २९
तालिका ३.१८ : सामाजिक तथा मनोवैज्ञानिक................................................................ ३०
तालिका ३.१९ : पालिकाहरूको औसत उपलब्धि विवरण ................................................ ३०
तालिका ३.२० : लिङ्गअनुसारको औसत उपलब्धि ........................................................ ३१
तालकिा ३.२१ : आमाको शैक्षिक योग्यता र बालबालिकाहरूको विकास................................ ३१
तालिका ३.२२ : बुबाको शैक्षिक योग्यता र बालबालिकाको विकास .................................... ३२
तालिका २३ : अध्ययन सामग्री र बालबालिकाको विकास .............................................. ३२
तालिका ३.२४ : उमेरगत विवरण ................................................................................ ३३
तालिका ३.२५ : कोसेढुङ्गा – एकः २४ देखि २९ महिना................................................ ३४
तालिका ३.२६ : कोसेढुङ्गा – दुईः ३० देखि ३५ महिना ................................................ ३४
तालिका ३.२७ : कोसेढुङ्गा – तीनः ३६ देखि ४१ महिना................................................ ३४
तालिका ३.२८ : कोसेढुङ्गा – चारः ४१ देखि ४७ महिना................................................ ३४
तालिका ३.२९ : कोसेढुङ्गा – पाँचः ४८ देखि ६० महिना ................................................ ३५
तालिका ३.३० : समग्रमा बालबालिकाहरूको बालविकास.................................................. ३५

# परिच्छेद १

**पृष्ठभूमि (Background)**

मानव विकासको २ देखि ५ वर्ष बाल उमेरको सुरुवाती वर्ष भएका कारण ज्यादै महत्त्वपूर्ण मानिएको छ। ३ र ४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि शिशु विकास केन्द्र र ४ वर्ष उमेर समूहका लागि पूर्वप्राथमिक कक्षासहितको बालविकास केन्द्र हुनेछ भनी प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६१ मा उल्लेख गरिएको छ। प्रारम्भिक बाल्यावस्था मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण समय हो। यस अवस्थामा बालबालिकाहरूको वृद्धि र विकास एकदमै छिटो हुन्छ। हरेक शिशुले जन्मने बित्तिकै देखि सिक्न थाल्दछ। यस अवस्थामा उनीहरूले पाउने स्वास्थ्य सेवा, पोषण, सुरक्षा, उत्प्रेरणा, उचित स्याहार तथा मायाममता एवम् शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक, भाषिक विकासको अवसरले मानवको व्यक्तित्व विकासमा प्रत्यक्ष प्रभाव पार्दछ।

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकासको उमेर भन्ने गरिन्छ (प्रारम्भिक बालविकाससम्बन्धी सन्दर्भ सामग्री २०७५, पृष्ठ २३)। बालबालिकाको मष्तिष्क २ वर्षभित्र ७५ प्रतिशत विकसित भइसकेको हुन्छ भने ५ वर्षभित्र ९० प्रतिशत विकसित भएको हुन्छ (अभिभावक शिक्षा २०७३, पृष्ठ १५)। प्रारम्भिक बाल्यावस्थामा प्राप्त हुने विभिन्न प्रकारका अनुभव, समस्या र चुनौतीहरूले उनीहरूको जीवनपर्यन्त हुने विकास र सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ। त्यसैले घर बलियो बन्नको लागि जग बलियो हुनुपर्दछ भने जस्तै असल र सफल नागरिक हुन प्रारम्भिक बालविकासको उचित अवसर पाउनुपर्दछ। यसका लागि उनीहरूलाई सुरक्षित र उत्प्रेरणामूलक वातावरणको आवश्यकता पर्दछ। यस अवस्थामा विकास हुने मष्तिष्क नै सिङ्गो जीवनको आधार बन्ने भएकाले यस समयमा बालबालिकाहरूलाई पोषणयुक्त खाना, सुस्वास्थ्य, सरसफाइ, अन्तर्क्रियात्मक वातावरण तथा वात्सल्यमय व्यवहार जस्ता तत्त्वहरूको आवश्यकता पर्ने हुन्छ। बालबालिकाको यो उमेर जीवन विकासको पूर्वाधार र भविष्यको शैक्षिक सफलताको आधार हो।

विशेष गरी ३-४ वर्ष उमेरका बालबालिकाहरूले सामग्रीको प्रयोग गरेर, खोज तथा अन्वेषण गरी ज्ञानेन्द्रीयहरूको उपयोगद्वारा सिक्ने गर्दछन्। प्रारम्भिक बालविकासको सिकाइ तथा विकास अवसरले बालबालिकाको शैक्षिक सफलता र स्वस्थ्य जीवन र दीर्घकालीन सिकाइ अवसरहरूका लागि पूर्वाधार तयार गर्दछ। यस समयमा बालबालिकामा आत्मविश्वास, आत्मसम्मान, आत्मनियन्त्रण, सकारात्मक सम्बन्ध, ज्ञानको प्रवर्धन र सिपको विकास जस्ता पक्षहरूको विकास हुने गर्दछ। यस अवस्थाका बालबालिकाको स्नायु प्रणालीमा शिक्षक, बालबालिकासँग निकट रही व्यवहार गर्ने व्यक्ति वा अभिभावकसँगको सम्बन्ध, शारीरिक स्वास्थ्य र पोषणयक्त खानाको अवसर तथा मनोसामाजिक अवसरले प्रभावित गरिरहेको हुन्छ। यस अवस्थामा हुने अवरोधमुक्त अवस्थाले बालबालिकाको चौतर्फी विकास र वृद्धि हुने गर्दछ। यसै आधारबाट पछिका वर्षहरूमा बालबालिकाको व्यक्तिगत विकास र सिकाइ हुने गर्दछ। बालबालिकाका यी प्रारम्भिक वर्षमा उनीहरूको जीवनको आधार निर्माण हुने गर्दछ।

मानव शरीरको नियन्त्रण र सञ्चालनमा मस्तिष्कको महत्त्वपूर्ण भूमिका हुन्छ। युरोपियन कमिसनले बाल विकासको उमेरको समयलाई आधार वर्ष र सिर्जनात्मक अवस्था भनेर उल्लेख गरेको पाइएको छ (युरोपियन कमिसन २०१४)। अरू विषयका अतिरिक्त बालबालिकाको मस्तिष्क विकासको आधार समय पनि यही हो। यसै समयमा बालबालिकाहरूको सामाजिक,

भाषिक, बौद्धिक, संवेगात्मक, सांस्कृतिक र शारीरिक विकासको आधार निर्माण हुने गर्दछ । युनेस्कोका अनुसार बालबालिकाको यो समय मानव विकासका संज्ञानात्मक, सामाजिक, मानसिक, बौद्धिक, भावनात्मक र शारीरिक विकास हुने समय हो। यस उमेरका बालबालिकामा सिकाइ र विकास सँगसँगै हुन्छ। यसै समयदेखि नै संज्ञानात्मक, भावनात्मक, सामाजिक र शारीरिक रूपमा बालबालिकाहरू पूर्णक्षमताका साथ राष्ट्रको विकासमा संलग्न रहन्छन्। (युनिसेफ, पष्ठ २०१, २०१४ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षण २०७५ : सङ्क्षिप्त प्रतिवेदन २०१४)।

बालबालिकाको प्रारम्भिक उमेरदेखिको सिकाइका लागि सकारात्मक हस्तक्षेपले बौद्धिक क्षमता, व्यक्तित्व र सामाजिक व्यवहारमा स्थायी प्रभाव पर्दछ। यस चरणमा व्यवस्थित सिकाइ तथा विकासका गतिविधि र पोषणको व्यवस्था गर्नुपर्छ। यसले बालबालिकाको मानसिक, मनोसामाजिक, बौद्धिक र संज्ञानात्मक विकासलाई मद्दत गर्दछ । यी आधारमा बालबालिकाको भविष्यको हित र शिक्षाको ठोस आधार निर्माण हुने गर्दछ । प्रारम्भिक बालशिक्षा कार्यक्रमबाट बालबालिकाहरूको भविष्यमा आफूले जान्न र सिक्नुपर्ने धेरै विषयहरूलाई खेल, बालगीत, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापहरूको माध्यमबाट अवधारणागत रूपमा स्पष्ट गरिन्छ । सानै उमेरमा अवधारणा स्पष्ट भएमा बालबालिकाहरूले पछि विद्यालयमा सिकाउने कुनै पनि विषयलाई राम्रो बुझ्न सक्छन् र बीचैमा विद्यालय छोड्ने क्रम घट्न जान्छ।

संज्ञानदाता बन्नु, व्यक्तिगत विकास हुनु, अभिभावक बन्नु, राष्ट्र सेवी बन्नु र विश्व परिवेशमा सक्षम बन्नु जस्ता विषयलाई बालबालिकाका लागि बन्ने नीतिमा प्राथमिकता दिनपुर्दछ। प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि सार्वजनिक नीतिमार्फत् शिक्षा र बालविकासमा उच्च प्राथिमकता दिई विद्यालयदेखि नै कार्यक्रमहरूको कार्यान्वयनको थालनी गर्नुपर्दछ। यसले प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीको सुधार, संज्ञानात्मक तथा सामाजिक भावनाको विकास, विद्यालयको तत्परता, स्वास्थ्य र पोषणको स्थितिको सुधारले ठूलो प्रतिफल प्राप्त भएको पाइएको छ।

उल्लिखित विषयहरूको सहयोगमा सिकाइ उपलब्धिमा सुधार गर्न, विद्यालय छोड्ने दर घटाउन र विद्यालय चक्र पूरा गर्ने दर बढाउने लक्ष्य सहस्राव्दी विकास लक्ष्यको सूचक २ र ३ तथा सबैको लागि शिक्षा (EFA) ले लक्ष्य लिइएको छ। यी उल्लिखित लक्ष्य पूरा गर्नु सबैका लागि शिक्षा शिशुविकाससम्बन्धी कार्यक्रमहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरूमा विविध क्रियाकलाप गर्ने अवसरले उनीहरूलाई विद्यालय शिक्षाका लागि तत्परताका साथै भावी शिक्षाको जग निर्माणमा सहयोग पुर्‍याउँछ। विद्यालय शिक्षाको लागि प्रारम्भिक सीप र दक्षता हुनु आवश्यक स्तर तथा सूचक शिक्षा मन्त्रालयबाट जारी गरिएको राष्ट्रिय मापदण्डमा पनि उल्लेख छ।

बालबालिकाको वृद्धि र विकास निरन्तर हुने प्रक्रिया भएकाले प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूको उमेर र विकासात्मक आवश्यकतालाई पूरा गर्नुपर्दछ। यस अवस्थाका विभिन्न चरणहरू र उमेरअनुसार उनीहरूको आवश्यकता पनि फरक हुन सक्दछ। युवाहरूको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालशिक्षा तथा विकासको अवश्यकतालाई हृदयङ्गम गर्दै नेपाल सरकारले प्रारम्भिक बालशिक्षा र विकासका कार्यक्रमलाई सार्वजनिक शिक्षाको अङ्गका रूपमा संस्थागत गर्दै लगेको छ। सबै लक्षित बालबालिकामा प्रारम्भिक बालशिक्षा तथा विकासका कार्यक्रममार्फत् पँहुचमा विस्तार र सुधार, सिकाइ तथा विकासका लागि विभिन्न मापदण्डको विकास र व्यवस्थापनमा सुधार जस्ता प्रयासहरूको संयोजन गर्दै आएको छ।

हालसम्म भएका प्रयास र विगतको दशकमा भएका उपलब्धिलाई प्ररम्भिक बालशिक्षा तथा विकासका महत्त्वपूर्ण उपलब्धि

मान्नुपर्ने हुन्छ । प्रारम्भिक बालशिक्षा तथा विकासको क्षेत्रमा भएका कार्यहरूको आधारमा मूल्याङ्कनको आवश्यकता महसुस गरिएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०१७ देखि प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको परीक्षणको थालनी गरेको छ । यस परीक्षणले बालबालिकाको प्रारम्भिक शिक्षा तथा विकासको लागि तयार गरिएको मापदण्डको आधारमा प्रारम्भिक बालशिक्षा तथा विकासका कार्य गर्ने केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापनको अनुगमन गरी प्रमाणमा आधारित जानकारी प्रदान गर्दछ ।

माथि उल्लिखित फाइदाहरूको आँकलन गर्दै प्रारम्भिक बालविकासका कार्यक्रमलाई दिगो विकासको लक्ष्यको एक प्रमुख घटकका रूपमा अघि सारिएको छ । यसकारण प्रस्तावित शिक्षाका लक्ष्य प्राप्ति गर्न शिक्षाका सरोकारवाला तथा विकास साझेदारहरूबाट थप सहयोग हुने अपेक्षा गरिएको छ । बढ्दो उमेरका बालबालिकाको शिक्षा र विकासका लागि विभिन्न किसिमका प्रयत्नहरू भएका छन् । यस क्रममा बालबालिकाको सिकाइ र विकाससँगै अघि बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । जसमा प्रारम्भिक बालविकास र सिकाइका लागि प्रारम्भिक बालशिक्षा, पूर्वप्राथमिक शिक्षा, किन्डरगार्टन, नर्सरी आदि रूपमा विभिन्न नामले कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमहरू विश्वभर नै संस्थागत एवम् सङ्गठित रूपमा विकसित हुँदै आएको पाइएको छ ।

सार्वजनिक शिक्षा प्रणालीमा यस्ता कार्यक्रमको मुख्य उद्देश्य बालबालिकाको संज्ञानात्मक, भावनात्मक, सामाजिक र शारीरिक क्षमताको विकास गर्नु रहेको छ (यनिसेफ -२०१४) । यस कार्यक्रमको मुख्य ध्येय बालबालिकालाई विद्यालय जाने तत्परतासम्बन्धी सिपको अभ्यास गराउनु हो । यस्तो अभ्यासहरूले बालबालिकाको भावी सिकाइ तथा विकास र उपलब्धि नतिजामा प्रभावकारी भूमिका निर्वाह गर्दछ । यस उमेर अवस्थाको सिकाइले बालबालिकालाई स्वस्थ्य रहन र आजीवन विभिन्न लाभ प्राप्त गर्ने काम गर्न प्रेरित गरिरहन्छ (यनिसेफ - २००७) । यसै गरी विद्यालयमा हुने बालबालिकाको उपस्थिति तथा सिकाइ उपलब्धिमा प्रभाव पार्ने मात्र नभई प्रारम्भिक बालशिक्षाको अनभुव भएका बालबालिकाहरूले सिकाइमा निरन्तर रूपमा सफलता हासिल गर्न सक्छन् । जसले गर्दा उनीहरूको जीवनमा आर्थिक तथा सामाजिक उन्नतिको कारकको रूपमा काम गरिरहन्छ (ओइसिडि, २०१४) ।

राष्ट्रिय स्तरको मूल्याङ्कनमार्फत् निकालिएको प्रमाणमा आधारित यस्ता सूचनाले नीति निर्माता, योजनाकार, यस क्षेत्रका प्राविधिकहरू तथा सरोकारवालालाई यथार्थ अवस्थाको जानकारी र गन्तव्यको सूचित गर्ने गर्दछ साथै भावी योजनाकारहरूलाई समेत योजना निर्माणको आधार प्रदान गर्दछ । यो प्रतिवेदन राष्ट्रिय शिक्षा समिति, उच्चस्तरीय नीति मार्गनिर्देशक निकाय, कार्यक्रमका योजनाकार, शिक्षक र प्राविधिक क्षेत्रको समीक्षाको विषय बन्नुपर्दछ । प्रतिवेदनले सम्बद्ध सबै पक्षलाई बहुआयामिक सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रतिवेदनहरूमा देखिएको अवस्थाको चित्रण स्थानीय तहसम्म पुऱ्याउँछ सकिएको खण्डमा स्थानीय नीति निर्माण तहलाई पनि आवश्यकतामा आधारित नीति बनाउन सहयोग हुने अपेक्षा गरिएको छ ।

## १.१ नेपालमा प्रारम्भिक बालविकासको सन्दर्भ

पौराणिक कथामा शिशुलाई साहसी र सक्षम बनाउन गर्भावस्थामा नै उत्प्रेरक कथाहरू श्रवण गराइएका प्रसङ्गहरू पाइन्छन् । त्यसैगरी गर्भाधान पूर्व र गर्भाधान प्रक्रियामा समेत निष्ठा, विधि र संयम अपनाएको पाइन्छ । यसका साथै राम्रा व्यक्तिसँग सम्बन्ध जोड्ने बाल्यकालदेखि नै समयबद्ध र आश्रमजन्य सिकाइ पद्धति अपनाउने जस्ता राम्रा संस्कार तथा अभ्यासहरू हाम्रा परम्परागत विशिष्टता हुन् । सन्तानलाई पाँच वर्षसम्म अत्यन्तै माया ममतापूर्वक लालनपालन गर्नुपर्ने, दश वर्षसम्म शिष्टता, मर्यादा र संस्कार पालना गर्न अभ्यस्त गराउनुपर्ने र सोह्र वर्ष पुगेपछि साथीसरह व्यवहार गर्नुपर्ने नीतिवचन हाम्रो

आदर्श रहेको छ ।

नेपालमा प्रारम्भिक कक्षाका रूपमा प्रिस्कूलिङ कार्यक्रम सन् १९८० देखि नै सञ्चालनमा रहँदै आएको छ । यो कार्यक्रमलाई बालबालिकाको शैक्षिक पक्षमा बढी जोड दिने गरी सञ्चालन गरिँदै आएको थियो । प्रारम्भिक बालविकास कार्यक्रम भने शैक्षिक उपलब्धिभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित थियो । यस कार्यक्रमलाई सन् २००० पछि सबैका लागि शिक्षाको मार्गचित्रभित्र संस्थागत गरिएको थियो । प्रारम्भिक बालशिक्षा तथा विकासबाट हुने विभिन्न फाइदा र आवश्यकतालाई महसुस गरी ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न द्रुत गतिमा प्रारम्भिक बालशिक्षाका लागि बालविकास केन्द्रहरूको स्थापना गर्न थालियो । यो कार्यक्रम द्रुततर रूपमा देशभर विस्तार भयो । यसको परिणाम स्वरूप संस्थागत विद्यालयमा सञ्चालित प्रारम्भिक बाल कक्षाबाहेक ३०,००३९ बालविकास केन्द्रहरू सञ्चालनमा आएका छन् (स्रोत शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र-२०७७) ।

हाल ३/४ बर्ष उमेर समूहका बालबालिकाको कुल भर्नादर ८७.६ प्रतिशत पुगेको छ । प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम र संस्थागत विद्यालयमा सञ्चालित प्रारम्भिक बालकक्षाको अनुभव भएका कुल ७०.२ प्रतिशत बालबालिका कक्षा १ मा भर्ना हुने गर्दछन् (फ्लास रिपोर्ट २०७७, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र-२०७७) । सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना सन २००१-२०१५ मा यस विषयलाई विशेष स्थान दिएको थियो । बाल अधिकारको रक्षा गर्न र प्रारम्भिक शिक्षा तथा विकासका कार्यक्रमको व्यापक विस्तार तथा प्रबर्धन गर्ने दृष्टिले सन् २००४ मा प्रारम्भिक बाल्यावस्थाको विकासका लागि राष्ट्रिय नीति तयार गरियो । यस नीतिले बालबालिकाको शारीरिक, मनोसामाजिक, संज्ञानात्मक, अध्यात्मिक र नैतिक क्षमताको सर्वाङ्गीण विकास जोड दिन्छ ।

नेपालमा प्रारम्भिक बालविकासका लागि राष्ट्रिय रणनीतिक योजना २००४ तयार गरिएको छ । यसलाई प्रारम्भिक बालशिक्षा तथा बालविकासका नीति कार्यान्वयनको कार्ययोजना निर्माण गर्न विकसित गरिएको हो । यसको प्रमुख उद्देश्य सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयन सुनिश्चित गर्न प्रतिबद्धता जनाउन हो ।

प्रारम्भिक बालशिक्षा तथा विकासका कार्यक्रममार्फत् प्रदान गरिने सेवा तथा सुविधाको स्तर कायम राख्दै यस्ता कार्यक्रम सञ्चालन गर्ने केन्द्रहरूको कार्य सम्पादन गर्ने निर्देशिका शिक्षा विभागबाट तयार गरी लागू गरिएको छ । यसमा सबै बालविकास केन्द्रहरूको न्यूनतम शिक्षा र विकासका मानक, प्रारम्भिक बालशिक्षा र विकासको पाठ्यक्रम, बालबालिकाले हासिल गर्नुपर्ने न्यूनतम सिकाइ उपलब्धि र बालबालिकामा हुनुपर्ने सक्षमताहरू समावेश गरिएका छन् ।

वि.सं २०६६ मा आरम्भ भएको विद्यालय क्षेत्र सुधार कार्यक्रममा बालविकास केन्द्रमा भर्ना हुने बालबालिका ४ वर्षको उमेर पूरा भएको हुनुपुर्ने मान्यता स्थापित गरियो । सोही विषयलाई २०७३ बाट प्रारम्भ भएको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि निरन्तरता दिएको छ । विद्यालय क्षेत्र विकास योजनाले एक वर्षको प्रारम्भिक बालशिक्षा तथा विकासलाई आधारभूत शिक्षाको एउटा अङ्गको रूपमा व्यवस्थित गर्ने कुरा उल्लेख गरेको छ । सन २०१६- २०२३ सम्म लागू हुने यस योजनाले प्रारम्भिक बालिवकास कार्यक्रमको गुणस्तर सुधार गर्नु आवश्यक भएको विषयलाई औँल्याएको छ ।

यिनै विविध विषयका साथसाथै अन्तर्राष्ट्रिय मूल्य र मान्यताका आधारमा यो परीक्षण सम्पन्न भएको छ । संयुक्त राष्ट्र सङ्घद्वारा जारी दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा सबै बालबालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास र हेरचाहको सुविधा विस्तार गरी ती बालबालिकालाई प्राथमिक शिक्षाका लागि तयार पार्ने भन्ने कुरा उल्लेख छ । यस कार्यक्रममा समेत नेपाल सरकारले प्रतिबद्धता जनाएको छ । यस प्रतिबद्धताका आधारमा नेपाल सरकारले दिगो विकासका

कार्यक्रमको तयार र कार्यान्वयनको थालनी गरिसकेको पनि छ । बाल सहभागिता, बाल बचावट, बाल अधिकार र बाल संरक्षण जस्ता अन्तर्राष्ट्रिय बाल अधिकारसम्बन्धी महासन्धिमा उल्लेखित बाल अधिकारका पक्षलाई कार्यान्वयन गर्ने कुरालाई नेपालले प्रतिबद्धता जनाएको छ ।

नेपालमा विगत तीन दशकदेखि प्रारम्भिक बालविकासका सेवाहरूको क्रमिक रूपमा विस्तार हुँदै आएको छ । अहिले संविधानमा नै प्रारम्भिक बालविकासलाई बालबालिकाको मौलिक हकको रूपमा व्याख्या गरिएपछि यसको थप महत्त्व बढेको छ । त्यसै गरी नेपालको संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने जस्ता विषयवस्तुलाई मौलिक हकका रूपमा स्थापित गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य, अधिकारअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा र अभिभावक शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड योजना तर्जुमा कार्यान्वयन, मूल्याङ्कन र नियमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । प्रारम्भिक बालविकाससम्बन्धी रणनीति पत्र, २०६१ ले नेपालमा विभिन्न नामबाट सञ्चालित प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू (जस्तैः नर्सरी, किन्डर गार्टेन, बालविकास केन्द्रहरू) जुनसुकै नामबाट सुसञ्चालन भए तापनि सबै कार्यक्रमहरूले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू प्रदानगर्नुपर्छ भन्ने कुरा किटान गरेको छ । यसले विभिन्न तहमा बालबालिकासँग सम्बन्धित सेवा प्रदायकहरूका बीचमा आपसी स्रोत साधनहरूको परिचालन गर्न समन्वय गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

शिक्षा ऐनको आठौँ संशोधनमार्फत् राज्यले चार वर्ष पूरा भएका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा अनिवार्य प्रदान गर्ने प्रतिबद्धता जनाएको छ । हाल नेपालमा ३०,०३९ सामुदायिक र ६,४११ निजी गरी जम्मा ३६,४५० ओटा बालविकास केन्द्रहरू सञ्चालनमा छन् । जसमध्ये विद्यालयमा तथा समुदायमा आधारित केन्द्रहरू ३०,०३९ वटा छन् भने ६,४११ वटा संस्थागत विद्यालयद्वारा सञ्चालित छन् (फ्लास रिपोर्ट २०७७, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र) ।

बालविकास केन्द्रमा बालबालिकाको कुल भर्ना दर ८७.६ प्रतिशत रहेको पाइएको छ । जसमध्ये ७०.२ प्रतिशत बालबालिकाहरू बालविकास कार्यक्रमको अनभुवसहित कक्षा १ मा प्रवेश गरेको देखिन्छ (शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, २०७७) ।

प्रारम्भिक बालविकासको अनुभव लिएर कक्षा १ मा प्रवेश गरेका बालबालिकाको शैक्षिक उपलब्धि दर बढी हुने गरेको र माथिल्ला कक्षामा उनीहरू तुलनात्मक रूपमा सो अनुभव नलिएका बालबालिकाभन्दा सक्रिय रहने गरेको पाइएको छ ।

सामुदायिक विद्यालयमा चार वर्ष उमेर पुगेकालाई एक वर्षे बालविकास कार्यक्रम सञ्चालन गरिएको छ । बालविकास केन्द्रहरूका लागि पाठ्यक्रम र व्यवस्थापनको न्यूनतम मापदण्डको व्यवस्था गरिएको छ । मापदण्डमा बालविकास केन्द्रको भवनको स्तर, कक्षा कोठाको आकार र व्यवस्थापन, कक्षामा बालबालिकाको खेलकुद, मनोरञ्जन सामग्री, सामाजिक अन्तरक्रियाको अवसर, पुस्तकालय र पुस्तक कुना जस्ता बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक पक्षहरू निर्धारण गरिएको छ (प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७) ।

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड बालबालिकाले जान्नैपर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको राष्ट्रिय न्यूनतम मापदण्ड हो । यसमा क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष तथा निश्चित उमेर समूहका लागि स्तर निर्धारण गरिएको छ ।

यी निर्धारित स्तरलाई प्राप्त गर्न प्रमाणित सूचकहरूसहित सिकाइ क्रियाकलापहरू दिइएको छ। सङ्क्षेपमा बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा शारीरिक विकास र स्वास्थ्य क्षेत्र, सामाजिक र संवेगात्मक विकास, बौद्धिक र गणितीय सीपको विकास, सिर्जनशीलता, सञ्चार र साक्षरता जस्ता पक्षको सर्वाङ्गीण विकासमा जोड दिइएको पाइन्छ।

## १.२ प्रारम्भिक बालविकास सिकाइ तथा विकासस्तर परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन हुने कार्यक्रममध्ये प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को उपलब्धिस्तर परीक्षण र बालविकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षणबाट वास्तविक अवस्थाको पहिचान गरी सार्वजनिकीकरण गर्नु एउटा महत्त्वपूर्ण कार्य मानिन्छ। आर्थिक वर्ष २०७७/०७८ मा भने कोभिड १९ को कारण बालविकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षण गर्ने खालको स्वाभाविक अवस्था रहेन। यस प्रकारको आपत्कालीन परिस्थितिमा पनि बालबालिकाको सिकाइ कस्तो रह्यो भनेर परीक्षण गर्न ECDI 2030 को साधनलाई प्रयोग गरी बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण गरियो। यस केन्द्रले स्थापना कालदेखि नै बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण गर्ने कार्यलाई महत्त्व दिँदै आएको छ। जसअनुसार विगतका वर्षहरूमा पनि स्तरीकृत परीक्षण साधनको प्रयोग गरी प्रत्येक वर्ष केही सङ्ख्यामा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण र बालबालिकाको सिकाइ तथा विकासस्तरको परीक्षण गर्दै आएको छ। यसरी गरिने परीक्षणबाट प्राप्त तथ्याङ्क र जानकारीहरू विश्लेषण गरी प्रतिवेदन सार्वजनिकीकरण गर्ने गरिएको पनि छ।

शैक्षिक गुणस्तर परीक्षणको मूल मर्म र भावनाअनुसार परीक्षणका नतिजालाई सम्बन्धित सङ्घ संस्थासँग छलफल गरी स्वानुभूति गराउने र नतिजाको सार्वजनिकीकरण गर्नु आवश्यक छ। त्यसैगरी सहयोगी संस्था, व्यक्ति र निकायलाई जानकारी उपलब्ध गराउने थप प्रयासको लागि अवसर उपलब्ध गराउने यसको लक्ष्य हुन्छ। नियमनकारी तथा सहजीकरण गर्ने निकायलाई जानकारी उपलब्ध गराउनाले ती निकायलाई अनुगमन गर्न आधारभूत जानकारी प्राप्त हुन्छ।

परीक्षणबाट प्राप्त हुने तथ्याङ्क र जानकारीलाई निर्धारित प्रक्रिया तथा विधिका आधारमा विश्लेषण गरेपछि मात्र विश्वसनीय नतिजा प्राप्त हुन्छ। तथ्याङ्कको विश्लेषित नतिजालाई प्रतिवेदनको रूपमा तयार गरी सार्वजनिकीकरण गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक वर्ष २०७६/०७७ मा प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को उपलब्धिस्तर परीक्षण र बालविकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षण गर्ने गरी कार्यक्रम तय तथा कार्यक्रम कार्यन्वयन म्यानुअल तयार गरे पनि परीक्षण सञ्चालन गर्ने समयमा कोभिड १९ को प्रकोपका कारण नेपाल सरकारले निषेधाज्ञा जारी गरेकाले सो आर्थिक वर्षमा बालबालिकाको सिकाइ तथा बालविकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षण गर्न सकिएको थिएन।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले यस आर्थिक वर्ष २०७७/०७८ मा ECDI 2030 को साधनलाई एडप्टेसन गरी त्यस साधनलाई निम्न ३ जिल्लाका ३ वटा पालिकामा निम्नानुसारको जनसङ्ख्यामा तल उल्लेख गरिएका दुईवटा मोड प्रयोग गरी नमुना परीक्षण गरियो।

| जिल्ला | पालिका | विद्यालय/ बालविकास केन्द्र (सङ्ख्या) | प्रत्यक्ष अन्तर्वार्ता (मोड-१) विद्यार्थी सङ्ख्या | फोन अन्तर्वार्ता (मोड-२) विद्यार्थी सङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | चौतारा न. पा. | १० | ८४ | ८२ | १६६ |
| नुवाकोट | ककनी गा. पा. | ७ | ७१ | ७५ | १४६ |
| धादिङ | सिद्धलेक गा. पा. | १० | ८६ | ८३ | १६९ |
| | जम्मा | २७ | २४१ | २४० | ४८१ |

यसरी ३ जिल्लाका २७ बालविकास केन्द्रका ४८१ बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षण गरियो । सो परीक्षणको सूचना तथा तथ्याङ्क विश्लेषण गर्दा दुवै मोडका नतिजालाई तुलनात्मक अध्ययन गरियो । यसको नतिजामा आमाको शिक्षाको भूमिका बढी देखियो । जति आमा शिक्षित छन्, उति नै यी दुवै मोडका तथ्याङ्कमा समानता पाइयो । समग्रमा यी दुवै मोडहरूको नतिजामा १ प्रतिशतभन्दा बढी अन्तर देखिएन ।

यसै नतिजालाई आधार मान्दै कोभिड १९ को प्रभावमा पनि बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षण गर्न फोनमा आधारित अन्तर्वार्ता गर्न सकिने निष्कर्ष निकालियो । यस वर्ष (२०७८) मा पनि कोभिड १९ को प्रभाव बढेको कारण प्रत्यक्ष (फेस टु फेस) अन्तर्वार्ता गर्न सकिएन । त्यसकारण फोन बेस्ड अन्तर्वार्ताबाट युनिसेफले तयार गरेको ECDI 2030 को साधनलाई प्रयोग गरी बालबालिकाका आमासँग बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षण गरियो । यस परीक्षणमा सात प्रदेशका सात पालिका र ती सातै पालिकाका बालविकास केन्द्रहरूका बालबालिकाका आमा अर्थात् प्राइमरी केयर गिभरसँग सूचना लिइयो र सो परीक्षणको सूचना तथा तथ्याङ्क विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

### १.३ परीक्षणको आवश्यकता

सन २०१० मा तात्कालीन शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित सङ्घसंस्थाहरूको कार्य सम्पादन परीक्षण गर्ने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्थापना भएको हो । यसले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेका शैक्षिक निकायहरू र विद्यालयहरूको स्वतन्त्र रूपमा कार्यसम्पादन परीक्षण गर्ने जिम्मेवारी पाएको छ । यसै गरी प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षणलगायत विद्यालय तहका विद्यार्थीहरूको सिकाइको उपलब्धि परीक्षण गरी शिक्षा पद्धतिको सुधार गर्नका लागि सम्बन्धित सरोकारवालाहरू र निकायहरूलाई सुझाव प्रदान गर्ने जिम्मेवारीसमेत पाएको छ ।

यस केन्द्रले प्रारम्भिक बालबालिकाको सिकाइ तथा विकास स्तर परीक्षण गर्ने सन्दर्भमा आ.व. २०७२।०७३ मा इलाम, काभ्रे, पाल्पा र कञ्चनपुर जिल्लाका ६/६ वटा बालविकास केन्द्रमा गरी जम्मा २४ बालविकास केन्द्रमा नमुना परीक्षण गरेर यो कार्य सुरु गरेको थियो । त्यसै गरी आ.व. २०७३।०७४ मा १० जिल्लाका १५० बालविकास केन्द्र (७ समुदायमा र १४३ विद्यालयमा आधारित) र १,८३५ बालबालिकाको परीक्षण गरिएको थियो । आ.व. २०७४।०७५ मा १५ जिल्लाका ४४ प्रारम्भिक बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण गरिएको थियो भने २९९ बालविकास केन्द्रका ३,६७५ बालबालिका परीक्षण गरिएको थियो । आ.व. २०७५।७६ मा १५ जिल्लाका (मोरङ, सोलुखुम्बु, सप्तरी, रौतहट, धादिङ, सिन्धुली, भक्तपुर, मुस्ताङ, नवलपरासी पूर्व, बर्दिया, रोल्पा, जाजरकोट, मुगु, कन्चनपुर र दार्चुला) ५०० बालविकास केन्द्रको परीक्षण र ५०० केन्द्रका बालबालिकाहरूको परीक्षण गरेको थियो ।

यी परीक्षणहरूबाट दिइएका नतिजाका आधारमा जब मुलुकले प्रारम्भिक बालशिक्षा तथा विकासका कार्यक्रममा लगानी बढाउँछ तब त्यस लगानीको उपलब्धि र प्रभावमा फरकपन देख्न सकिन्छ। लगानी बढाउँदा के कति प्रभावकारी भयो भनी मूल्याङ्कन पनि गर्नुपर्दछ। बालबालिकाको वृद्धि र विकास निरन्तर हुने भएकाले उनीहरू लक्षित बालविकास कार्यक्रम उमेर र विकासात्मक आवश्यकता अनुरूप साथै समय र ठाउँ विशेष फरक छ छैन भनेर हेर्नुपर्ने हुन्छ। यसको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका मानक, व्यवस्थापनका मानक वा आधार र सञ्चालनका अवस्थाको यथार्थता सूचित गर्नु हो।

यस अध्ययनले प्रारम्भिक बालशिक्षा तथा विकासका नीति, थप लगानीका क्षेत्र, पाठ्यक्रम, सिकाइ सहजीकरण र शिक्षक प्रशिक्षणका अवस्थाको सूचित गर्ने गर्दछ। बालविकास केन्द्रहरूको गुणस्तर अभिवृद्धिका लागि केन्द्र व्यवस्थापन, तालिम, अभिमुखीकरण, जनचेतना, बहस, पैरवी, जनशक्ति विकास, शैक्षिक खेल सामग्री प्रदान, अनुगमन मूल्याङ्कन जस्ता पक्षहरूको यथार्थता सूचित गर्नु हो। बालबालिकाहरूको सिकाइको अवस्थाको पहिचान गर्नु, विशेष रूपमा सिकाइ जोखिममा परेका बालबालिकाहरूको पहिचान गर्नु, विद्यमान शैक्षिक प्रणाली र बालबालिकाको सिकाइ उपलब्धिको बीचको दूरी पहिचान गर्नु, बालबालिकाका आमा बाबाको शैक्षिक स्थितिले उनीहरूका बच्चाको सिकाइ र विकासमा पार्ने प्रभाव कस्तो छ त्यसको पहिचान गर्नु, बालबालिकाको शारीरिक विकास र स्वास्थ्य, भाषिक सक्षमता, गणितीय र भाषिक साक्षरता साथै सिकाइमा समता तथा समानताको अवस्थाको पहिचान गर्नु र बालबालिकाको शिक्षा र विकासका मापदण्डको पहिचान गर्नुपर्ने आवश्यकता रहेकोले प्रस्तुत अध्ययन भएको छ।

दिगो विकासका लक्ष्य सन् २०३० अन्तर्गतको लक्ष्य ४ अन्तर्गत शिक्षाको एजेन्डाले प्रारम्भिक बाल्यावस्थाको विकासलगायत सबै प्रस्तावित लक्ष्यहरूमा शिक्षाको मापनमा जोड दिइएको छ। प्रारम्भिक बालशिक्षा तथा विकासका क्षेत्रका लागि यस एजेन्डाले प्रत्येक देशलाई सूचकअनुसार कार्य भए नभएको अनुगमन गर्न निर्देशसमेत गरेको छ। जसबाट स्वास्थ्य, शिक्षा र मनोवैज्ञानिक क्षेत्रका प्रगतिको अनुगमन गर्ने अपेक्षा गरिएको छ।

प्रत्येक लक्ष्यको लागि सिकाइ उपलब्धि मापन गर्ने विषयमा महत्त्वपूर्ण प्रश्नहरू युनिसेफबाट तयार गरिएका छन्। प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको विकास र सिकाइ अवस्थाको परीक्षणले नीति निर्माताहरू, शिक्षक तथा पेशागत समूह, अभिभावक र व्यवसायीहरूलाई बालबालिकाको विकासात्मक अवस्था कुन अवस्था र स्तरमा छ भन्ने कुरा प्रष्ट पार्दछ। बालबालिकाको उपलब्धिको परीक्षण गर्ने कार्यले सिकाइमा सुधार ल्याई गुणस्तर वृद्धिमा ठूलो योगदान गर्ने अपेक्षासमेत गरिएको छ।

यस संस्थाले अपनाउँदै गरेको प्रक्रियामा बाह्य व्यक्तिद्वारा कानुनी प्रावधानका आधारमा परीक्षण गर्ने अभ्यास रहेको छ। उल्लिखित आधारमा पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षक व्यवस्थापन, वित्तीय व्यवस्थापन, शैक्षणिक प्रयोजन, पूर्वाधार र भौतिक पक्ष जस्ता विषयलाई सम्बोधन गरिएको छ। यस परीक्षणमार्फत् प्रारम्भिक बालबालिकाहरूको सिकाइ र विकासस्तर बारेमा अभिभावकहरूमार्फत् व्यक्तिगत रूपमा अन्तर्वार्ता गरी बालबालिकाको प्रगति र स्थिति, उनीहरू कसरी सिकिरहेका छन् भन्ने जानकारी हासिल गरिन्छ। शिक्षा तथा सिकाइ र विकासका गतिविधि कस्ता छन् जस्ता यावत् अवस्थाको जानकारी हुने गर्दछ। यसबाहेक योजनाकारलाई प्रारम्भिक बालशिक्षा तथा विकासका क्षेत्रमा कुन पक्षहरूमा प्राथमिकता दिनपुर्छ, कुन क्षेत्रमा लगानी बढाउनुपर्छ भन्ने स्पष्ट हुन्छ र सो क्षेत्रको विकासका लागि मार्गदर्शन प्राप्त हुने गर्दछ।

### १.४ उद्देश्य

यस आर्थिक वर्ष (२०७७-२०७८)मा कोभिड १९ को प्रभावले बालविकास केन्द्रहरूमा भौतिक रूपमा उपस्थित भई पूरा शैक्षिक सत्रभरि सिक्ने सिकाउने कार्य गर्न सकिएको थिएन । यस उमेर समूहका बालबालिकाहरूको वृद्धि र विकास पनि तीव्र रूपमा हुने भएकाले उनीहरूले आफ्ना बाबा आमा र घरका अन्य सदस्यहरूबाट पनि विकासात्मक उमेरअनुसार सिकेका हुन्छन् । त्यस हिसाबले उनीहरूको सिकाइ र विकासको अवस्था कस्तो भयो होला भन्ने अभिप्रायले यो अध्ययन गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकासको अवस्था पहिचान गर्नु हो । यसका विशिष्टीकृत उद्देश्यहरू निम्नानुसार छन् :

१. बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकासको अवस्था पहिचान तथा मापन गर्नु ।
२. बालविकास केन्द्रहरूका बालबालिकाहरूको सिकाइ तथा विकासमा आमा बाबाको शैक्षिक अवस्थाले पारेको प्रभावको अध्यन गर्नु ।
३. कोभिड १९ को प्रभावले बालविकास केन्द्रहरूमा भौतिक रूपमा उपस्थित हुन नसकेको अवस्थामा पनि बालबालिकाहरूको उमेरअनुसार सिकाइ र विकासको अवस्था पहिचान र विश्लेषण गर्नु ।
४. बालबालिकाहरूको उमेरगत रूपमा हुने सिकाइ र विकासमा प्रभाव पार्ने तत्त्वहरूको उजागर गर्नु ।
५. पूर्वप्राथमिक शिक्षामा नीतिगत तथा कार्यान्वयन तहमा नीति निर्माण, गुणस्तर सुधार र समता तथा पहुँचका लागि सूचना तथा जानकारी उपलब्ध गराउनु ।

### १.५ अध्ययनको सीमाङ्कन / परिसीमाङ्कन

प्रस्तुत अध्ययनको कार्यप्रणाली र निष्कर्ष आफैमा सङ्क्षिप्त रूपमा रहेको छ । प्रारम्भिक बालशिक्षा तथा विकासको परीक्षणमा बालविकास केन्द्रमा भर्ना भएका २४ देखि ५९ महिनाका बालबालिकालाई यस अध्ययनमा लिइएको छ । समान्यतया यस्तो अध्ययनमा शैक्षिक वर्षको अन्त्यमा सञ्चालन गर्नुपर्ने भए तापनि यस आर्थिक वर्षमा कोभिड १९ को प्रभावले बालविकास केन्द्रहरूमा बालबालिकाहरू भौतिक रूपमा उपस्थित भई पूरा शैक्षिक सत्रभरि सिक्ने अवसर पाएका थिएनन् । उनीहरूलाई सिकाउने कार्य गर्न उनीहरूकै घरका बाबा आमा र अन्य सदस्यहरू नै जिम्मेवार भएको यस महामारी (Pandemic) अवस्थामा उनीहरूले के सिके, कसरी सिके, उनीहरूको शारीरिक विकास, भाषिक विकास, गणितीय सक्षमता, अन्य साथीसँगको सम्बन्ध आदि पक्षहरूको पहिचान र विश्लेषण गर्न यो अध्ययन गरिएको हो । उपलब्ध समय र स्रोतको व्यवस्थापनका कारण प्रारम्भिक बालशिक्षा अध्ययन गरिरहेका बालबालिकालाई शैक्षिक सत्र पूरा भएको तर कक्षा एकमा भर्ना भई नसकेको समयमा यो परीक्षण गरिएको थियो ।

यस अध्ययनको नमुना छनौट विधि पूर्ण रूपमा र्‍यान्डम नमुना छनोट (Random Sampling) नभएको हुनाले भारित औसत (weighted mean) को तुलना नगरी नमुनाको औसत (sample mean) मात्र प्रस्तुत गरिएको छ ।

### १.६ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनलाई चार परिच्छेदमा प्रस्तुत गरिएको छ । पहिलो परिच्छेदमा प्रारम्भिक बालशिक्षा तथा विकासको पृष्ठभूमि, अध्ययनको उद्देश्य, नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकासको सन्दर्भ र परीक्षणको आवश्यकता समावेश गरिएको छ ।

दोस्रो परिच्छेदमा अध्ययनको विधिलाई समावेश गरिएको छ । अध्ययनको विधिअन्तर्गत मूल्याङ्कनका साधन, प्रतिनिधि नमुना सङ्कलन र परीक्षणका स्थानहरूलाई समावेश गरिएको छ । यस परिच्छेदमा तथ्याङ्क सङ्कलन तथा विश्लेषणको

तरिकासमेत समावेश गरिएको छ । अध्ययनको अवधिभरि नै यिनै प्रक्रिया तथा पद्धतिका आधारमा अध्ययन कार्य अघि बढाइएको थियो ।

त्यस्तै तेस्रो परिच्छेदमा प्रारम्भिक सिकाइ र विकासको विश्लेषणात्मक नतिजालाई समावेश गरिएको छ । यो कार्यक्रमको थालनीपछि बालबालिकाको उपलब्धिको अवस्थाका विषयमा यस परिच्छेदमा विश्लेषण गरिएको छ । उपलब्धिको विश्लेषण गर्दा लिइएका विभिन्न आधारको समेत चर्चा र विश्लेषण गरिएको छ ।

त्यस्तै गरी चौथो परिच्छेदमा अध्ययनबाट देखिएका अवस्था र नतिजा विश्लेषणको निष्कर्ष र सुझाव समावेश गरिएको छ ।

# परिच्छेद २ : अध्ययन विधि

## २. परिचय

नेपालमा विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९ /२०१५) को सिफारिसमा शैक्षिक प्रणालीको सक्षमताको मूल्याङ्कन गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो । शिक्षा ऐन २०२८ को आठौँ संशोधनले यस केन्द्रलाई कानुनी आधार प्रदान गरेको थियो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन हुने कार्यक्रममध्ये प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को उपलब्धिस्तर परीक्षण र बालिवकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षणबाट वास्तविक अवस्थाको पहिचान गरी सार्वजनिकीकरण गर्नु एउटा महत्त्वपूर्ण कार्य मानिन्छ । तर यस आर्थिक वर्षमा भने कोभिड-१९ को कारण बालिवकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षण गर्न सकिएन र यस प्रकारको आपतकालीन परिस्थितिमा बालबालिकाको सिकाइ कस्तो रह्यो भनेर परीक्षण गर्न ECDI 2030 को साधनलाई प्रयोग गरी बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण गरियो । त्यसैले अनुसन्धानको उद्देश्यअनुसार तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने प्रक्रियालाई अध्ययन विधिका रूपमा लिइन्छ । यस परिच्छेदमा अध्ययन ढाँचालाई (Research Design) समावेश गरिएको छ । यसमा परीक्षण योजना, अध्ययनका तरिका र साधनहरूको विकास, बालविकास केन्द्र छनोट र तिनको परीक्षण, तथ्याङ्क सङ्कलन र विश्लेषणका सबै प्रक्रियाका सम्बन्धमा चर्चा गरिएको छ ।

## २.१ परीक्षण योजना

प्राम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासको अवस्था परीक्षण गर्न विगतमा जसरी नगरी यस आर्थिक वर्षमा भने कोभिड १९ को कारण बालिवकास केन्द्रहरूको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षण गर्न सकिएन र यस प्रकारको आपतकालीन परिस्थितिमा बालबालिकाहरूको सिकाइ कस्तो रह्यो भनेर परीक्षण गर्न ECDI 2030 को साधनलाई पूर्वपरीक्षण गरी आएको नतिजाको विश्लेषण गरेर मात्र मुख्य परीक्षण गरिएको थियो । दिगो विकास लक्ष्य सूचक ४.२.१ ले सम्बोधन गर्ने तीन अन्तरसम्बन्धित क्षेत्र अर्थात् स्वास्थ्य,सिकाइ र मनोसामाजिक तन्दुरुस्तिमा उमेरअनुसार बालबालिकाले हासिल गरेका समग्र विकास अवस्थाबारे जानकारी प्राप्त गर्नु ECDI 2030 को उद्देश्य हो ।

यस परीक्षाण विभिन्न तीन चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणमा परीक्षण साधन परिवेशजन्य (Adaptation) गरिएको थियो । सो साधनलाई बालबालिकाको सिकाइ र विकासलाई आधार मानी विकास गरिएको थियो । जसमा बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड २०६७ र प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको सिकाइ तथा विकास स्तर, २०६९ लाई विशेष आधार मानिएको थियो । यिनै दस्तावेजका आधारमा परीक्षण साधन, परीक्षण प्रश्नावली र प्रक्रिया निर्धारण गरिएको थियो । प्राम्भिक बालविकासलाई समेट्न तलको तालिकाले ECDI 2030 मा समावेश गरिएका तीन क्षेत्र र १२ उपक्षेत्रलाई प्रस्तुत गरेको छ ।

**तालिका २.१ : ECDI 2030 मा समावेश गरिएका तीन क्षेत्र र १२ उपक्षेत्र प्राम्भिक बालविकास**

| सिकाइ | मनोसामाजिक तन्दुरुस्ती | स्वास्थ्य |
|---|---|---|
| अर्थपूर्ण भाषा<br>वस्तुहरूको नाम भन्न शब्दहरू प्रयोग गर्छ र सरल वाक्य बनाउन सक्छ । | भावनात्मक सीप<br>सहयोग खोज्नेलाई सहयोग गर्छ । | शारीरिक क्षमता<br>असमान सतहमा हिँदछ र दुवै गोडाले उफ्रन्छ । |
| साक्षरता<br>अक्षरहरू पहिचान गर्छ | सामाजिक सीप<br>अन्य बालबालिकासँग घुलमिल हुन्छ । | मिहीन शारीरिक क्षमता<br>टाँक लगाउन र खोल्न सक्छ । |
| गणना<br>अङ्कहरू पहिचान गर्छ र गन्छ । | आन्तरिक व्यवहार<br>दिनहुँ उदास वा निराश देखिन्छ । | स्वहेरचाह<br>अरूको सहयोगविना प्यान्ट र सर्ट लगाउन सक्छ । |
| पूर्वलेखन<br>आफ्नो नाम लेख्छ । | बाह्य व्यवहार<br>उही उमेरका बालबालिकाको तुलनामा अन्य बालबालिका वा वयस्कहरूलाई प्रायः लात हान्छ, टोक्छ वा हिर्काउँछ ? | |
| कार्यकारी कामकाज<br>झट्टै नछाड्ने गरी क्रियाकलापमा सहभागी हुन्छ । | | |

सबै प्रश्नहरू महत्त्वपूर्ण छन् र सबै उमेर तथा विकासको अवस्था जेजस्तो छ त्यस बारे प्रत्येक बालबालिकाहरूका आमा तथा प्राथमिक हेरचाह कर्तालाई सोधिएको थियो । दोस्रो चरणमा योग्य उत्तरदाताहरूको पहिचान गरिएको थियो ।

ECDI 2030 को साधनलाई प्रयोग गरी २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूको जानकारी बालबालिकाहरूको आमाबाट लिनलाई पहिलो प्राथमिकतामा राखिएको थियो । यदि आमा नभएको वा घरबाहिर बसेको खण्डमा मात्र प्राथमिक हेरचाह गर्ने वैकल्पिक व्यक्तिलाई उत्तरदाताको रूपमा लिइएको थियो । यो कार्य गर्नका लागि छनोट भएका जिल्लाबाट आमाको फोन नं. सहितको विवरण सङ्कलन गरिएको थियो । तेस्रो चरणमा तथ्याङ्क सङ्कलन गर्ने Enumerators लाई तिन दिने तालिम सञ्चालन गरिएको थियो । तालिममा प्रश्नावली र आइटम प्रयोगसम्बन्धी नियमहरू, प्रोबिङ गर्न पर्ने नपर्ने अवस्था, अन्तर्वार्तालाई लाग्ने समय जस्ता विविध पक्षमा उनीहरूलाई सक्षम बनाइएको थियो । तालिमकै दौरानमा डेमो अन्तर्वार्ता पनि सञ्चालन गरियो । जसले गर्दा तथ्याङ्क सङ्कलन गर्न उनीहरूलाई सहजता भयो ।

## २.२ परीक्षण साधन

माथि उल्लेखित परीक्षण योजनका आधारमा विज्ञहरूबाट परीक्षणका लागि साधनहरूलाई परिवेश सुहाउँदो हुने गरी विकास गरिएको थियो । यसरी परीक्षणका साधनहरूको विकास गर्दा विगत वर्षको परीक्षण साधनको प्रयोग, नतिजा र प्राप्त पृष्ठपोषणलाई समेत आधार बनाई अन्तिमीकरण गरिएको थियो । जसअनुसार यस वर्ष जम्मा २० वटा मुख्य प्रश्नावली निर्धारण गरी परीक्षण गरिएको थियो । यसबाहेक पूर्वअन्तर्वार्ता प्रश्नावली, पृष्ठभूमि प्रश्नावली, पछ्याउने प्रश्नावली (Pre Interview Questions, Back ground Questions, Follow up Questions) हरू पनि राखिएको छ । जसले गर्दा अन्तर्वार्ताबाट ल्याइएका तथ्याङ्कमा थप स्पष्टीकरण गर्नमा सहयोग भएको छ ।

**तालिका २.२ सिकाइका विषय क्षेत्र**

यस तालिकामा सिकाइका विषय क्षेत्रगत रूपमा सिक्नुपर्ने सिप (कार्य), प्रत्येकको सक्षमता र साधनहरू प्रस्तुत गरिएको छ।

| क्र सं | प्रश्नावली | प्राप्त हुने सक्षमता |
|---|---|---|
| १ | (नाम) ले खाल्डाखुल्डी भएको, नमिलेको, उकालो/ ओरालो बाटोमा नलडी हिँड्न सक्छन् ? | शारीरिक सक्षमता |
| २ | (नाम) ले दुवै खुट्टाले भुइँ छाडेर उफ्रन सक्छन् ? | शारीरिक सक्षमता |
| ३ | (नाम) ले कसैको सहयोगविना आफ्नो कपडाहरू (सर्ट) आफै लगाउन सक्छन् ? | शारीरिक सक्षमता |
| ४ | (नाम) ले कसैको सहयोगविना आफ्नो कपडाको टाँक लगाउन र खोल्न सक्छन् ? | शारीरिक सक्षमता |
| ५ | (नाम) ले 'आमा' वा 'मामा' 'बल' जस्ता सरल शब्दहरू दश वा सोभन्दा बढी भन्न सक्छन् ? | अर्थपूर्ण भाषिक सक्षमता |
| ६ | (नाम) ले तीन वा बढी शब्द भएका वाक्य बोल्न सक्छन् ? (जस्तै - 'म पानी खान्छु' वा 'घर ठूलो छ') | अर्थपूर्ण भाषिक सक्षमता |
| ७ | (नाम) ले पाँच वा बढी शब्द भएका वाक्य बोल्न सक्छन् ? (जस्तै -'त्यो घर धेरै ठूलो छ', आज मेरो खेलौना कता छ ?) | अर्थपूर्ण भाषिक सक्षमता |
| ८ | (नाम) ले 'म', 'तिमी,' 'उनी' वा 'ऊ' मध्ये कुनै शब्द सही ढङ्गले प्रयोग गर्न सक्छन् ? (जस्तैः 'म पानी खान्छु' वा 'ऊ भात खान्छ' तिमी कता जान्छौ ?) | अर्थपूर्ण भाषा तथा स्वयं र वा अन्यलाई चिन्ने सक्षमता |
| ९ | ९. तपाईँले (नाम) लाई कुनै वस्तु (जस्तै - कचौरा वा जनावर) देखाउनुभयो भने उनले अलमल नगरी त्यो वस्तु चिन्न र नाम भन्न सक्छन् ? | अर्थपूर्ण भाषा तथा वस्तु पहिचान सक्षमता |
| १० | (नाम) ले नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न (देखेर) सक्छन् ? (क, प, ल .....) | प्रारम्भिक साक्षरता सीप र अक्षर पहिचान क्षमता |
| ११ | (नाम) ले आफ्नो नाम लेख्न सक्छन् ? (नेपाली वा अङ्ग्रेजी वा मातृभाषा) | शारीरिक क्षमता र प्रारम्भिक साक्षरता सीप सम्बन्धी सक्षमता |
| १२ | (नाम) ले १ देखि ५ सम्मका सबै अङ्क चिन्न (देखेर) सक्छन् ? | प्रारम्भिक गणना, गणित र प्रारम्भिक साक्षरतासम्बन्धी सक्षमता |
| १३ | तपाईँले (नाम) सँग तीनवटा चीज (जस्तै - तीनवटा ढुङ्गा वा तीनवटा गेडागुडी) देऊ भनेर माग्नुभयो भने उसले तपाईँलाई तीनवटा नै दिन सक्छन् ? | प्रारम्भिक गणना तथा गणितीय सीपसम्बन्धी क्षमता साथै भाषिक सक्षमता |
| १४ | (नाम) ले १० वटा वस्तु (जस्तै - १० औँला) गल्ती नगरी गन्न सक्छन् ? | early numeracy and mathematical competency, (that skills the brain performs that are necessary to think, act and solve problems) |

| क्र सं | प्रश्नावली | प्राप्त हुने सक्षमता |
|---|---|---|
| १५ | (नाम) ले रङ लगाउने वा ब्लक मिलाउने जस्ता काम पटकपटक अरूको सहयोग नमागी तथा बीचमै नछोडी गर्न सक्छन् ? | social cognition skills and expressive language skill.(the ability to perceive, remember, make sense of and think about other people in our social world.) |
| १६ | (नाम) ले आमाबाबुबाहेक घरमा भएका अरू परिचित व्यक्तिहरूलाई नदेख्दा उनीहरूको बारेमा सोध्छन् ? (जस्तै - हजुरबुबा कहाँ हुनुहुन्छ ?) | empathy and early prosocial behavior skill . |
| १७ | (नाम) सँग कसैले सहयोग माग्यो भने सहयोग गर्छन् ? | social competency skill. (which is defined as the ability to handle social interactions effectively) |
| १८ | (नाम) अन्य बालबालिकासँग मिल्छन् ? | emotional well-being skill, particularly early manifestations of internalizing behaviour problems |
| १९ | (नाम) कति बेखुसी वा निराश देखिन्छन् ? | early aggression or manifestations of externalizing behaviour problems. |
| २० | (नाम) ले उनको समान उमेरका बालबालिकाको तुलनामा अन्य बालबालिकासँग कत्तिको झगडा गर्ने, टोक्ने वा हान्ने गर्छन् ? | Early numeracy and mathematical competency,(that skills the brain performs that are necessary to think, act and solve problems) |

यसरी प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण गर्न २० प्रश्नावली भएको परीक्षण साधन विकास गरी प्रयोग गरिएको थियो ।

## २.३ परीक्षणको तयारी

माथि उल्लेख भएअनुसार विकास भएका परीक्षण साधनलाई परीक्षणको कार्यमा प्रयोग गर्नु पहिले पूर्वपरीक्षण (Piloting) गरिएको थियो। परीक्षण गर्ने क्रममा भौगोलिक र सांस्कृतिक विविधतालाई सम्बोधन हुने गरी बालविकास केन्द्रहरूको छनोट गरिएको थियो। परीक्षणबाट प्राप्त जानकारी र पृष्ठपोषणका आधारमा परीक्षण साधनलाई स्तरीकृत गरी अन्तिम रूप दिइएको थियो । साधनलाई अन्तिम रूप दिएपछि साधनको प्रयोग गर्ने सम्बन्धमा स्तरीकृत प्रक्रियासहितको मार्गनिर्देशन विकास गरिएको थियो। सोही मार्गनिर्देशनमा भएको स्तरीकृत प्रक्रिया (कार्यविधि) अवलम्बन गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञ तथा कर्मचारी र Enumerators लाई केन्द्रस्तरमा परीक्षण सञ्चालनसम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको थियो । ती प्रशिक्षित विज्ञ तथा कर्मचारी र Enumerators बाट ७ जिल्लामा परीक्षण गर्नका लागि तोकिएका सफ्टवेयरमा डेटा सङ्कलन गर्न सक्षम हुने गरी तालिम सञ्चालन गरिएको थियो ।

## २.४ जिल्ला र बालविकास केन्द्रको छनोट

हिमाल, पहाड र तराई तथा सबै प्रदेश (सात वटा) को प्रतिनिधित्व हुने गरी बालबालिकाको सिकाइ तथा विकास स्तर परीक्षणका लागि ७ प्रदेशका ७ जिल्ला छनोट गरिएको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको जिल्ला स्थित कार्यालय (तत्कालीन जिल्ला शिक्षा कार्यालय हाल शिक्षा विकास तथा समन्वय एकाइ) सँग परामर्श गरी जिल्ला भित्रका पालिका छनोट गरिएका थिए। छनोट भएका पालिकाबाट सबै विद्यालयमा आधारित बालविकास केन्द्र र सामुदायिक बालविकास केन्द्रहरू छनोट गरिएका थिए। यस प्रकार सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक पद्धतिका आधारमा जम्मा २५१ वटा बालविकास केन्द्र परीक्षणका लागि छनोट भएका थिए। तालिका २.३ मा प्रदेशगत र जिल्लागत बालविकास साथै बालबालिकाहरूको विवरण प्रस्तुत गरिएको छ।

**तालिका २.३ : अध्ययनका लागि छनोट भएका बालविकास केन्द्र र बालबालिकाहरूको सङ्ख्यात्मक विवरण**

| सि.नं. | प्रदेश | जिल्ला | गा.पा./ न.पा. | जम्मा विद्यालय/ ECD Centers सङ्ख्या | बालबालिकाको सङ्ख्या | सम्पर्क नं. भएको विद्यार्थी सङ्ख्या | सम्पर्क नं. नभएको विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १ | सुनसरी | गढी गा.पा. | २८ | ५९४ | ४६८ | १२६ |
| २ | २ | महोत्तरी | पिपरा गा.पा. | १९ | ६१८ | ३६६ | २५२ |
| ३ | बागमती | सिन्धुली | सुनकोशी गा.पा. | ३७ | २८४ | २८४ | ० |
| ४ | गण्डकी | कास्की | मादी गा.पा. | ४० | ४७७ | ३९८ | ७९ |
| ५ | लुम्बिनी | अर्घाखाँची | सन्धिखर्क न.पा. | ५१ | ९११ | ८६८ | ४३ |
| ६ | कर्णाली | जाजरकोट | भेरी न.पा. | ३४ | ६५१ | ५२४ | १२७ |
| ७ | सुदूर-पश्चिम | बैतडी | दोगडाकेदार गा.पा. | ४२ | ६४१ | ६३९ | २ |
| | | | जम्मा | २५१ | ४१७६ | ३५४७ | ६२९ |

## २.५ परीक्षण सञ्चालन

परीक्षणमा इन्युमरेटरहरूलाई अभिमुखीकरण गरी यस कार्यमा सङ्लग्न गराइएको थियो। यो परीक्षण सञ्चालन नमुना परीक्षणको नतिजाले दिएको तथ्यका आधारमा गरिएको थियो। स्तरीकृत परीक्षण साधन र केन्द्रबाट स्वीकृत मार्गनिर्देशनबमोजिमको प्रक्रिया अवलम्बन गरिएको थियो। प्रारम्भिक बालविकास केन्द्रका २४ देखि ५९ महिनाका बालबालिकाहरूलाई नमुना छनौट गरी २०७८ सालको जेठ अन्तिम हप्तामा परीक्षण सञ्चालन भएको थियो।

यस परीक्षणमा बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण गर्न पूर्वपरीक्षण गरी तयार गरिएका स्तरीय प्रश्नहरू (ECDI 2030) का मुख्य प्रश्नावलीहरू बालबालिकाका आमा तथा Primary Caregiver लाई सोधिएको थियो। प्रत्येक प्रश्नहरूलाई अन्तर्वार्ताकारले आमा तथा Primary Caregiver ले बुझ्ने गरी विस्तारै एकपछि अर्को गर्दै सोधिएको थियो। मुख्य प्रश्नावलीमा जानुभन्दा पहिले अन्तर्वार्ताकारले केही पूर्वअन्तर्वार्ता प्रश्नहरू (Pre-Interview Questions) उनीहरूलाई सोधेर वा अत्यावश्यक सङ्कलित लिस्टका आधारमा भर्नुपर्ने थियो। जस्तै अन्तर्वार्ताकारको नाम, मिति अन्तर्वार्ताको

विधि, गा.पा/न.पा छनोट, विद्यालय कोड इन्ट्रि, बालबालिका कोड इन्ट्रि आदि ।

दोस्रो चरणमा अन्तर्वार्ताकारले अन्तर्वार्तामा सहभागी हुने आमा तथा Primary Caregiver लाई अन्तर्वार्ताका लागि सहमत गराउनुपर्ने थियो । यदि आमा सहमत हुनुभएन भने अन्तर्वार्ता अगाडि बढ्दैनथ्यो र सहमत हुनुभयो भने मात्र अन्तर्वार्ता अगाडि बढ्थ्यो ।

यो परीक्षण फोनबाट अन्तरवार्ता लिई बालबालिकाका सिकाइ र विकास स्तरको जानकारी लिइने हुनाले शान्त ठाउँको व्यवस्थापन गर्न अनुरोध गरिसकेपछि मात्र केही पृष्ठभूमि (Background) प्रश्नावलीहरू जस्तै अन्तर्वार्ता दिने व्यक्तिको नाम, बालबालिकासँगको सम्बन्ध (बाबा/आमा/अन्य प्राथमिक स्याहारकर्ता) को हो, बच्चाको उमेर, लिङ्ग, आमा बाबाको शैक्षिक योग्यता, पेशा, जातजाति, बोलिने भाषा इत्यादिको बारेमा सबै विवरण भरिने गरी व्यवस्था गरिएको थियो ।

यसरी अन्तरवार्ता लिनेले सम्पूर्ण विवरण भरेपछि मात्र (ECDI 2030) का मुख्य २० वटा प्रश्नावलीहरूलाई एकएक गरी कम्तीमा १५ मिनेटको अन्तर्वार्ताबाट विवरण सङ्कलन गरी ट्यावमार्फत् विवरण पठाएका थिए । यस प्रकारले मुख्य प्रश्नावलीमार्फत् बालबालिकाहरूको सिकाइ र विकासस्तरको तथ्याङ्क सङ्कलनपछि अन्तर्वार्ता लिनेले केही फलोअप प्रश्नावलीहरू जस्तै शान्त वातावरण भयो भएन, कसैले अन्तरवार्तामा हस्तक्षेप गर्‍यो कि गरेन, प्रश्नहरू अन्तर्वार्ता दिनेले बुझ्यो कि बुझेन, भन्ने जस्ता फलोअप प्रश्नावलीबाट अन्तर्वार्ताबाट सङ्कलित तथ्याङ्क बढी विश्वसनीय बनाइएको थियो । यसरी सबै प्रश्नहरू बच्चाको सिकाइ र विकासस्तर परीक्षण गर्न बच्चाको आमा अर्थात् Primary Caregiver लाई सोधिएको थियो ।

परीक्षण कार्यको डेटा सङ्कलन कार्यको अवस्था भने केन्द्रबाट प्रत्येक दिन अनुगमन गरी पृष्ठपोषण दिइएको थियो । अभिभावकको फोन नं. सहितको विवरण यस केन्द्रमा पहिले नै सङ्कलित भएको हुनाले त्यसैलाई र्‍यान्डम नमुना छनौट (Random sampling) प्रक्रिया अवलम्बन गरी बालबालिका छनोट गरिएको र प्रत्येक बालबिकास केन्द्रबाट कम्तीमा ५ जना पर्ने गरी छनौट गरिए तापनि आमाहरूको कामको याम त्यसमा हुनुपर्ने व्यस्तता आदि कारणले सबै छनौटमा परेकासँग फोन सम्पर्क गर्न नसकिएकोले फोन लाग्ने जति आमा अर्थात् Primary Caregiver लाई प्रश्न सोधी तथ्याङ्क सङ्कलन गरिएको थियो ।

परीक्षणको क्रममा प्रत्येक बालबालिकालाई परीक्षण गरिने विषयवस्तु सम्बन्धित इन्युमरेटरहरूले सहजीकरण गरेका थिए र सोको आधारमा उनीहरूले सिकाइ तथा विकासस्तर मापन गरेका थिए । बालविकास केन्द्रको व्यवस्थापकीय पक्षको कार्यसम्पादनस्तरको अवस्थाको परीक्षण भने यस आर्थिक वर्षमा कोभिडका कारण गर्न सकिएको थिएन । किनकी बालविकास केन्द्रको व्यवस्थापकीय पक्षको परीक्षण केन्द्रका विज्ञ तथा कर्मचारीबाट सम्बन्धित केन्द्रमा स्थलगत अवलोकन र छलफल तथा अन्तर्क्रिया गरी सम्बन्धित सहजकर्ता र व्यवस्थापन समितिसमेतको सहयोगमा गर्नुपर्ने भएकाले सो कार्य यस जोखिमपूर्ण समयमा गर्न सकिएको थिएन ।

## २.६ तथ्याङ्कको विश्लेषण र व्याख्या

बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासस्तर परीक्षणबाट प्राप्त तथ्याङ्कलाई प्रविधिको माध्यमबाट सङ्कलन गर्ने क्रममा नै कोबो सफ्टवयरमा सुरक्षित गरिएको थियो । यसरी प्राप्त सबै सूचना र प्रत्येक प्रश्नावलीगत (Items) तथ्याङ्क तथा जानकारीलाई परिमाणात्मक (quantitative) रूपमा कोबो सफ्टवयरबाट एक्सेल सफ्टवेयरमा प्रविष्टि गरिएको थियो । त्यसरी सफ्टवेयरमा व्यवस्थित गरिएका तथ्याङ्क तथा सूचनालाई एस.पि.एस.एस. (SPSS) सफ्टवेयरमा

रूपान्तरण गरी आवश्यकताअनुसार विषय क्षेत्र (Theme) बनाई विश्लेषण गरिएको थियो ।

तथ्याङ्क विश्लेषण गर्दा बालबालिकाहरूको उपलब्धिस्तरलाई ४ समूह (Band) मा विभाजन गरी विश्लेषण गरिएको थियो । जसअनुसार ३६ महिनाभन्दा तलका बालबालिकाहरूको सिकाइ र विकासस्तरको अवस्था विश्लेषण गरियो भने दोस्रोमा ३७ महिनाभन्दा माथि ४८ महिना सम्मका बालबालिकाहरूको सिकाइ र विकासस्तरको अवस्था विश्लेषण गरिएको थियो । त्यसैगरी ४९ महिनाभन्दा माथि र ५९ महिनासम्मका बालबालिकाहरूको सिकाइ र विकासस्तरको विश्लेषण तेस्रो समूहमा राखी गरिएको थियो । यस परीक्षणमा ६० महिना भन्दा माथिका बालबालिकाहरूको अध्ययन गर्ने व्यवस्था नगरिए तापनि तथ्याङ्क सङ्कलनमा केही त्यस उमेर समूहका बालबालिकाहरूको पनि तथ्याङ्क आएको हुँदा त्यसलाई यस समूहमा राखी विश्लेषण गरिएको छैन ।

त्यसै गरी बालबालिकाको समग्र औसत उपलब्धिको लैङ्गिक पक्ष, भाषागत पक्ष, प्रदेश र जिल्ला, विषय क्षेत्रगत (Domain-wise) पक्ष, आमा बाबाको शैक्षिक योग्यता, आदिका आधारमा तथ्याङ्क विश्लेषण गरी प्रस्तुत गरिएको छ । विद्यालयमा आधारित र समुदायमा आधारित दुबै खाले बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरूको सिकाइ र विकासस्तरको परीक्षण गरिएको थियो । सुरुमा बालबालिकाहरूको शारीरिक सक्षमता सम्बन्धित तथ्याङ्क, भाषिक सक्षमता सम्बन्धित तथ्याङ्क, अङ्क वा हिसाब (Numeracy) सम्बन्धित तथ्याङ्क, मनोसामाजिक सक्षमता जस्ता बालबालिकाहरूको सिकाइ र विकासस्तरसम्बन्धी विविध पक्षहरूको उपलब्धिसम्बन्धी तथ्याङ्क छुट्टाछुट्टै रूपमा कम्प्युटरमा तथ्याङ्क व्यवस्थापन गरिएको थियो । त्यसपछि ती तथ्याङ्कबीचको सम्बन्ध हेर्न तथ्याङ्कलाई मिलान गरी तुलनायोग्य तालिकाहरू विकास गरिएको थियो । यी सबै पक्षमा तथ्याङ्कशास्त्रीय परीक्षण (Test) हरू प्रयोग गरी बालबालिकाको उपलब्धिसँग आमाको शिक्षाको अवस्था, पोषण जस्ता पक्षको सहसम्बन्ध हेरिएको थियो ।

# परिच्छेद ३ पालिकागत औसत, उपलब्धि व्याख्या र विश्लेषण

यस परिच्छेदमा सङ्कलन गरिएका तथ्याङ्कहरूको तालिकीकरण तथा सोका आधारमा व्याख्या विश्लेषण गरिएको छ । अध्ययनको ढाँचा र तथा अन्य धेरै सीमितताहरूले गर्दा तथ्याङ्कशास्त्रीय विश्लेषणहरूको प्रयोग कम भएको छ र खासगरी वर्णनात्मक विश्लेषणमा बढी जोड दिइएको छ ।

## ३.१ पालिकाअनुसार विद्यार्थी विवरण

यो अध्ययनमा सात प्रदेशका सात जिल्लाबाट सात ओटा पालिकाहरू (५ गाउँपालिका र २ नगरपालिका) समावेश गरिएको थियो । अध्ययनमा समावेश गरिएका पालिका र ती पालिकाहरूबाट सहभागि भएका बालबालिकाको सङ्ख्या तल तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : स्थानीय गा.पा./न.पा. अनुसार विद्यार्थी विवरण**

| पालिका विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत | बालविकास केन्द्र सङ्ख्या |
|---|---|---|---|
| गढी गाउँपालिका : प्रदेश १, सुनसरी | १४१ | ९.४ | २८ |
| पिपरा गाउँपालिका : मदेश प्रदेश, सप्तरी | १११ | ७.४ | १३ |
| सुनकोशी गाउँपालिका : वागमती प्रदेश, सिन्धुली | १९५ | १३.० | ३७ |
| मादी गाउँपालिका : गण्डकी प्रदेश, कास्की | १७१ | ११.४ | ३४ |
| सन्धिखर्क नगरपालिका : लुम्बिनी प्रदेश, अर्घाखाँची | ४९२ | ३२.८ | ५० |
| भेरी नगरपालिका : कर्णाली प्रदेश, जाजरकोट | १२२ | ८.१ | ३० |
| दोगडाकेदार गाउँपालिका : सुदूरपश्चिम प्रदेश, बैतडी | २७० | १८.० | ४१ |
| जम्मा | १५०२ | १००.० | २३३ |

तालिका ३.१ मा प्रस्तुत भएअनुसार सबैभन्दा धेरै विद्यार्थी अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाबाट ३२.८ प्रतिशत सहभागी भएका छन् । परीक्षकहरूले फोन गर्ने क्रममा प्राप्त प्रतिक्रियाका आधारमा सबैभन्दा कम पिपरा गाउँपालिकाका ७.४ प्रतिशत रहेका छन् । यस्तै सुनसरीको गढी गाउँपालिकाबाट ९.४ प्रतिशत, सिन्धुलीको सुनकोशी गाउँपालिकाबाट १३ प्रतिशत, कास्कीको मादी गाउँपालिकाबाट ११.४ प्रतिशत, जाजरकोटको भेरी नगरपालिकाबाट ८.१ प्रतिशत र बैतडीको दोगाडाकेदार गाउँपालिकाबाट १८ प्रतिशत बालबालिका अध्ययनमा सहभागी भएका छन् ।

## ३.२ उमेरअनुसारको बालबालिकाको विवरण

अध्ययनमा सहभागी भएका बालबालिकाहरूको उमेरलाई चार समूहमा वर्गीकरण गरिएको छ । कतिपय बालबालिकाका अभिभावकले फोन गरिरहेको समयमा उमेर बताउन नचाहेको र कतिपयले निश्चित नभएको प्रतिक्रिया दिएको आधारमा यसलाई वर्गीकरण गरिएको छ । फोनबाट बालबालिकाको विकासस्तर परीक्षण गर्नका लागि तयार गरिएको साधनका लक्षित बालबालिका २४ देखि ६० महिना भएको हुँदा यस अध्ययनमा पनि सोहीअनुसार तथ्याङ्कलाई समूहीकृत गरिएको छ ।

उमेरअनुसारको विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२: बालबालिकाको उमेर (महिनामा)**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३६ महिना र सो भन्दा कम | १९५ | १३.१ |
| ३६ महिना देखि ४८ महिनासम्म | ४६८ | ३१.३ |
| ४८ महिना देखि ६० महिनासम्म | ७५९ | ५०.८ |
| ६० महिनाभन्दा माथि | ७२ | ४.८ |
| **जम्मा** | १४९४ | १००.० |
| **प्राप्त नभएको** | ८ | |
| **कुल जम्मा** | १५०२ | |

तथ्याङ्क सङ्कलनको क्रममा अन्तर्वातामा सहभागी बालबालिकाका आमा वा अन्य अभिभावकका अनुसार उनीहरूको उमेर सोधिएको थियो। प्राप्त प्रतिक्रियाअनुसार १३ प्रतिशत बालबालिकाहरूको उमेर ३६ र सो भन्दा कम, ३१ प्रतिशत ३७ देखि ४८ महिना, ५० प्रतिशत ४८ देखि ६० महिना र ५ प्रतिशत ६० महिनाभन्दा माथिका रहेको पाइएको छ। अभिभावकलाई उमेर सोध्दा तोकिएको उमेर समूह २४ देखि ६० महिनाभन्दा अन्य उमेर बताएको अवस्थामा थप अन्तर्वाता लिइएको छैन। यस्ता बालबालिकाको सङ्ख्या ९८ रहेको छ। यो समूहको प्रतिक्रिया छुटेको (मिसिङ्ग)मा गणना गरिएको छ।

## ३.३ लैङ्गिक विवरण

अध्ययन सहभागी भएका बालबालिकाहरूको लैङ्गिकतासम्बन्धी विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ। लैङ्गिकताको आधारमा विद्यार्थी

**तालिका ३.३: लैङ्गिक विवरण**

| लैङ्गिकता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| केटी | ७०९ | ४७.५ |
| केटा | ७८५ | ५२.५ |
| जम्मा | १४९४ | १००.० |
| प्राप्त नभएको | ८ | |
| **कुल जम्मा** | १५०२ | |

अध्ययनमा सहभागी १,४९४ बालबालिकामध्ये ५२.७ प्रतिशत बालक छन् भने ४७.२ प्रतिशत बालिका छन्। यसले केटा-केटीहरूको प्रतिनिधित्वमा ५ प्रतिशतको मात्र भिन्नता रहेको छ। यसले केटा र केटीको सहभागितामा उल्लेखनीय अन्तर छैन भनेर देखाउँछ।

### ३.४ प्रतिक्रिया दिने व्यक्तिको विवरण

यस अध्ययनमा खासगरी बालबालिकाका आमा वा बुबा वा अन्य नजिकको र बालबालिकाको दैनिकीको बारेमा जानकारी भएको व्यक्तिले मात्र उनीहरूको बारेमा प्रतिक्रिया दिने व्यवस्था रहेको थियो । सोअनुसार अध्ययनमा सहभागी भएका बालबालिकाहरूको बारेमा प्रतिक्रिया दिने व्यक्तिहरूको विवरण तलको तालिका ३.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४ : प्रतिक्रिया दिने व्यक्ति**

| सम्बन्ध | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्राप्त नभएको | ८ | ०.५ |
| आमा | १,४२७ | ९५.० |
| बाबु | ४३ | २.९ |
| हजुरआमा | ११ | ०.७ |
| हजुरबा | ५ | ०.३ |
| अन्य | ८ | ०.५ |
| जम्मा | १५०२ | १०० |

तथ्याङ्क सङ्कलनको क्रममा बालबालिकाको बारेमा बताउने व्यक्तिहरूमध्ये ९५ प्रतिशत आमाहरू नै रहेका थिए भने ३ प्रतिशत बाबु र बाँकी २ प्रतिशत अन्य रहेका थिए। बालबालिकाका आमाहरूबाट नै उनीहरूसँग सम्बन्धित प्रतिक्रियाहरू प्राप्त भएका छन्।

### ३.५ अध्ययनको अवस्था

अध्ययनमा सहभागी बालबालिकाहरूको आमा र बाबुलाई "औपचारिक अध्ययन गर्नुभएको छ"? भनेर सोधिएको प्रश्नको प्रतिक्रिया तलको तालिकामा प्रस्तुत गरिएको छ । अध्ययनमा प्रतिक्रिया दिनेहरूमध्ये आमाहरू ९५ प्रतिशत थिए । आमाहरूबाटै प्राप्त प्रतिक्रियाअनुसार आमा र बाबुको अध्ययनको अवस्था तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.५ : अध्ययनको अवस्था**

| अध्ययन अवस्था | आमाको अध्ययन | | बाबुको अध्ययन | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्राप्त नभएको | ९८ | ६.५ | ९८ | ६.५ |
| छ | ११७९ | ७८.५ | १२६७ | ८४.४ |
| छैन | २१५ | १४.३ | १२८ | ८.५ |
| भन्न नचाहेको | १० | ०.७ | ९ | ०.६ |
| कुलजम्मा | १५०२ | | | |

अध्ययनमा सहभागी गराइएका बालबालिकाका आमाहरूमध्ये ७९ प्रतिशतले आफूले अध्ययन गरेको प्रतिक्रिया दिएका छन्। यसै गरी ८४.४ प्रतिशत बाबुहरू कुनै न कुनै तहको औपचारिक अध्ययन गरेका छन्। आमाको तुलनामा अध्ययन गर्ने

बाबुहरूको प्रतिशत केही बढी रहेको छ ।

### ३.६ अध्ययनको तह

अध्ययनमा सहभागी भएकामध्ये ७९ प्रतिशत आमाहरूले कुनै न कुनै तहको अध्ययन गरेको बताएको छन् । सोअनुसार उनीहरूको अध्ययनको तह पनि सोधिएको थियो । साथै अध्ययनमा सहभागी भएका बालबालिकाको बाबुको शैक्षिक अवस्था पनि सङ्कलन गरिएको थियो । आमा र बाबुको शैक्षिक अवस्था तलको तालिका ३.६ मा एकीकृत रूपमा प्रस्तुत गरिएको छ ।

**तालिका ३.६ : अध्ययनको तह**

| अध्ययन अवस्था | आमाको अध्ययन | | बाबुको अध्ययन | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्राथमिक | १८८ | १६.० | १७९ | १४.२ |
| आधारभूत | २२३ | १८.९ | २६४ | २१.० |
| माध्यमिक | ४५१ | ३८.३ | ४६१ | ३६.६ |
| उच्च माध्यमिक | २३७ | २०.१ | २५९ | २०.६ |
| स्नातक र सोभन्दा माथि | ७८ | ६.६ | ९६ | ७.६ |
| जम्मा | ११७७ | १००.० | १२५९ | १०० |
| प्राप्त नभएको | ३२५ | | २४३ | |
| कुल जम्मा | १५०२ | | | |

अध्ययन गरेका आमाहरूमध्ये ६.६ % ले कम्तीमा स्नातक र सोभन्दा माथिल्लो तहको अध्ययन गरेका छन् भने ६५% ले कम्तीमा माध्यमिक तहसम्मको शिक्षा (कक्षा १०) पूरा गरेका छन् । अध्ययन गरेका ७९ प्रतिशतमध्ये १६ प्रतिशतले प्राथमिक, १९ ले आधारभूत र २० ले कक्षा १२ सम्मको अध्ययन गरेका छन् । यसै गरी अध्ययनमा सहभागी गराइएका बालबालिकाका ३६ प्रतिशत बाबुहरूले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेका छन् । १४ प्रतिशतले प्राथमिक २१ प्रतिशतले आधारभूत, २१ प्रतिशतले उच्च माध्यमिक र ८ प्रतिशले स्नातक र सोभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेका छन् ।

### ३.७ पेसागत विवरण

अध्ययनमा सहभागी भएका बालबालिकाहरूका आमाको र बाबुको पेसागत विवरणहरू सङ्कलन गरिएको छ । सङ्कलित विवरणअनुसार उनीहरूको पेसागत पृष्ठभूमि तलको तालिका ३.७ मा प्रस्तुत गरिएको छ ।

### तालिका ३. ७ : पेसागत विवरण

| अध्ययन अवस्था | आमाको अध्ययन | | बाबुको अध्ययन | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्राप्त नभएको | १०८ | ७.२ | १०७ | ७.१ |
| कृषि | ५१९ | ३४.६ | २२९ | १५.२ |
| श्रमिक | ११ | ०.७ | २५४ | १६.९ |
| व्यापार | ६८ | ४.५ | १२५ | ८.३ |
| जागिर | १०५ | ७ | १८९ | १२.६ |
| वैदेशिक रोजगारी | १० | ०.७ | ३९० | २६.० |
| बेरोजगार | ५६६ | ३७.७ | १६९ | ११.३ |
| भन्न नचाहेको | ११५ | ७.७ | ३९ | २.६ |
| **जम्मा** | १,५०२ | १००.० | १,५०२ | १०० |

अध्ययनमा सहभागी भएकाहरूमा ३४.६% आमाहरू र १५.२ प्रतिशत बाबुहरू कृषि पेसामा रहेका छन् । आमाको तुलनामा कृषि पेसामा रहेका बाबुहरूको प्रतिशत आधाभन्दा पनि कम छ । यसै गरी ७% आमाहरू कुनै प्रकारको जागिरमा रहेका छन् भने १२.६ प्रतिशत बाबुहरू जागिरमा छन् । करिब ३८ प्रतिशत आमाहरूले बेरोजगार भएको बताएका छन् भने ११ प्रतिशत बाबुहरू बेरोजगार भएको देखिन्छ । बाबुहरूको सबैभन्दा ठूलो सङ्ख्या २६ प्रतिशत वैदेशिक रोजगारीमा रहेका छ ।

## ३.८ जातजातिगत अवस्था

अध्ययनमा सहभागी भएका बालबालिकाहरूको जातजातिगत अवस्था निम्नानुसार रहेको छ ।

### तालिका ३.८ : जातजातिगत अवस्था

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्राप्त नभएको | ९८ | ६.५ |
| बाह्मण | २३७ | १५.८ |
| क्षेत्री | ३३० | २२.० |
| मधेसी | १७९ | ११.९ |
| जनजाति | २२६ | १५.० |
| दलित | ३१८ | २१.२ |
| अन्य | ३८ | २.५ |
| भन्न नचाहेको | ७६ | ५.१ |
| जम्मा | १५०२ | १००.० |

अध्ययनमा सहभागी भएकामध्ये २२ % बालबालिका क्षेत्री, २१.२ % दलित, १५.८ % ब्राह्मण र १५ % जनजाति रहेका

छन् । यसै गरी ११.९% बालबालिका मधेसी रहेका छन् ।

### ३.९ भाषिक अवस्था

बालबालिकाहरूको घरमा बोलिने भाषा र विद्यालयमा हुने शिक्षण सिकाइको माध्यम भाषाले बालबालिकाहरूलाई विद्यालय तयारीमा, विद्यालयप्रतिको दृष्टिकोणमा र सिकाइमा समेत प्रभाव पार्ने कुरा विभिन्न अध्ययन अनुसन्धानहरूले देखाएका छन् । यो अध्ययनमा बालबालिकाहरूको घरमा कुन भाषा बोलिन्छ भनेर प्रश्न सोधिएको थियो । सोअनुसार प्राप्त प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.९ : भाषिक अवस्था**

| भाषा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जानकारी प्राप्त नभएको | ९८ | ६.५ |
| नेपाली | ८७९ | ५८.५ |
| अन्य | ५२५ | ३५.० |
| जम्मा | १५०२ | १००.० |

अध्ययनमा सहभागी भएका आधाभन्दा बढी बालबालिकाको (५८.८%) घरमा नेपाली भाषा बोलिन्छ भने बाँकी बालबालिकाहरूले घरमा सञ्चार गर्ने माध्यम भाषा नेपाली भाषाबाहेकका अन्य भाषाहरू रहेका छन् । साना कक्षाहरूमा घरमै बोल्ने भाषाको प्रयोगबाट सिकाइ तथा सञ्चार गर्नु बढी प्रभावकारी हुन्छ ।

### ३.१० सामग्रीको उपलब्धता

बालबालिकाहरूका लागि घरमा उपलब्ध भएका विभिन्न पढ्न मिल्ने किताब वा चित्र किताबको उपलब्धताले उनीहरूको पढ्ने बानी तथा पढाइको रूचिमा प्रभाव पर्छ । सोअनुसार बालबालिकाका घरमा उपलब्ध कति सङ्ख्यामा यस्ता सामग्री उपलब्ध छन् भनेर अन्तर्वार्तामा सोधिएको थियो र सोअनुसार प्राप्त प्रतिक्रिया तालिका ३.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१०: घरमा उपलब्ध किताब**

| अध्ययन सामग्री | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नभएको | ५६५ | ४०.२ |
| पाँच र त्योभन्दा कम | ८१५ | ५८.० |
| पाँचभन्दा बढी | २४ | १.७ |
| प्राप्त नभएको | ९८ | |
| **जम्मा** | १,४०४ | १००.० |

अन्तर्वार्तामा प्राप्त प्रतिक्रियाअनुसार ४० प्रतिशत बालबालिकाहरूको घरमा कुनै पनि बाल किताब तथा चित्र किताबहरू उपलब्ध छैन भने ५८ प्रतिशत बालबालिकाहरूसँग पाँच र सोभन्दा कम सङ्ख्यामा यस्ता सामग्री उपलब्ध छन् । सानो सङ्ख्या (१.७%) केटाकेटीहरूमा ५ भन्दा बढी पुस्तकहरू छन् । धेरै बालबालिकाहरू चित्र किताब तथा अन्य पढ्ने

किताबहरूको पहुँचमा नभएको देखाउँछ।

### ३.११ सिकाइ तथा विकासात्मक अवस्था

बालबालिकाहरूको सिकाइ अवस्थाको पहिचान गर्नका लागि तीनओटा क्षेत्रका जम्मा २० प्रश्नहरू बालबालिकाका अभिभावक (९५ प्रतिशत आमा, ३ प्रतिशत बाबु र २ प्रतिशत अन्य) लाई सोधिएको थियो। उनीहरूबाट प्राप्त भएको प्रतिक्रियालाई ती खासखास प्रश्नमा भएका काम तथा क्रियाकलाप गर्न सक्छन् वा सक्दैनन् र थाहा छैन भन्ने समूहमा राखेर विश्लेषण गरिएको छ। परीक्षण साधन ECDI2030 मा भएका ३ क्षेत्रका प्रश्नहरूको समूहअनुसारका तालिका र ती खास प्रश्नमा सक्छन्, सक्दैनन् र थाहा छैन भन्ने प्रतिक्रियाको सङ्ख्या र प्रतिशत उल्लेख गरिएको छ। यसमा १,५०२ जनालाई फोन गरिएको भए पनि ९८ जना सहभागीलाई बालबालिकाको सिकाइ र विकास स्तरको बारेमा सोधिएता पनि तोकिएको उमेर समूहभन्दा बढी वा कम भएकाले यी प्रश्नहरूको प्रतिक्रिया १,४०४ जनाबाट मात्र विश्लेषण गरिएको छ। तालिका ३.११ मा शारीरिक तन्दुरुस्ती र स्वास्थ्य अवस्था, तालिका ३.१२ मा सिकाइ क्षेत्रअन्तर्गत (भाषा र गणित) तथा तालिका ३.१३ मा संवेगात्मक तथा सामाजिक क्षेत्रको अवस्था प्रस्तुत गरिएको छ।

**तालिका ३.११: शारीरिक तन्दुरुस्ती र स्वास्थ्य अवस्था**

| प्रश्नहरू | सक्छन् | | सक्दैनन् | | थाहा छैन | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | जम्मा |
| ECDI1-खाल्डाखुल्डी भएको, नमिलेको, उकालो, ओरालो बाटोमा नलडी हिँड्न सक्छन् ? | १,२१८ | ८७ | १८३ | १३ | ३ | ०.२ | १,४०४ |
| ECD2_दुवै खुट्टाले भुइँ छोडेर उफ्रन सक्छन् ? | १,२६२ | ९० | ९५ | ७ | ४७ | ३ | १,४०४ |
| ECD3_कसैको सहयोगविना आफ्नो कमिज (सर्ट) र सुरुवाल (प्यान्ट) आफैँ लगाउन सक्छन् ? | ९४१ | ६७ | ४३५ | ३१ | २८ | २ | १,४०४ |
| ECD4_ कसैको सहयोगविना आफ्नो कपडाको टाँक लगाउन र खोल्न सक्छन् ? | ८१५ | ५८ | ५२६ | ३७ | ६३ | ४ | १,४०४ |

तालिका ३.११ का नतिजाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

८७% आमाहरूले आफ्ना बालबालिकाहरूले खाल्डाखुल्डी भएको, नमिलेको, उकालो, ओरालो बाटोमा नलडी हिंड्न सक्छन् भन्ने प्रतिक्रिया दिए भने १३% ले आफ्ना बालबालिकाहरूले त्यो काम गर्न सक्दैनन् भन्ने प्रतिक्रिया दिएका छन्।

९०% आमाहरूले आफ्ना बालबालिकाहरूले दुवै खुट्टाले भुइँ छोडेर उफ्रन सक्छन् भन्ने प्रतिक्रिया दिएका छन् भने ७% ले आफ्ना बालबालिकाहरूले त्यो काम गर्न सक्दैनन् भनी प्रतिक्रिया दिएका छन् बाँकी ३% आमाहरूले भने थाहा छैन भन्ने प्रतिक्रिया दिएका छन्।

बालबालिकाहरू कसैको सहयोगविना आफ्नो कमिज (सर्ट) र सुरुवाल (प्यान्ट) आफैँ लगाउन सक्छन् भन्ने प्रश्नमा ६७% आमाहरूले आफ्ना बालबालिकाहरूले सो काम गर्न सक्छन् भन्ने प्रतिक्रिया दिएका छन् भने ३१ % ले आफ्ना बालबालिकाहरूले सो काम गर्न सक्दैनन् भनी प्रतिक्रिया दिएका छन् ।

बालबालिकाहरू कसैको सहयोगविना आफनो कपडाको टाँक लगाउन र खोल्न सक्छन् भन्ने प्रश्नमा ५८% आमाहरूले आफ्ना बालबालिकाहरूले गर्न सक्छन् भन्ने प्रतिक्रिया दिएका छन् भने ३७ % ले आफ्ना बालबालिकाहरूले सो काम गर्न नसक्ने र ४% आमाहरूले थाहा छैन भन्ने प्रतिक्रिया दिएका छन् ।

**तालिका ३. १२: सिकाइ क्षेत्र (भाषा र गणित)**

| प्रश्नहरू | सक्छन् | | सक्दैनन् | | थाहा छैन | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| ECD5_ आमा, मामा, बल जस्ता दश वा सोभन्दा बढी सरल शब्द भन्न सक्छन् ? | १,३८३ | ९९ | १९ | १ | २ | ०.१ | १,४०४ |
| ECD6_तीन वा बढी शब्द भएका वाक्य बोल्न सक्छन् ? (जस्तै, त्यो घर ठूलो छ ।) | १,३१२ | ९३ | ८९ | ६ | ३ | ०.२ | १,४०४ |
| ECD7_पाँच वा बढी शब्द भएका वाक्य बोल्न सक्छन् ? (जस्तै, त्यो घर धेरै ठूलो छ) | १,०८६ | ७७ | २२५ | १६ | १ | ०.१ | १,३१२ |
| ECD8_ म, तिमी, उनी, ऊ मध्ये कुनै शब्द सही ढङ्गले प्रयोग गर्न सक्छन् ? (जस्तै, म पानी खान्छु वा ऊ भात खान्छ ।) | १,२६९ | ९० | १२९ | ९ | ६ | ०.४ | १,४०४ |
| ECD9_तपाईंले कुनै परिचित वस्तु (जस्तै, कचौरा वा जनावर) देखाउनुभयो भने उनले अलमल नगरी त्यो वस्तु चिन्न र नाम भन्न सक्छन् ? | १,३६२ | ९७ | ४० | ३ | २ | ०.१ | १,४०४ |
| ECD10_नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न सक्छन् ? | ८३२ | ५९ | ५४७ | ३९ | २५ | १.८ | १,४०४ |
| ECD11_आफ्नो नाम लेख्न सक्छन् ? | २४२ | १७ | ११५७ | ८२ | ५ | ०.४ | १,४०४ |
| ECD12_१ देखि ५ सम्मका सबै अङ्क चिन्न सक्छन् ? | ८४० | ६० | ५३६ | ३८ | २८ | २.० | १,४०४ |
| ECD13_ कुनै तीनवटा चीज (जस्तै, तीनओटा ढुङ्गा वा तीनओटा गिलास/चम्चा/कप) देऊ भनेर माग्नुभयो भने तीनओटा नै दिन सक्छन् ? | १,१६५ | ८३ | १८४ | १३ | ५५ | ३.९ | १,४०४ |
| ECD14_ १० ओटा वस्तु (जस्तै औँला) गल्ती नगरी गन्न सक्छन् ? | ८६५ | ६२ | ५०८ | ३६ | ३१ | २.२ | १,४०४ |
| ECD15_ रङ लगाउने वा चित्र बनाउने वा कुनै खेलौनासँग खेल्नेजस्ता काम पटकपटक अरूको सहयोग नमागी तथा बीचमै नछोडी गर्न सक्छन् ? | ७८२ | ५६ | ५५३ | ३९ | ६९ | ४.९ | १,४०४ |

तालिका ३.१२ का नतिजाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

- अध्ययनमा सहभागी ९९% बालबालिकाले आमा, मामा, बल जस्ता दश वा सोभन्दा बढी सरल शब्द भन्न सक्छन्। १% बालबालिकाले मात्र त्यसो गर्न सक्दैनन्।
- ९३% बालबालिकाले तीन वा बढी शब्द भएका वाक्य बोल्न सक्छन्। यसै गरी ६%ले त्यसो गर्न सक्दैनन्।
- ७७% बालबालिकाहरूले ५ वा बढी भएका वाक्य बोल्न सक्दछन् र बाँकी बालबालिकाले सो कार्य गर्न सक्दैनन्। यसैगरी १,४०४ बालबालिकाहरूलाई यो प्रश्न सोधिएता पनि १,३१२ जनाबाट मात्र प्रतिक्रिया लिन सकियो भने एक जनाले थाहा छै भन्ने प्रतिक्रिया दिए र बाँकी ९२ जनाले यस सम्बन्धमा केही प्रतिक्रिया दिन खोजेको पाइएन।
- २०% बालबालिकाहरूले म, तिमी, उनी, ऊमध्ये कुनै शब्द सही रूपमा प्रयोग गर्न सक्दछन्।
- ९७%बालबालिकाहरूले कुनै परिचित वस्तु देखाउँदा अलमल नगरी उक्त वस्तु चिन्न र नाम भन्न सक्दछन्।
- ५९% बालबालिकाहरूले नेपाली वर्णमालाका कम्तीमा ५ अक्षरहरू चिन्न सक्दछन्। २५ जना अभिभावकहरूले (१.८५) ले थाहा छैन भन्ने प्रतिक्रिया दिएका छन्।
- आफ्नो नाम लेख्न सक्ने बालबालिकाहरू १७% मात्र छन्। ८२% अभिभावकहरूले उहाँहरूको बालबालिकाहरूले आफ्नो नाम लेख्न सक्दैनन् भनी प्रतिक्रिया दिए।
- ६०% बालबालिकाहरूले १ देखि ५ सम्मका सबै अङ्कहरू चिन्न सक्दछन्। २५ अभिभावकहरूले आफ्ना बालबालिकाहरूले १ देखि ५ सम्मका सबै अङ्क चिन्न सक्ने वा नसक्ने कुरा थाहा छैन भनी प्रतिक्रिया दिए।
- कुनै तीन वटा चीजहरू माग्दा तीनवटै चीजहरू दिने बालबालिकाहरूको प्रतिशत ८३ छ। यो सूचक प्राप्त गर्न सक्ने वा नसक्ने कुरा थाहा छैन भन्ने अभिभावकहरू ३.९% छ।
- ६२% अभिभावकहरूले आफ्ना बालबालिकाहरूले १० वटा वस्तु गल्ती नगरी गन्न सक्ने बताए। ३६५ अभिभावकहरूले उक्त सूचक आफ्ना बालबालिकाहरूले प्राप्त गर्न नसक्ने भनी प्रतिक्रिया दिए। ५६% अभिभावकहरूले आफ्ना बालबालिकाहरूले रङ्ग लगाउने वा चित्र बनाउने वा कुनै खेलौनासँग खेल्ने जस्ता काम पटक–पटक अरूको सहयोग नमागी तथा बीचमै नछोडी गर्न सक्दछन् भनी प्रतिक्रिया दिए। उक्त सूचक प्राप्त गर्न नसक्ने भनी ३९% अभिभावकहरूले भने, भने ४.९% ले उक्त कुरा थाहा छैन भनी प्रतिक्रिया दिए।

**तालिका ३.१३ : संवेगात्मक तथा सामाजिक क्षेत्र**

| प्रश्नहरू | सक्छन् | | सक्दैनन् | | थाहा छैन | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| ECD16_आमाबाबुबाहेक घरमा भएका अरू परिचित व्यक्तिहरूलाई नदेख्दा उनीहरूको बारेमा सोध्छन्? (जस्तै हजुरबुबा कहाँ हुनुहुन्छ ?) | १,३३४ | ९५ | ६७ | ५ | ३ | ० | १,४०४ |
| ECD17_ कसैले सहयोग माग्यो भने सहयोग गर्छन्? | १,१०९ | ७९ | २६६ | १९ | २९ | २ | १,४०४ |
| ECD18_अन्य बालबालिकासँग मिल्छन्? | १,३२४ | ९४ | ७२ | ५ | ८ | १ | १,४०४ |

| प्रश्नहरू | सक्छन् | | सक्दैनन् | | थाहा छैन | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| ECDIR19 कति बेखुसी वा निराश हुन्छन् ? | १,३६१ | ९७ | १० | १ | ० | ० | १,३७१ |
| ECDIR20_अन्य बालबालिकासँग कत्तिको झगडा गर्छन् ? | ६३५ | ४५ | ७५१ | ५३ | ० | ० | १३८६ |

- संवेगात्मक तथा सामाजिक क्षेत्रअन्तर्गत ५ वटा सूचकहरूमा आधारित भई अभिभावकहरूलाई प्रश्न गरिएको थियो ।
- आमाबाबुबाहेक घरमा भएका अरू परिचित व्यक्तिहरूलाई नदेख्दा उनीहरूको बारेमा सोध्छन् भनी सोधिएको प्रश्नमा ९५%अभिभावकहरूले आफ्ना बालबालिकाहरूले सोध्ने गर्दछन् भनी प्रतिक्रिया दिए भने ५% ले सोध्दैनन् भनी बताए ।
- ७९% अभिभावकहरूले आफ्ना बालबालिकाहरूले अरू कसैले सहयोग मागे भने सहयोग गर्दछन् भनी प्रतिक्रिया दिए, १९% अभिभावकहरूले आफ्ना बालबालिकाहरूले सहयोग गर्दैनन् भने २% ले थाहा छैन भनी प्रतिक्रिया दिए ।
- ९४% अभिभावकहरूले आफ्ना बालबालिकाहरू अन्य बालबालिकाहरूसँग मिल्छन् भनी प्रतिक्रिया दिए ।
- ९७% अभिभावकहरूले आफ्ना बालबालिकाहरू बेखुसी वा निराश हुन्छन् भनी प्रतिक्रिया दिए । अर्थात् १,३७१ जनाले सक्छन् र सक्दैनन् भन्नेमा प्रतिक्रिया दिएभने बाँकी ३३ जना अभिभावकहरूबाट यस प्रश्नका सम्बन्धमा कुनै प्रतिक्रिया लिन सकिएन ।
- ४५% अभिभावकहरूले आफ्ना बालबालिकाहरू अन्य बालबालिकाहरूसँग कत्तिको झगडा गर्छन् भनी प्रतिक्रिया दिए भने ५३% झगडा गर्दैनन् भनी बताए । अर्थात १,३८६ जना मध्ये ६३५ जना अन्य सँग झगडा गर्छन र ७५१ जनाले साथीसँग झगडा गर्दैनन् भने बाँकी १८ जना बालबालिकाको सम्बन्धमा अभिभावकहरूले कुनै प्रतिक्रिया दिन खोजेको पाइएन ।
- बेखुसी हुने वा निराश हुने र झगडा गर्ने बालबालिकाहरूको सङ्ख्या उल्लेख्य देखिन्छ ।
- वर्णनात्मक विश्लेषण
- वर्णनात्मक विश्लेषणमा खासगरी बालबालिकाको सिकाइस्तर मापनका लागि सोधिएका २० प्रश्नमा उनीहरूले दिएका प्रतिक्रियाका आधारमा थप व्याख्या विश्लेषण गरिएको छ । यसमा १,४०४ जनाको प्रतिक्रियालाई समावेश गरिएको छ । बालबालिकाले कुनै काम गर्न सक्छन् भने त्यसका लागि अङ्क १, सक्दैनन् भन्नेमा अङ्क ० र थाहा छैन भन्नेलाई प्रतिक्रिया नै नदिएको मानेर यसमा विश्लेषण गरिएको छ । विश्लेषण गर्दा अधिकतमा हुनसक्ने अङ्क २० लाई प्रतिशतमा रूपान्तरण गरिएको छ ।

**तालिका ३.१४ : सिकाइ स्तरको सारांश**

| | सङ्ख्या | न्यूनतम | अधिकतम | औसत | स्तरीय भिन्नता |
|---|---|---|---|---|---|
| कुल जम्मा | १,४०४ | .०० | २०.०० | १५.०५४८ | ३.२३५४५ |

तालिकामा प्रस्तुत भएअनुसार अधिकतम राम्रो गर्न सक्ने बालबालिकाले सबै अर्थात् २० वटै कामहरू गर्न सक्ने देखिन्छ । औसत कुल २० मा १५ रहेको छ र स्तरीय भिन्नता ३.२ रहेको छ । बालबालिकाका अभिभावकले दिएको जानकारीअनुसार १ देखि २० सम्मको अङ्क हासिल गर्ने बालबालिकाको सङ्ख्यात्मक विवरण तल तालिका ३.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३. १५ : अभिभावकको जानकारीअनुसारको अङ्क वितरण**

| जम्मा | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| | .०० | १ | .१ |
| | १.०० | २ | .१ |
| | २.०० | ५ | .३ |
| | ३.०० | ३ | .२ |
| | ४.०० | ४ | .३ |
| | ५.०० | ३ | .२ |
| | ६.०० | ११ | .७ |
| | ७.०० | ८ | .५ |
| | ८.०० | १७ | १.१ |
| | ९.०० | ३१ | २.१ |
| | १०.०० | ३६ | २.४ |
| | ११.०० | ६१ | ४.१ |
| | १२.०० | ८८ | ५.९ |
| | १३.०० | १०५ | ७.० |
| | १४.०० | १३५ | ९.० |
| | १५.०० | १६० | १०.७ |
| | १६.०० | २०२ | १३.४ |
| | १७.०० | १९७ | १३.१ |
| | १८.०० | १७४ | ११.६ |
| | १९.०० | १२७ | ८.५ |
| | २०.०० | ३४ | २.३ |
| | **जम्मा** | १,४०४ | ९३.५ |

तालिका ३.१५ मा उल्लेख भएअनुसार १.२ प्रतिशत बालबालिकाहरूले ५ वटाभन्दा कम काम गर्न सक्छन् भने २.३ प्रतिशत बालबालिकाले दिइएका सबै काम गर्न सक्ने प्रतिक्रिया दिएका छन् । सबैभन्दा बढी अर्थात् ८.५ ले १९ ओटा, ११.६ ले १८ ओटा, १३.१ ले १७ ओटा १३.४ प्रतिशत बालबालिकाले १६ ओटा, १०.७ ले १५ ओटा ९ ले १४ ओटासम्म काम गर्न सक्छन् । समग्रमा तोकिएका धेरै कामहरू बालबालिकाले गर्न सक्ने देखिएको छ । तलका तालिका ३.१६, ३.१७ र ३.१८ मा सिकाइका क्षेत्रअनुसारको वर्णन गरिएको छ ।

**तालिका ३.१६ : शारीरिक तन्दुरुस्ती**

| अङ्क | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ० | ३० | २.१ |
| १ | ८६ | ६.१ |
| २ | ३०५ | २१.७ |
| ३ | ३९२ | २७.९ |
| ४ | ५९१ | ४२.१ |
| **जम्मा** | १,४०४ | १००.० |

४२.१% अभिभावकहरूले आफ्ना बालबालिकाहरूले शारीरिक तन्दुरुस्तीअन्तर्गतका चारवटै सूचकमा उल्लेख गरेबमोजिम कार्य गर्न सक्छन् । यस्तै २७.९% अभिभावकहरूले आफना बालबालिकाहरूले शारीरिक तन्दुरुस्तीका चारवटा सूचकहरूमध्ये कुनै तीनवटा काम गर्न सक्ने बताएका छन् । त्यसै गरी २१.७% अभिभावकहरूले कुनै दुईवटा र ६.१% अभिभावकहरूले आफ्नो कुनै एकवटा मात्र कार्य गर्न सक्छन् भनी प्रतिक्रिया दिएका छन् ।

**तालिका ३.१७: सिकाइ क्षेत्र**

| अङ्क | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ० | ५ | .४ |
| १ | ११ | .८ |
| २ | १९ | १.४ |
| ३ | २६ | १.९ |
| ४ | ४० | २.८ |
| ५ | ९६ | ६.८ |
| ६ | १५३ | १०.९ |
| ७ | १७५ | १२.५ |
| ८ | २०९ | १४.९ |
| ९ | २८० | १९.९ |
| १० | २५४ | १८.१ |
| ११ | १३६ | ९.७ |
| **जम्मा** | **१,४०४** | **१००.०** |

भाषा र गणितसँग सम्बन्धित ज्ञान तथा सिपलाई समेटेर ११ वटा सूचकहरू निर्माण गरिएको थियो । तालिका ३.१७ मा यसका नतिजा प्रस्तुत गरिएको छ । ती ११ वटा सिकाइसम्बन्धी सूचकहरूमध्ये सबै सूचकहरूमा भनिएका ज्ञान तथा सिपहरू ९.७% बालबालिकाहरूले हासिल गर्न सक्छन् । यसै गरी ८६ % अभिभावकहरूले आफ्ना बालबालिकाहरूले ६ वा ६ भन्दा बढी सूचकहरूमा भनिएका क्रियाकलापहरू गर्न सक्दछन् भनी प्रतिक्रिया दिएका छन् । १३.७% अभिभावकहरूले

आफ्ना बालबालिकाहरूले ५ वा ५ भन्दा कम सूचकहरूमा भनिएका क्रियाकलापहरू गर्न सक्छन् भन्ने प्रतिक्रिया दिएका छन्। सबैभन्दा बढी अभिभावकहरू (१९.९%) ले आफ्ना बालबालिकाहरूले ९ वटा क्रियाकलापहरू गर्न सक्दछन् भनी प्रतिक्रिया दिएका छन्।

**तालिका ३.१८ : सामाजिक तथा मनोवैज्ञानिक**

| अङ्क | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ० | ५ | .४ |
| १ | ८ | .६ |
| २ | ३४ | २.४ |
| ३ | २११ | १५.० |
| ४ | ६७६ | ४८.१ |
| ५ | ४७० | ३३.५ |
| **जम्मा** | १,४०४ | १००.० |

परीक्षणका लागि प्रयोग भएका संवेगात्मक तथा मनोवैज्ञानिक पक्षहरूलाई समेट्ने खालका ५ वटा सूचकहरू थिए। तालिका ३.१८ मा यी सूचकको नतिजा प्रस्तुत गरिएको छ। सोअनुसार ३३.५% अभिभावकहरूले ती सबै सूचकहरूमा उल्लेख गरिएका कार्यहरू बालबालिकाहरूले गर्दछन् भनी प्रतिक्रिया दिएका छन्। ४८.१% अभिभावकहरूले ती ५ वटा सूचकहरूमध्ये कुनै चारवटा कार्यहरू आफ्ना बालबालिकाहरूले गर्न सक्छन् भनी बताएको छन्। १५% अभिभावकहरूले कुनै तीनवटा कार्यहरूमात्र गर्न सक्दछन् भनी प्रतिक्रिया दिएका छन्। करिब आधाजसो अभिभावकहरूले कुनै पाँचमध्ये कुनै चारवटा कार्यहरू गर्न सक्ने बताएका छन्।

पृष्ठभूमि सूचनाअनुसार विश्लेषण

यस परीक्षणमा तथ्याङ्क सङ्कलन गर्दा बालबालिकाको आर्थिक सामाजिक पृष्ठभूमिलाई आधार मानिएको छ। सूचना, गाउँपालिका/नगरपालिका अन्तर्गत लिङ्गगत आधार, बाबुआमाको पेसागत आधार तथा शैक्षिक योग्यताको आधारका साथै जातजाति र घरमा प्रयोग गरिने सामग्रीका आधारमा समेत विश्लेषण गरिएको छ।

**तालिका ३.१९: पालिकाहरूको औसत उपलब्धि विवरण**

| गाउँपालिका/नगरपालिका | Mean | N | Std. Deviation |
|---|---|---|---|
| गढी गाउँपालिका | ७६.९७७६ | १३४ | २१.१६०१४ |
| पिपरा गाउँपालिका | ७७.९७०३ | १०१ | १४.०७४४१ |
| सुनकोसी गाउँपालिका | ७५.८६४९ | १८५ | १५.२३५७६ |
| मादी गाउँपालिका | ७३.१७३७ | १६७ | १४.४९३०३ |
| सन्धिखर्क नगरपालिका | ७६.०६५० | ४४६ | १४.४४६२७ |
| भेरी नगरपालिका | ७७.०५८८ | ११९ | १५.४२३५६ |

| गाउँपालिका/नगरपालिका | Mean | N | Std. Deviation |
|---|---|---|---|
| दोगडाकेदार गाउँपालिका | ७२.००४० | २५२ | १८.२९५१७ |
| जम्मा | ७५.२७४२ | १,४०४ | १६.१७७२४ |

सातवटा स्थानीय निकाय (गाउँपालिका) हरूमा गरिएको अध्ययनमा प्रत्येक पालिकामा उत्तरदाता अभिभावकहरूले बताएअनुसार प्रारम्भिक बालविकासका सूचकअन्तर्गत बालबालिकाहरूले गर्न सक्ने क्रियाकलापहरूको आधारमा औसत निकालिएको छ।

पिपरा गाउँपालिकामा बालबालिकाहरूले औसतमा ७७.९७%, सूचकहरूमा उल्लेख गएिको क्रियाकलापहरू गर्न सक्दछन्। यो प्रतिशत अन्य पालिकाहरूको तुलनामा उच्च हो। यस पालिकाको विस्तृत विश्लेषण अनुसूचीमा -८ हेर्न सकिन्छ।

दोगाडाकेदार गाउँपालिकाका बालबालिकाहरूले औसतमा ७२% सूचकहरूकमा उल्लेख गरिएका क्रियाकलापहरू गर्न सक्दछन् जुन अन्य पालिकाको तुलनामा सबैभन्दा कम हो। २० वटा सूचकहरूमा सबै पालिकाले कम्तीमा १४ वटा सूचकहरू प्राप्त गर्न सकेको भन्ने बताउँदछ। यस पालिकाको विस्तृत विश्लेषण अनुसूचीमा-२ हेर्न सकिन्छ।

**तालिका ३.२०: लिङ्गअनुसारको औसत उपलब्धि**

| बालबालिकाहरूको लिङ्ग | Mean | N | Std. Deviation |
|---|---|---|---|
| केटी | ७६.१०१२ | ६७२ | १५.७७२९४ |
| केटा | ७४.५१५० | ७३२ | १६.५१४०१ |
| **जम्मा** | **७५.२७४२** | **१,४०४** | **१६.१७७२४** |

सबै पालिकाहरूको बालबालिकाहरूले गर्न सक्ने क्रियाकलापहरूको जम्मा औसत प्रतिशत ७५.२ तथा केटीहरूले ७६.१% र केटाहरूको औसत ७४.५% छ। यसले बालिकाहरूको प्रारम्भिक बालविकास बालकहरूको भन्दा राम्रो रहेछ भन्ने देखाउँछ।

**तालकिा ३.२१ : आमाको शैक्षिक योग्यता र बालबालिकाहरूको विकास**

| आमाको शैक्षिक योग्यता | Mean | N | Std. Deviation |
|---|---|---|---|
| प्राथमिक | ७२.८४५७ | १८८ | १५.८३७१६ |
| आधारभूत | ७४.८२०६ | २२३ | १६.७३०८९ |
| माध्यमिक | ७४.२९०५ | ४५१ | १६.३७९०५ |
| उच्च माध्यमिक | ७७.९११४ | २३७ | १४.८६३९५ |
| स्नातक र सो भन्दा माथि | ८२.११५४ | ७८ | १४.०८५०७ |
| Missing | | २२७ | |
| **जम्मा** | **७५.४०७८** | **१,४०४** | **१६.०७९४८** |

आमाको शैक्षिक योग्यता र बालबालिकाहरूको विकासको सम्बन्ध हेर्दा स्नातक वा सोभन्दा माथि शैक्षिक योग्यता भएका आमाका बालबालिकाहरूको विकास सबैभन्दा राम्रो भएको पाइयो जसमा ८२.१% सूचकहरू बालविकासहरूले प्राप्त

गरेका छन् । प्राथमिक तह शैक्षिक योग्यता भएका आमाहरूका बालबालिकाहरूले ७२.८% सूचकहरू प्राप्त गर्न सकेका छन् । माध्यमिक तह शैक्षिक योग्यता भएका आमाहरूको सन्दर्भमा सूचक प्राप्ति प्रतिशत ७४.२% पुगेको छ । यसले आमाको शैक्षिक योग्यता माथिल्लो हुने बालबालिकाको विकास राम्रो रहेको देखियो । २२७ जना आमाहरूबाट उनिहरूको शैक्षिक अवस्थाको जानकारी लिन नसकिएको अवस्था देखियो ।

**तालिका ३.२२: बुबाको शैक्षिक योग्यता र बालबालिकाको विकास**

| बुबाको शैक्षिक योग्यता | Mean | N | Std. Deviation |
|---|---|---|---|
| प्राथमिक | ७१.३१२८ | १७९ | १७.८८९५६ |
| आधारभूत | ७४.५८३३ | २६४ | १५.९३७६४ |
| माध्यमिक | ७६.४८५९ | ४६१ | १५.०००५२ |
| उच्च माध्यमिक | ७६.२१६२ | २५९ | १५.९०८१५ |
| स्नातक र सो भन्दा माथि | ८०.३१२५ | ९६ | १५.३८६४७ |
| Missing | | १४५ | |
| **जम्मा** | **७५.५८७८** | **१,४०४** | **१५.९७९३०** |

स्नातक वा सो भन्दा माथि शैक्षिक योग्यता भएका बुबाका बालबालिकाहरूले बालविकासका ८०.३% सूचकहरू प्राप्त गरेका छन् । प्राथमिक तह शैक्षिक योग्यता भएका बुबाका बालबालिकाहरूले बालविकासका ७१.३% सूचकहरू प्राप्त गरेका छन् । यो प्रतिशत आधारभूत तह शैक्षिक योग्यता भएका बुबाहरूको हकमा ७४.५% र माध्यमिक तथा उच्च माध्यमिक तह योग्यता भएकोमा ७६% जति छ । यसले बुबाहरूको शैक्षिक योग्यता प्राथमिक, माध्यमिक, र स्नातक गरी बढ्दै जाँदा बालबालिकाहरूको विकासमा सूचक पनि बढेको देखियो । १४५ जना बुबाहरूबाट उनिहरूको शैक्षिक अवस्थाको जानकारी लिन नसकिएको अवस्था देखियो ।


**तालिका २३: अध्ययन सामग्री र बालबालिकाको विकास**

| पाठ्य सामाग्रीको सङ्ख्या | Mean | N | Std. Deviation |
|---|---|---|---|
| केही पनि नभएको | ६९.५९२९ | ५६५ | १७.७७५५१ |
| पाँच वा सो भन्दा कम | ७८.८१६० | ८१५ | १३.७९६१८ |
| पाँच भन्दा धैरै | ८८.७५०० | २४ | ७.२६०६७ |
| **जम्मा** | **७५.२७४२** | **१,४०४** | **१६.१७७२४** |

बालबालिकाहरूको घरमा अध्ययन सामग्रीहरू उपलब्ध भए नभएको र त्यस्ता बालबालिकाहरूको प्रारम्भिक विकासको अवस्था कस्तो छ भनी हेर्दा घरमा ५ वटाभन्दा बढी पढ्न वा हेर्न मिल्ने किताब वा चित्र किताबहरू भएका बालबालिकाहरूले ८८.७% सूचकहरू प्राप्त गरे । ५ वा ५ भन्दा कम अध्ययन सामग्रीहरू भएका बालबालिकाहरूले ७८.८% सूचकहरू प्राप्त गरे । एउटा पनि अध्ययन सामग्री घरमा नभएका बालबालिकाहरूले ६९.५% प्रारम्भिक विकासका सूचकहरू प्राप्त गरे । अध्ययन सामग्रीको सङ्ख्या बढी हुने बालबालिकाहरूको प्रारम्भिक विकास राम्रो भएको पाइयो ।

**प्रारम्भिक विकासका कोसेढुङ्गा (Milestones of ECD Index)**

प्रारम्भिक विकासका २० वटा सूचकहरूलाई मध्यनजर गरी बालबालिकाहरूको उमेरको आधारमा प्राप्त गरेका सूचकहरूलाई ५ वटा कोसेढुङ्गा (Milestones) मा बाँडिएको छ। यसको विस्तृत ढाँचा चित्रमा प्रस्तुत गरिएको छ।




**चित्र: प्रारम्भिक विकास कोसेढुङ्गा**

बालबालिकाहरूले न्यूनतम गर्न सक्ने कामको आधारमा सिकाइस्तरका कोसेढुङ्गा निर्धारण गरिएको छ। यसमा उमेरगत समूह र उनीहरूले गर्ने सक्ने कामको सङ्ख्यालाई आधार मानिएको छ। अध्ययनमा सहभागी भएका बालबालिकाको उमेरगत तालिका ३.२४ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२४ उमेरगत विवरण**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २४ देखि २९ महिना | ५० | ३.६ |
| ३० देखि ३५ महिना | ९७ | ६.९ |
| ३६ देखि ४० महिना | १८५ | १३.२ |
| ४१ देखि ४७ महिना | २५३ | १८.० |
| ४८ देखि ५९ महिना | ८१९ | ५८.३ |
| **जम्मा** | **१,४०४** | **१००.०** |

तालिका ३.२४. अनुसार हरेक उमेर समूहका बालबालिकाले न्यूनतम पार गर्नुपर्ने सिकाइका समूहलाई आधार मानेर सिकाइको कोसेढुङ्गा निर्धारण गरिएको छ । चित्र १ मा विस्तृतमा प्रस्तुत गरिएको छ । उमेर समूहअनुसार नै तोकिएका सिकाइ हासिल गरेको आधारमा कोसेढुङ्गा पार गरेको मानिन्छ ।

**तालिका ३.२५ : कोसेढुङ्गा – एकः २४ देखि २९ महिना**

| | | Frequency | Valid Percent |
|---|---|---|---|
| | प्राप्त नगरेको | १३ | २६.० |
| | प्राप्त गरेको | ३७ | ७४.० |
| | **जम्मा** | **५०** | **१००.०** |

तालिका नं. ३.२५ ले २४ देखि २९ महिनासम्मका बालबालिकाहरूमध्ये ७४% बालबालिकाहरूले कोसेढुङ्गा दुई पार गरे भन्ने देखाएको छ । यसको अर्थ ७४% बालबालिकाहरूले कम्तीमा ७ वटा सूचकहरू प्राप्त गर्न सके भन्ने हो ।

**तालिका ३.२६: कोसेढुङ्गा – दुईः ३० देखि ३५ महिना**

| | | Frequency | Valid Percent |
|---|---|---|---|
| | प्राप्त नगरेको | ८ | ८.२ |
| | प्राप्त गरेको | ८९ | ९१.८ |
| | **जम्मा** | **९७** | **१००.०** |

तालिका नं. ३.२६ ले ३० देखि ३५ महिनासम्मका बालबालिकाहरूमध्ये ९१.८% बालबालिकाहरूले २० वटा सूचकहरूमध्ये कुनै ९ वटा सूचकहरू प्राप्त गरी कोसेढुङ्गा दुई पार गरे भन्ने कुरा देखाइएको छ ।

**तालिका ३.२७: कोसेढुङ्गा – तीनः ३६ देखि ४१ महिना**

| | | Frequency | Valid Percent |
|---|---|---|---|
| | प्राप्त नगरेको | २८ | १५.१ |
| | प्राप्त गरेको | १५७ | ८४.९ |
| | **जम्मा** | **१८५** | **१००.०** |

तालिका नं. ३.२७ ले ३६ देखि ४१ महिनासम्मका बालबालिकाहरूमध्ये ८४.९% बालबालिकाहरूले कुनै ११ वटा सूचकहरू प्राप्त गरी कोसेढुङ्गा तीन पार गरे भन्ने कुरा देखाइएको छ ।

**तालिका ३.२८ कोसेढुङ्गा – चारः ४१ देखि ४७ महिना**

| | | Frequency | Valid Percent |
|---|---|---|---|
| | प्राप्त नगरेको | ३८ | १५.० |
| | प्राप्त गरेको | २१५ | ८५.० |
| | **जम्मा** | **२५३** | **१००.०** |

तालिका नं. ३.२८ ले ४२ देखि ४७ महिनासम्मका बालबालिकाहरू मध्ये ८५% बालबालिकाहरूले कुनै १३ वटा सूचकहरू प्राप्त गरी कोसेढुङ्गा चार पार गरे भन्ने कुरा देखाइएको छ ।

**तालिका ३.२९: कोसेढुङ्गा – पाँचः ४८ देखि ६० महिना**

| | | Frequency | Valid Percent |
|---|---|---|---|
| | प्राप्त नगरेको | १९५ | २३.८ |
| | प्राप्त गरेको | ६२४ | ७६.२ |
| | **जम्मा** | ८१९ | १००.० |

तालिका नं. ३.२९ ले ४८ देखि ५९ महिनाका बालबालिकाहरूमध्ये ७६.२% बालबालिकाहरूले कुनै १५ वटा सूचकहरू प्राप्त गरी कोसेढुङ्गा पाँच प्राप्त गरे भन्ने कुरा देखाइएको छ ।

**तालिका ३.३०: समग्रमा बालबालिकाहरूको बालविकास**

| | | Frequency | Percent | Valid Percent | Cumulative Percent |
|---|---|---|---|---|---|
| | प्राप्त नगरेको | २८२ | २०.१ | २०.१ | २०.१ |
| | प्राप्त गरेको | ११२२ | ७९.९ | ७९.९ | १००.० |
| | **जम्मा** | १४०४ | १००.० | १००.० | |

तालिका नं. ३.३० ले ३० देखि ३५ महिनाका बालबालिकाहरूको बालविकास सबैभन्दा राम्रो भएको र २४ देखि २९ महिनाका बालबालिकाहरूको बालविकास सबैभन्दा कम भएको देखाउँदछ । समग्रमा ७९.९% बालबालिकाहरूले उमेरअनुसारको बालविकास भएको भन्ने देखाउँदछ भने २०.१% बालबालिकाहरूको उमेरअनुसारको विकास भएको छैन भनी देखाउँछ ।

# परिच्छेद – ४ प्राप्ति, निष्कर्ष र सुझावहरू

## ४.१ दोगडाकेदार गाउँपालिका (बैतडी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव

### ४.१.१ निष्कर्ष

नेपालका सात प्रदेशअन्तर्गत १, १ जिल्ला छनोट गरी हरेक जिल्लाबाट १,१ पालिकाअन्तर्गतका एक विद्यालय छनोट गर्ने क्रममा सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिकाका २४ देखि २९ महिना उमेर समूहका २५२ बालबालिकालाई ECDI 2030 अन्तर्गतका विभिन्न २० प्रश्नहरू बालबालिकाको आमासँग सोधी उनीहरूको बालविकासको अवस्थालाई यस अध्ययनमा विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ (अनुसूची-२) । उक्त प्रश्नहरूको प्रतिक्रियाका आधारमा हेर्दा दोगडाकेदार गाउँपालिकाको बालविकास अवस्था राष्ट्रियस्तरको दाँजोमा केही कम रहेको पाइएको छ । राष्ट्रियस्तरमा बालविकासको उपलब्धि ८०% को सही स्तर (ON-track) मा छ भने सो पालिकाको ७८ प्रतिशत रहेको छ ।

उमेर समूहको आधारमा हेर्दा २४ देखि २९ महिनासम्मका बालबालिकाको बालविकास ७० प्रतिशत र त्यसपछिका उमेर समूहका बालबालिकाको बालविकास स्तर क्रमशः बढ्दै गएको पाइएको छ । तर ४८ देखि ५९ महिनासम्मका उमेर समूहका बालविकास भने एक्कासी घटेर ७२ प्रतिशत मात्र सही स्तर (ON-track) मा देखिन्छ । अध्ययनमा समावेश भएका बालबालिकाहरूमा बालिकाको तुलनामा बालकको विकास उच्च स्तरमा रहेको छ । शिक्षित आमाको बालबालिकाको बालविकास सही स्तर (ON-track) ७८ प्रतिशत छ भने अशिक्षितको केही कम अर्थात ७४ प्रतिशत रहेको छ । त्यसै गरी शिक्षित बाबुको बालविकासको सही स्तर ७८% देखिँदा अशिक्षित बाबुको उक्त स्तर केवल ५० प्रतिशत मात्र रहेको छ ।

जातिका आधारमा बालविकास स्तर विशेषण गर्दा जनजाति बालविकासको विकास स्तर १००%, ब्राह्मणको ८२%, क्षेत्रीको ७९%, दलितको ७३ प्रतिशत देखिन्छ भने सबैभन्दा कम मधेसी बालबालिकाको बालविकास स्तर ६७ प्रतिशत मात्र सही स्तरमा देखिन्छ ।

घरमा नेपाली भाषा प्रयोग गर्नेभन्दा गैर नेपाली भाषा प्रयोग गर्ने बालबालिका स्तर राम्रो पाइयो । यस्तै ECDI-2030 मा समावेश गरिएका प्रश्नगत नतिजाहरूमा १००% बालबालिका बारम्बार बेखुसी रहने गरेको, ७९ प्रतिशतले १० भन्दा बढी सरल शब्दहरू भन्न सकेको देखिन्छ भने आफ्नो नाम लेख्न सक्ने बालबालिकाहरू केवल १५ प्रतिशत मात्र रहेका छन् ।

### ४.१.२ सुझावहरू

बालबालिकाको प्रारम्भिक विकास अध्ययन गर्दा माथिको प्रतिवेदनका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएका छन्

१. पालिकाको स्तर राष्ट्रिय स्तरभन्दा तल रहेकाले सही स्तरमा ल्याउनका लागि भएका कमजोरीहरू केलाउने ।

२. पालिकाले बालबालिकाको बालविकास सही स्तर (ON-track) मा वृद्धि गर्न आवश्यक योजना निर्माण र कार्यान्वयन गर्ने ।

३. बढ्दो उमेरसँगै बालविकासको सही स्तर (ON-track) पनि बढ्नुपर्नेमा ४८ - ५९ महिना उमेर समूहको स्तर खस्कनुको

कारण पहिचान गरी समाधानको खोजी गर्ने ।

४. बालिकाको बालविकास स्तर बालकको दाँजोमा कम भएकाले लैङ्गिक विभेदको प्रभाव अन्त्य गर्न पहल गरी समान स्तरका लागि जोड दिने ।

५. शिक्षित आमाबाबुका बच्चाहरूको बालविकास स्तर राम्रो देखिएकाले आमाबाबुलाई शिक्षित बनाउन कार्यक्रमहरू ल्याउने ।

६. मधेसी र दलित समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि कमजोर भएकाले ति समुदायको विकासतर्फ ध्यान दिने ।

७. ECDI-2030 मा समावेश गरिएको २० वटा प्रश्नहरूमा आफ्नो नाम लेख्न सक्ने विद्यार्थीको केवल १५ प्रतिशत रहेकाले सिकाइमा ध्यान दिनुपर्ने ।

८. ECDI-2030 मा समावेश गरिएका प्रश्नहरूमध्ये ३ प्रश्नहरूमा उपलब्धि स्तर ज्यादै कमजोर देखिएकाले सुधार गर्न आवश्यक पहल गर्नुपर्ने ।

## ४.२ सन्धिखर्क नगरपालिका (अर्घाखाँची जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव

### ४.२.१. निष्कर्ष

२०७७ मा सम्पन्न बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा ७ वटा प्रदेशबाट सात वटा जिल्ला छनोट गरी हरेक जिल्लाबाट एउटा पालिका छनोट गर्दा लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकालाई यस अध्ययनमा समावेश गरी ४४५ बालविकास तहका बालबालिका माथि प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरिएको छ । ECDI 2030 अन्तर्गतका विभिन्न प्रश्नहरू बालबालिकाको आमाहरूसँग सोधी उनीहरूको बालबालिकामा भएको बालविकासको अवस्थालाई विश्लेषण गरिएको हो (अनुसूची–३) ।

ECDI 2030 समावेश भएको २० वटा प्रश्नको आधारमा हेर्दा सन्धिखर्क नगरपालिकाको बालबालिकाहरूको बालविकास अवस्था राष्ट्रिय स्तरभन्दा माथि रहेको छ । राष्ट्रिय स्तरमा बालविकास उपलब्धि ८०% को उपलब्धि सहीस्तर (on track) हुँदा सन्धिखर्क नगरपालिकाको ८६% रहेको छ । उमेर समूहको आधारमा हेर्दा ३०–३५ महिना समूहको उपलब्धि ९७% रहेको छ भने ४८–५९ महिना समूहको उपलब्धि ८०% रहेको छ । अध्ययनमा समावेश भएका बालबालिकाहरूमा बालिकाको तुलनामा बालकको विकास उपलब्धि कमजोर रहेको पाइयो । पढेलेखेको आमाको बालबालिकाको बालविकास उपलब्धि ८६% हुदा नपढेको आमाको बालबालिकाको बालविकास उपलब्धि उपलब्धि ७२% पाइयो । त्यस्तै गरी पढेलेखेका बाबुको तुलनामा नपढेको बाबुको बालबालिकाहरूको विकास उपलब्धि धेरै कम देखिएको छ । जातिगत समूहको आधारमा हेर्दा मधेसी समुदायका बालबालिकाको बालविकास उपलब्धि १.०० अथवा १०० % सही अवस्था (On Track) रहेको छ भने अन्य समुदायका बालबालिकाको बालविकास उपलब्धि सामान्य रहेको छ । यस नगरपालिकामा घरमा नेपाली भाषा बोल्ने बच्चाको भन्दा घरमा नेपाली भाषा प्रयोग नहुने बालबालिकाको बालविकास उपलब्धि माथि देखिएको छ ।

त्यस्तै गरी ECDI 2030 मा समावेश भएको २० वटा प्रश्नहरूको आधारमा बालबालिकाहरूको उपलब्धि विश्लेषण गर्दा एउटा सबै प्रश्न सही उपलब्धि (On Track) मा देखिएको र सबैभन्दा कम नाम भन्न सक्ने एउटा प्रश्न १७% मात्र सही अवस्था (On Track) मा देखिएको छ । यसरी हेर्दा ९ वटा प्रश्नमा ९०% भन्दा माथि, ११ वटा प्रश्नमा ६०% –९०% र सबै

भन्दा कम एउटा प्रश्न १७% रहेको देखिएको छ।

### ४.२.२ सुझावहरू

बालबालिकाको प्रारम्भिक बालविकास अध्ययनको आधारमा प्राप्त तथ्याङ्क माथि विश्लेषण गर्दा निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ।

१. राष्ट्रिय स्तरमा सही अवस्थामा (On Track) मा आउन बाँकी २०% बालबालिकालाई कमजोरी पत्ता लगाई सहयोग गर्ने।
२. सन्धिखर्क नगरपालिकाका सही अवस्था (On Track) मा आउन बाँकी १४% बालबालिकाको पहिचान गरी आवश्यक सहयोग पुर्याउने।
३. ४८–५९ महिना समूहका बालबालिकाको विकास उपलब्धि ८० % रहेकोले सोको सुधार गर्न आवश्यक पहल गर्नुपर्ने।
४. बालकको तुलनामा बालिकाहरूको बालविकास उपलब्धि माथि देखिएकोले बालकहरूको विकास उपलब्धि वृद्धि गर्ने आवश्यक सहयोग पुऱ्याउन पर्ने।
५. शिक्षित आमाका बालबालिकाहरूको बालविकास उपलब्धि सन्तोषजनक भएकोले आमाहरूलाई शिक्षित बनाउन आवश्यक तयारी गर्ने।
६. दलित समुदायका बालबालिकाको बालविकास उपलब्धि कमजोर भएकोले उनीहरूलाई बालविकास उपलब्धि वृद्धि गर्न सहयोग पुऱ्याउन पर्ने देखिन्छ।
७. सन्धिखर्क नगरपालिकामा घरमा नेपाली भाषा बोल्नेभन्दा अन्य भाषा प्रयोग हुने बालबालिकाको बालविकास उपलब्धि माथि रहेकोले नेपाली भाषा बोल्ने बालबालिकाको कमजोरीको कारण खोजी सुधार गर्नुपर्ने देखिन्छ।
८. ECDI 2030 मा समावेश गरिएको २० वटा प्रश्नहरूमध्ये नाम लेख्न सक्ने विद्यार्थी सङ्ख्या १७% मात्र रहेकोले बालविकासमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।
९. ECDI 2030 मा समावेश भएका विभिन्न ११ वटा प्रश्नमा उपलब्धि स्तर कमजोर रहेकोले सुधार गर्नुपर्ने देखिन्छ।

## ४.३ भेरी नगरपालिका (जाजरकोट जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव

### ४.३.१ निष्कर्ष

२०७७ मा सम्पन्न बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा ७ वटा प्रदेशबाट सात वटा जिल्ला छनोट गरी हरेक जिल्लाबाट १/१ पालिका छनोट गर्दा कर्णाली प्रदेशको जाजरकोट जिल्लाको भेरी नगरपालिकाकालाई यस अध्ययनमा समावेश गरी ११९ बालविकास तहका बालबालिकाहरूको उपलब्धि यस अध्ययन प्रतिवेदनमा प्रस्तुत गरिएको छ। ECDI 2030 अन्तर्गतका विभिन्न प्रश्नहरू बालबालिकाहरूको आमाहरूसँग सोधी उनीहरूको बालबालिकाहरूमा भएको बालविकासको अवस्थालाई विश्लेषण गरिएको हो। ECDI 2030 मा समावेश भएका २० वटा प्रश्नहरूको उत्तरको आधारमा हेर्दा भेरी नगरपालिकाको बालविकास उपलब्धिको अवस्था राष्ट्रिय स्तरभन्दा तल रहेको छ। राष्ट्रिय स्तरमा बालबालिकाहरूमध्ये ८०% को उपलब्धि राम्रो स्तर (On Track) हुँदा भेरी नगरपालिकाको ७५ %मात्र (On Track) रहेको छ। भेरी नगरपालिकाका २४ देखि २९ महिना समूहका ३ बालबालिकाहरूमध्ये १०० प्रतिशतले न्यूनतम मापदण्ड पूरा गरेको (On Track) छन् भने ४८ देखि ५९महिना उमेर समूहका जम्मा ९६ बालबालिकाहरूमध्ये ७२ प्रतिशत बालबालिकाहरूले मात्र तोकिएको मापदण्ड पूरा गर्न (On Track) सकेका छन् र २८ प्रतिशत बालबालिकाहरू अझै

कमजोर (Not on Track) रहेको पाइएको छ (अनुसूची-४)।

उमेरगत अध्ययनमा समावेश भएका ६४ जना बालिकाहरूमध्ये ७८ प्रतिशत बालिकाहरूले बालविकासको न्यूनतम मापदण्ड (On Track) पूरा गर्न सकेका छन् भने ५५ जना बालकहरूमध्ये ७१ प्रतिशतले मात्र प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड (On Track) पूरा गर्न सकेका छन्। बाँकी २२ प्रतिशत बालिकाहरू र २९ प्रतिशत बालकहरू (Struggling) अवस्थामा रहेका छन्। पढेलेखेको आमाको बालबालिकाहरूको बालविकास उपलब्धि ७६% हुँदा नपढेको आमाको बालबालिकाहरूको सिकाइ उपलब्धि ७०% पाइयो।

त्यस्तै गरी पढेलेखेका बाबुको तुलनामा नपढेको बाबुको बालबालिकाहरूको विकास उपलब्धि थोरै तल देखिएको छ। जातिगत समूहको आधारमा हेर्दा बाहुन र क्षेत्री समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि जनजाति र दलित समुदायका बालबालिकाहरूको उपलब्धिभन्दा राम्रो (On Track) रहेको छ। भेरी नगरपालिकाको घरमा नेपाली भाषा प्रयोग गर्ने ११९ बालबालिकाहरूमध्ये ७२ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धि (On Track) मा रहेको छ भने अन्य भाषी बालबालिकाहरूको यस नगरपालिकामा छैनन्। सोधिएको प्रश्नमा १०० % प्रतिशत विकास खुसी तथा निराशा देखाउन सक्नेहरूका यस्तो व्यवहार बारम्बार देखाउने र आमा, बा जस्ता सरल शब्द भन्न सक्ने प्रश्न रहेको छ भने सबैभन्दा कम नाम भन्न र लेख्न सक्ने १७% मात्र रहेको देखियो।

### ४.३.१ सुझावहरू

बालबालिकाहरूको प्रारम्भिक बालविकास अध्ययनको आधारमा प्राप्त तथ्याङ्क माथि विश्लेषण गर्दा निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ।

- राष्ट्रिय स्तरमा सही अवस्थामा (On Track) आउन बाँकी २०% बालबालिकाहरूको कमजोरी पत्ता लगाई उनीहरूलाई उत्साहका लागि सहयोग गर्ने।
- भेरी नगरपालिकाका सही अवस्था (On Track) मा आउन बाँकी २५% बालबालिकाहरूको पहिचान गरी आवश्यकता हेरी सहयोग पुऱ्याउने।
- उमेरगत रूपमा ४८–५९ महिना समूहका बालबालिकाहरूको विकास उपलब्धि हेर्दा २८ प्रतिशत बालबालिकाहरू अझै कमजोर (Not on Track) पाइएको छ। सोको सुधार गर्न आवश्यक पहल गर्नुपर्ने।
- बालकहरूको तुलनामा बालिकाहरूको बालविकास उपलब्धि माथि देखिएकोले बालकहरूको विकास उपलब्धि वृद्धी गर्न आवश्यक सहयोग पुऱ्याउन पर्ने।
- शिक्षित आमाका बालबालिकाहरूको बालविकास उपलब्धि सन्तोषजनक भएकोले आमाहरूलाई शिक्षित बनाउन आवश्यक तयार गर्ने।
- दलित समुदाय र जनजाति समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि कमजोर भएकोले उनीहरूलाई बालविकास उपलब्धि वृद्धि गर्न सहयोग पुऱ्याउन पर्ने देखिन्छ।
- भेरी नगरपालिकाका बालबालिकाको घरमा नेपाली भाषा बोल्नेभन्दा अन्य भाषा प्रयोग नभएकाले भाषागत समस्या देखिएन।
- ECDI 2030 मा समावेश गरिएको २० वटा प्रश्नहरूमध्ये नाम लेख्न सक्ने बालबालिकाहरूको सङ्ख्या १७ % मात्र रहेकोले सिकाइमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।
- ECDI 2030 मा समावेश भएका विभिन्न ५ वटा प्रश्नमा उपलब्धि स्तर कमजोर रहेकोले सुधार गर्न पर्ने देखिन्छ।

## ४.४ गढी गाउँपालिका (सुनसरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव

### ४.४.१ निष्कर्ष

२०७७ मा सम्पन्न बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा ७ वटा प्रदेशबाट सातवटा जिल्ला छनोट गरी हरेक जिल्लाबाट एउटा पालिका छनोट गर्दा प्रदेश १ को सुनसरी जिल्लको गढी गाउँपालिकालाई यस अध्ययनमा समावेश गरी १३४ बालविकास तहका बालबालिका माथि प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरिएको छ। ECDI 2030 अन्तर्गतका विभिन्न प्रश्नहरू बालबालिकाको आमाहरूसँग सोधी उनीहरूको बालबालिकामा भएको बालविकासको अवस्थालाई विश्लेषण गरिएको हो (अनुसूची- ५)।

ECDI 2030 समावेश भएको २० वटा प्रश्नको आधारमा हेर्दा गढी गाउँपालिकाको बालबालिकाहरूको बालविकास अवस्था राष्ट्रिय स्तरभन्दा माथि रहेको छ। राष्ट्रिय स्तरमा बालबालिका उपलब्धि ८०% को उपलब्धि सहीस्तर (on track) हुँदा गढी गाउँपालिकाको ८६% रहेको छ। उमेर समूहको आधारमा हुँदा ३०–३५ महिना समूहको उपलब्धि १.०० (१००%) रहेको छ भने २४–२० महिना समूहको उपलब्धि १६% मात्र रहेको छ।

अध्ययनमा समावेश भएका बालबालिकाहरूमा बालिकाको तुलनामा बालकको विकास उपलब्धि उच्च रहेको पाइयो। पढेलेखेको आमाको बालबालिकाको बालविकास उपलब्धि ८६% हुँदा नपढेको आमाको बालबालिकाको बालविकास उपलब्धि उपलब्धि ८३% पाइयो। त्यस्तै गरी पढेलेखेका बाबुको तुलनामा नपढेको बाबुको बालबालिकाहरूको विकास उपलब्धि थोरै माथि देखिएको छ। जातिगत समूहको आधारमा हेर्दा क्षेत्री, जनजाति समुदायका बालबालिकाको बालविकास उपलब्धि १.०० अथवा १०० % सही अवस्था (On Track) रहेको छ भने ब्राह्मण समुदायका बालबालिकाको बालविकास उपलब्धि ५०% मात्र रहेको छ भने दलित बालबालिकाको उपलब्धि ०.००% रहेको देखियो। यस गाउँपालिकामा घरमा नेपाली भाषा बोल्ने बालबालिकाभन्दा घरमा नेपाली भाषा प्रयोग नहुने बालबालिकाको बालविकास उपलब्धि माथि देखिएको छ।

त्यस्तै गरी ECDI 2030 मा समावेश भएको २० वटा प्रश्नहरूको आधारमा बालबालिकाहरूको उपलब्धि विश्लेषण गर्दा एउटा प्रश्न १००% सही उपलब्धि (On track) मा देखिएको र सबैभन्दा कम नाम भन्न सक्ने एउटा प्रश्न १९% मात्र सही अवस्था (On track) मा देखिएको छ। यसरी हेर्दा १० वटा प्रश्नमा ९०% भन्दा माथि, छ वटा प्रश्नमा ६०% –९०% र सबै भन्दा कम एउटा प्रश्न १९% रहेको देखिएको छ।

### ४.४.२ सुझावहरू

बालबालिकाको प्रारम्भिक बालविकास अध्ययनको आधारमा प्राप्त तथ्याङ्क माथि विश्लेषण गर्दा निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ।

- राष्ट्रिय स्तरमा सही अवस्थामा (On track) मा आउन बाँकी २०% बालबालिकालाई कमजोरी पत्ता लगाई सहयोग गर्ने।
- गढी गाउँपालिकाका सही अवस्था (On track) मा आउन बाँकी १४% बालबालिकाको पहिचान गरी आवश्यक सहयोग पुऱ्याउने।
- २४–२९ महिना समूहका बालबालिकाको विकास उपलब्धि १७ % रहेकोले सोको सुधार गर्न आवश्यक पहल गर्नुपर्ने।

- बालिकाको तुलनामा बालकहरूको बालविकास उपलब्धि माथि देखिएकोले बालिकाहरूको विकास उपलब्धि वृद्धि गर्न आवश्यक सहयोग पुऱ्याउन पर्ने ।
- अशिक्षित आमाका बालबालिकाहरूको बालविकास उपलब्धि सन्तोषजनक नभएकोले आमाहरूलाई शिक्षित बनाउन आवश्यक तयारी गर्ने ।
- दलित समुदाय र ब्राह्मण समुदायका बालबालिकाको बालविकास उपलब्धि कमजोर भएकोले उनीहरूलाई बालविकास उपलब्धि वृद्धि गर्न सहयोग पुऱ्याउनुपर्ने देखिन्छ ।
- गढी गाउँपालिकामा घरमा नेपाली भाषा बोल्नेभन्दा अन्य भाषा प्रयोग हुने बालबालिकाको बालविकास उपलब्धि माथि रहेकोले नेपाली भाषा बोल्ने बालबालिकाको कमजोरी हुनको कारण खोजी सुधार गर्न पर्ने देखिन्छ ।
- ECDI 2030 मा समावेश गरिएको २० वटा प्रश्नहरूमध्ये नाम लेख्न सक्ने विद्यार्थी सङ्ख्या १९% मात्र रहेकोले विकासमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- ECDI 2030 मा समावेश भएका विभिन्न ६ वटा प्रश्नमा उपलब्धि स्तर कमजोर रहेकोले सुधार गर्नुपर्ने देखिन्छ ।

## ४.५ सुनकोशी गाउँपालिका (सिन्धुली जिल्ला) भित्रका बालबिकास केन्द्रहरू (ECD Centers) का बालकालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव

### ४.५.१ निष्कर्ष

नेपालका सात प्रदेशअन्तर्गत १, १ जिल्ला छनोट गरी हरेक जिल्लाबाट १,१ पालिकाअन्तर्गतका एक विद्यालय छनोट गर्ने क्रममा वागमती प्रदेशका सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिकाका २४ देखि २९ महिना उमेरसमूहका १८५ बालबालिकालाई ECDI 2030 अन्तर्गतका विभिन्न २० प्रश्नहरू बालबालिकाको आमासँग सोधी उनीहरूको बालविकासको अवस्थालाई यस अध्ययनमा विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । उक्त प्रश्नहरूको प्रतिक्रियाका आधारमा हेर्दा सुनकोशी गाउँपालिकाको बालविकास अवस्था राष्ट्रियस्तरको दाँजोमा केही कम रहेको पाइएको छ । राष्ट्रियस्तरमा बालविकासको उपलब्धि ८०% को सही स्तर (On Track) मा छ भने पालिकाको ७९ प्रतिशत रहेको छ । उमेर समूहको आधारमा हेर्दा उमेर बढ्दै जाँदा बालबालिकाको बालविकासमा क्रमश बढ्दै जानुपर्नेमा पालिकामा उक्त स्तर घटबढ भएको अवस्था देखिएको छ (अनुसूची-६) ।

अध्ययनमा समावेश भएका बालबालिकाहरूमा बालकको तुलनामा बालिकाको विकास उच्च स्तरमा रहेको छ । शिक्षित आमाको बालबालिकाको बालविकास सही स्तर (On Track) ८० प्रतिशत छ भने अशिक्षितको कम, ७४ प्रतिशत रहेको छ । त्यसैगरी शिक्षित बाबुको बालविकासको सही स्तर ८१% देखिँदा अशिक्षित बाबुको उक्त स्तर केवल ५६ प्रतिशत मात्र रहेको छ ।

जातिका आधारमा बालविकास स्तर विशेषण गर्दा मधेसी बालविकासको विकास स्तर १००%, ब्राह्मण को ८६%, जनजाति र क्षेत्रीको ८५%, दलितको ६३ प्रतिशत देखिन्छ भने सबैभन्दा कम बालबालिकाको बालविकास स्तर ६७ प्रतिशतमात्र सही स्तरमा देखिन्छ ।

घरमा नेपाली भाषा प्रयोग गर्ने ९७.७% भन्दा गैर नेपाली भाषा प्रयोग गर्ने ९८.८% बालबालिका स्तर राम्रो पाइयो । यस्तै ECDI 2030 मा समावेश गरिएका प्रश्नगत नतिजाहरूमा ९९% बालबालिका बारम्बार बेखुसी रहने गरेको र बालबालिकाहरूले बाबा, काका, मामा जस्ता सरल शब्दहरू १० भन्दा बढी भन्न सकेको पाइएको छ, भने आफ्नो नाम लेख्न सक्ने बालबालिकाहरू केवल १६ प्रतिशत मात्र रहेका छन् ।

### ४.५.२ सुझावहरू

बालबालिकाको प्रारम्भिक विकास अध्ययन गर्दा माथिको प्रतिवेदनका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएका छन्।

- पालिकाको स्तर राष्ट्रिय स्तरभन्दा तल रहेकाले सही स्तर (On Track) मा ल्याउनका लागि भएका कमजोरीहरू केलाउने।
- पालिकाले बालबालिकाको बालविकास सही स्तर (On Track) मा वृद्धि गर्न आवश्यक योजना निर्माण र कार्यान्वयन गर्ने।
- बढ्दो उमेरसँगै बालविकासको सही स्तर (On Track) पनि बढ्नुपर्नेमा पालिकामा उक्त स्तर घटबढ भएको अवस्था देखिएको छ। यसको कारण पहिचान गरी समाधानको खोजी गर्ने।
- बालकको बालविकास स्तर बालिकाको दाँजोमा कम भएकाले समान स्तरका लागि जोड दिने।
- शिक्षित आमाबाबुका बच्चाहरूको बालविकास स्तर राम्रो देखिएकाले आमाबाबुलाई शिक्षित बनाउन कार्यक्रमहरू ल्याउने।
- दलित समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि कमजोर भएकाले समुदायको विकासतर्फ ध्यान दिने।
- ECDI 2030 मा समावेश गरिएको २० वटा प्रश्नहरूमा आफ्नो नाम लेख्न सक्ने विद्यार्थीको केवल १६ प्रतिशत रहेकाले सिकाइमा ध्यान दिनुपर्ने।
- ECDI 2030 मा समावेश गरिएका प्रश्नहरूमध्ये ४ प्रश्नहरूमा उपलब्धि स्तर ज्यादै कमजोर देखिएकाले सुधार गर्न आवश्यक पहल गर्नुपर्ने।

## ४.६ मादी गाउँपालिका(कास्की जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्यायनको निष्कर्ष र सुझाव

### ४.६.१ निष्कर्ष

२०७७ मा सम्पन्न बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा ७ वटा प्रदेशबाट सात वटा जिल्ला छनोट गरी हरेक जिल्लाबाट एउटा पालिका छनोट गर्दा गण्डकी प्रदेशको कास्की जिल्लाको मादी गाउँपालिकालाई यस अध्ययनमा समावेश गरी १६७ बालविकास तहका बालबालिकाहरूको उपलब्धि यस अध्ययन प्रतिवेदनमा प्रस्तुत गरिएको छ। ECDI-2030 अन्तर्गतका विभिन्न प्रश्नहरू बालबालिकाहरूको आमाहरूसँग सोधी उनीहरूको बालबालिकामा भएको बालविकासको अवस्थालाई विश्लेषण गरिएको हो। ECDI-2030 मा समावेश भएका २० वटा प्रश्नहरूको उत्तरको आधारमा हेर्दा मादी गाउपालिकाको बालविकास उपलब्धिको अवस्था राष्ट्रिय स्तर भन्दा तल रहेको छ। राष्ट्रिय स्तरमा बालबालिका उपलब्धि ०.८०%को उपलब्धि राम्रो स्तर (On track) हुँदा मादी गाउपालिकाको ७२ % रहेको छ। ३० देखि ३५ महिना उमेर समूहका जम्मा १७ जना बालबालिकामध्ये सबै (१०० प्रतिशत) बालबालिकाहरूले (ECDI-2030) का न्यूनतम मापदण्ड पूरा गरेको पाइएको छ (अनुसूची-७)। ४८ देखि ५९महिना उमेर समूहका जम्मा १०५ बालबालिकाहरूमध्ये ६३ प्रतिशत बालबालिकाहरूले मात्र तोकिएको मापदण्ड पूरा गर्न (On track) सकेका छन्। अध्ययनमा समावेश भएमा बालबालिकाहरूमा बालकको (६५%) तुलनामा बालिकाको विकास उपलब्धि (७९%) उच्च (रहेको पाइयो। पढेलेखेको आमाको बालबालिकाको बालविकास उपलब्धि ७७% हुँदा नपढेको आमाहरूको बालबालिकाहरूको सिकाइ उपलब्धि ४५.८३% पाइयो। त्यस्तै गरी पढेलेखेका बाबुको तुलनामा नपढेको बाबुको बालबालिकाहरूको विकास उपलब्धि थोरै तल देखिएको छ। जातिगत समूहको आधारमा हेर्दा बाहुन र जनजाति समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि

क्षेत्री र दलित समुदायका बालबालिकाहरूको उपलब्धिभन्दा राम्रो ECDI 2030 रहेको छ। यस गाउँपालिका घरमा नेपाली भाषा बोल्ने बच्चाको भन्दा घरमा नेपाली भाषा प्रयोग नहुने बालबालिकाको बालविकास उपलब्धि माथि देखिएको छ। त्यस्तै गरी ECDI-2030 मा समावेश भएको २० वटा प्रश्नहरूको आधारमा बालबालिकाहरूको उपलब्धि विश्लेषण गर्दा सोधिएको प्रश्नमा १०० % प्रतिशत विकास खुसी तथा निराशा देखाउन सक्नेहरू र यस्तो व्यवहार बारम्बार देखाउने एउटा मात्र प्रश्न रहेको छ भने सबैभन्दा कम नाम भन्न सक्ने २४% मात्र रहेको देखियो।

### ४.६.२ सुझावहरू

बालबालिकाको प्रारम्भिकबालविकास अध्ययनको आधारमा प्राप्त तथ्याङ्क माथि विश्लेषण गर्दा निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ।

- राष्ट्रिय स्तरमा सही अवस्थामा (On track) आउन बाँकी २०% बालबालिकालाई कमजोरी पत्ता लगाई सहयोग गर्ने।
- मादी गाउँपालिकाका सही अवस्था (On track) मा आउन बाँकी २८% बालबालिकाको पहिचान गरी आवश्यकता सहयोग पुऱ्याउने।
- ४८/५९ महिना समूहका बालबालिकाको विकास उपलब्धि ३७ प्रतिशत बालबालिकाहरू अझै कमजोर -Not on the track) पाइएको छ सोको सुधार गर्न आवश्यक पहल गर्नुपर्ने।
- बालकहरूको तुलनामा बालिकाको बालविकास उपलब्धि माथि देखिएकोले बालकहरूको बालविकास उपलब्धि वृद्धी गर्ने आवश्यक सहयोग पुऱ्याउन पर्ने।
- शिक्षित आमाका बालबालिकाहरूको बालविकास उपलब्धि सन्तोषजनक भएकोले आमाहरूलाई शिक्षित बनाउन आवश्यक तयारी गर्ने।
- दलित समुदाय र क्षेत्री समुदायका बालबालिकाको बालविकास उपलब्धि कमजोर भएकोले उनीहरूलाई बालविकास उपलब्धि वृद्धि गर्न सहयोग पुऱ्याउन पर्ने देखिन्छ।
- मादी गाउँपालिकामा घरमा नेपाली भाषा बोल्नेभन्दा अन्य भाषा प्रयोग हुने बालबालिकाको बालविकास उपलब्धि कम रहेकोले कारण खोजी सुधार गर्न पर्ने देखिन्छ।
- ECDI-2030 मा समावेश गरिएको २० वटा प्रश्नहरूमध्ये नाम लेख्न सक्ने विद्यार्थी सङ्ख्या २४% मात्र रहेकोले सिकाइमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।
- ९.ECDI-2030मा समावेश भएका विभिन्न ६ वटा प्रश्नमा उपलब्धि स्तर कमजोर रहेकोले सुधार गर्नुपर्ने देखिन्छ।

## ४.७ पिपरा गाउँपालिका (महोत्तरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययनको निष्कर्ष र सुझाव

### ४.७.१ निष्कर्ष

यो खण्डमा पिपरा गाँउपालिकाको सन्दर्भमा परीक्षणको आधारमा प्राप्त मुख्यमुख्य नतिजाबाट प्राप्त निष्कर्ष र उक्त नतिजाहरूको सुझावहरूलाई यहाँ प्रस्तुत गरिएको छ (अनुसूची-८)।

**नतिजा**

पिपरा गाँउपालिकाको फोनको आधारमा गरिएको परीक्षणको निष्कर्ष देहायबमोजिम प्रस्तुत गरिएको छ।

- पिपरा गाँउपालिकामा २० प्रतिशतभन्दा धैरै विद्यार्थीहरू स्ट्रगलिङ अवस्थामा रहेका छन्।
- पिपरा गाउँपालिकाका बालबालिकाहरूको उपलब्धि राष्ट्रिय नतिजाभन्दा खासै भिन्न रहेको देखिँदैन।
- राष्ट्रिय नतिजाभन्दा फरक पिपरा गाँउपालिकामा On track बालिकाहरूको प्रतिशत बालकहरूको भन्दा उच्च देखिन्छ।
- पिपरा गाउँपालिकामा उमेर समूहअनुसार ३०-३५ महिनाको बालबालिकाको उपलब्धि सबैभन्दा उच्च र ३६-४१ महिनाका बालबालिकाको उपलब्धि सबैभन्दा न्यून देखिन्छ।
- शिक्षित आमा भएका बालबालिकाहरूमा On trackको प्रतिशत अशिक्षित आमा भएका बालबालिकाको भन्दा उच्च देखिन्छ।
- शिक्षित बुबा भएका बालबालिकाहरूमा On trackको प्रतिशत अशिक्षित बुबा भएका बालबालिकाको भन्दा न्यून देखिन्छ।
- मधेसी, जनजाति र दलित बालबालिकाको उपलब्धिको तुलना गर्दा ब्राम्हण बालबालिकाहरूको उपलब्धि सबैभन्दा उच्च र दलितको सबैभन्दा न्यून देखिन्छ। राष्ट्रिय रूपमा पिपरा गाउँपालिकाको भन्दा फरक मधेसी बालबालिकाको उपलब्धि सबैभन्दा उच्च देखिन्छ।
- घरमा बोलिने भाषा नेपाली भएका र अन्य को तुलना गर्दा नेपाली भाषा भएका बालबालिकाहरूको उपलब्धि उच्च देखिन्छ। राष्ट्रिय रूपमा घरमा नेपालीबाहेक अन्य भाषा बोल्ने बालबालिकाहरूको उपलब्धि राम्रो देखिन्छ।
- आइटमअनुसारको नतिजालाई राष्ट्रिय तहको नतिजासँग तुलना गर्दा धैरै आइटमहरूमा राष्ट्रिय नतिजाभन्दा राम्रो देखिन्छ भने केही आइटमहरूमा भने पिपरा गाउँपालिकाका बालबालिकाहरू कमजोर रहेको पाइन्छ।
- परीक्षणमा बालकभन्दा धैरै बालिकाहरू समावेश गरिएको पाइन्छ।
- पिपरा गाँउपालिकामा परीक्षणमा ४८-५९ महिना उमेर समूहका बालबालिकाहरूको प्रतिशत सबैभन्दा उच्च रहेको छ।
- गाँउपालिकामा मधेसी, ब्राह्मण, जनजाति र दलित बालबालिकाको बाहुल्यता रहेको देखिन्छ।
- पिपरा गाँउपालिकामा घरमा नेपाली भाषाभन्दा अन्य भाषा बोल्ने बालबालिकाहरूको प्रतिशत उच्च रहेको देखिन्छ।

### ४.७.२ सुझाव

पिपरा गाँउपालिकाको नतिजाको विश्लेषण गर्दा यसले महत्त्वपूर्ण तथ्यहरू देखाएको छ। यी तथ्यहरूका सन्दर्भमा थप अध्ययन अनुसन्धान गरी बालबालिकाहरूको सिकाइ तथा विकासस्तरमा सुधार ल्याउन सकिन्छ। त्यस्तै अध्ययनका नतिजाहरूलाई आधार मानेर बालविकास शिक्षाका सन्दर्भमा योजना, कार्यक्रमहरू निर्माण गर्न, कार्यान्वयन गर्न र अनुगमन मूल्याङ्कनका क्रियाकलापहरू सफलतापूर्वक सञ्चालन गर्न पृष्ठपोषण प्राप्त गर्न सकिन्छ। यसका साथसाथै अध्ययनमा देखिएका नतिजाहरूमा सरोकारवालाले ध्यान दिनुपर्ने विषयहरू देहायबमोजिम रहेका छन्।

- स्ट्रगलिङ अवस्थामा रहेका बालबालिकाहरू पहिचान गरी उनीहरूलाई On trackमा लैजानका लागि नीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।
- पिपरा गाउँपालिकामा बालकहरूको उपलब्धि बालिकाहरूको तुलनामा कमजोर देखिएको सन्दर्भमा यसको कारण

पहिचान गरी बालकहरूको उपलब्धिमा ध्यान दिनुपर्ने देखिन्छ ।

- उमेर समूह ३६-४१ महिनाका बालबालिकाको उपलब्धि कमजोर हुनाको कारण पत्ता लगाई त्यसको सुधारका लागि पहलकदमी लिनुपर्ने देखिन्छ ।
- अशिक्षित आमा, बुबा भएका बालबालिकाहरूको उपलब्धिमा सुधारकोलागि विशेष कार्यक्रमको व्यवस्था गरी कार्यन्यवनमा ल्याउनुपर्ने देखिन्छ ।
- दलित, जनजाति समुदायका बालबालिकाको उपलब्धिस्तर बढाउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- On track विद्यार्थीहरूको प्रतिशत न्यून भएको आइटममा बालबालिकाहरूको विकासका लागि ती आइटमहरूलाई केन्द्रित गरेर कक्षा कोठाकोठाका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**समग्रमा अध्ययनको निष्कर्ष**

१) अध्ययनमा सहभागी बालबालिकाहरूका अभिभावकमध्ये ८४ प्रतिशत अभिभावकले विभिन्न तहको औपचारिक शिक्षा प्राप्त गरेका छन् । यसले बालबालिको पोषण, स्याहार र शिक्षामा सकारात्मक प्रभाव पर्नेछ ।

२) बालबालिकाको सिकाइ र विकासमा घरमा उपलब्ध हुने चित्र किताब वा अन्य बालकेन्द्रित सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । अध्ययनमा सहभागी ४० प्रतिशत बालबालिकाहरूको घरमा यस प्रकारका सामग्रीहरूको उपलब्धता नभएको र भएका ५८ प्रतिशत बालबालिकाहरूसँग पनि ती सामग्री पर्याप्त नभएको देखिएको छ ।

३) बालबालिकाको सिकाइ क्षेत्रअन्तर्गत ECDI 2030 ले निर्धारण गरेअनुसार शारीरिक तन्दुरुस्ती र स्वास्थ्य अवस्थाको क्षेत्रमा ९० प्रतिशत बालबालिकाहरू हिड्न तथा उफ्रिन सक्छन् भने ६७ प्रतिशतले आफ्नो कपडा आफै लगाउन सक्छन् र कपडाको टाँक लगाउन सक्ने बालबालिकाको प्रतिशत ५८ रहेको छ ।

४) अध्ययनमा सहभागी भएका करिब सबै बालबालिका (९९ प्रतिशत) ले दश वा सोभन्दा बढी सरल शब्द भन्न सक्छन् । आफ्नो नाम लेख्न सक्ने बालबालिकाको प्रतिशत १७ मात्र र १ देखि ५ सम्मका अङ्क चिन्ने बालबालिका ६० प्रतिशत छन् । सिकाइ क्षेत्रमा समग्र अवस्था मध्यमस्तरको रहेको छ ।

५) संवेगात्मक र सामाजिक क्षेत्रमा बालबालिकाहरू साथीसँग मिल्ने र वेखुसी हुने दुवै खालका व्यवहार प्रदर्शन गर्ने पाइएको छ । अभिभावकका अनुसार ४५ प्रतिशत बालबालिकाले झगडा गर्छन् भन्ने देखिन्छ । अभिभावकले झगडालाई कसरी बुझ्छन् भन्ने फरक सन्दर्भ पनि हुन सक्छ । करिब ९५ प्रतिशत बालबालिकाले घरका अन्य सदस्यको बारेमा चासो र जिज्ञासा राख्ने गरेको पाइएको छ । यस अर्थमा संवेगात्मक विकास पनि राम्रो भन्न सकिन्छ ।

६) समग्रमा ECDI 2030 का सूचकहरुका आधारमा बालबालिकाको सिकाइ तथा विकासस्तर राम्रो पाइएको छ ।

७) उमेर अनुसार ECDI 2030 का सूचकहरुको विश्लेषण र त्यसका लागि निर्धारण गरिएको न्यूनतम सिकाइ स्तरको आधार (Milestone) पूरा गर्ने दर, २४ देखि २९ महिनाको ७४ प्रतिशत, ३० देखि ३५ महिनाको ९२ प्रतिशत, ३६ देखि ४१ महिनाको ८५ प्रतिशत, ४१ देखि ४७ महिनाको ८५ प्रतिशत र ४८ देखि ६० महिनाको ७६ प्रतिशत रहेको छ । उमेरअनुसार उपर्युक्त उमेरमा राम्रो विकासस्तर हुने देखिन्छ ।

८) अध्ययनमा सहभागी भएका ८० प्रतिशत बालबालिकाहरूले ECDI 2030 का सूचकहरूका आधारमा निर्धारण गरिएको न्यूनतम सिकाइ स्तरको आधार (Milestone) पूरा गरेका छन् ।

# Reference


Belfield, C. R., Nores, M., Barnett, S., & Schweinhart, L. (2006). The high/scope perry Preschool program cost–benefit analysis using data from the age-40 followup. *Journal of Human resources, 41*(1), 162-190.

Bowne, J. B., Magnuson, K. A., Schindler, H. S., Duncan, G. J., & Yoshikawa, H. (2017). A

Meta-Analysis of Class Sizes and Ratios in Early Childhood Education Programs: Are Thresholds of Quality Associated With Greater Impacts on Cognitive, Achievement,

and Socioemotional Outcomes?. *Educational Evaluation and Policy Analysis, 39(3),* 407-428.

Bronfenbrenner, U. (1986). Ecology of the family as a context for human development: Research perspectives. *Developmental psychology,* 22(6), 723.

Burchinal, M. R., Cryer, D., Clifford, R. M., & Howes, C. (2002). Caregiver training and classroom quality in child care centers. *Applied Developmental Science, 6*(1), 2-11.

Campbell, F. A., Ramey, C. T., Pungello, E., Sparling, J., & Miller-Johnson, S. (2002). Early childhood education: Young adult outcomes from the Abecedarian Project. *Applied Developmental Science, 6*(1), 42–57.

Chatterji, M. (2003). Designing and using tools for educational assessment. Allyn & Bacon. Clarke-Stewart, K. A., Vandell, D. L., Burchinal, M., O'Brien, M., & McCartney, K. (2002). Do regulable features of child-care homes affect children's development? *Early Childhood Research Quarterly, 17*(1), 52-86.

Department of Education (DOE). (2018). Flash Report I (2017-2018). Sanothimi Bhaktapur, Nepal.

Department of Education (DOE). (2019). Flash Report I (2018-2019). Sanothimi Bhaktapur, Nepal.

Department of Education (DOE). (2020). Flash Report I (2019-2020). Sanothimi Bhaktapur, Nepal.

Department of Education. (DOE). (2062 BS). Early Childhood Development Handbook

(Curriculum). Sanothimi: DOE.

Department of Education. (DOE). (2067 BS). National Minimum Standards for ECD Centers. Sanothimi: DOE. -90-

Department of Education (DOE). (2069 BS). Early Learning and Development Standards for the Children from 48 to 60 Months Old. Sanothimi Bhaktapur, Nepal: Author. Early, D. M., Maxwell, K. L., Ponder, B. B., & Pan, Y. (2017).

Improving teacher-child interactions: A randomized control trial of Making the Most of Classroom Interactions and My Teaching Partner professional development models. *Early Childhood Research Quarterly, 38,* 57-70.

Education Review Office (ERO). (2017-a). Assessing Early Learning and Development Standards. Assessment Framework for the Assessment of ECD in Nepal Sanothimi, Bhaktapur, Nepal: ERO.

Education Review Office (ERO). (2017-b). A Report on ECD Assessment in Nepal 2017. Sanothimi, Bhaktapur, Nepal: ERO.

Education Review Office (ERO). (2018). Assessment of Early Childhood Education and Development 2018: A Report on Early Learning and Development Standards (ELDS). Sanothimi, Bhaktapur, Nepal: ERO.

Education Review Office (ERO). Assessment of Early Childhood Education and Development 2019: A Report on Early Learning and Development Standards (ELDS). Sanothimi, Bhaktapur, Nepal: ERO.

Fukkink, R. G., & Lont, A. (2007). Does training matter? A meta-analysis and review of caregiver training studies. *Early Childhood Research Quarterly, 22*(3), 294-311. Ghazvini, A., & Mullis, R. L. (2002). Center-based care for young children: Examining predictors of quality. *The Journal of Genetic Psychology, 163*(1), 112-125.

Heckman, J. J. (2006). Skill formation and the economics of investing in disadvantaged children. Science, 312(5782), 1900-1902.

Heckman, J. J. (2008). Schools, skills, and synapses. Economic Inquiry, 46(3), 289-324.

Howes, C. (1997). Children's experiences in center-based child care as a function of teacher background and adult: child ratio. *Merrill-Palmer Quarterly (1982-)*, 404-425.

Kadel, S., & Mahat, B. M. (2011). Scaling Up Early Child Development in Nepal: Scaling Up Community- and School-Based Early Childhood Development Centers in Nepal. Kathmandu, Nepal: Global Economy and Development at Brookings.

Keys, T. D., Farkas, G., Burchinal, M. R., Duncan, G. J., Vandell, D. L., Li, W., Ruzek, E.A.,& Howes, C. (2013). Preschool center quality and school readiness: Quality effects and variation by demographic and child characteristics. Child development, 84(4),1171-1190-91

McCain, M. N., Mustard, J. F., & Shanker, S. (2002). *Early years study 2: Putting science into action.* Council for Early Child Development.

MoES. (2004). Strategy paper for early childhood development in Nepal. Kathmandu: Ministry of Education and Sports, Government of Nepal.

Ministry of Education. (2009). School Sector Reform Plan 2009-2015. Kathmandu, Nepal: Ministry of Education and Sports.

Ministry of Education. (2016). Education act 8th amendment. Kathmandu, Nepal: Ministry of Education.

Ministry of Education. (2016). School Sector Development Plan, Nepal, 2016–2023. Kathmandu, Nepal: Ministry of Education, Government of Nepal.

OECD. (2014). *Does Pre-primary Education Reach Those Who Need It Most? PISA in Focus 40.* Paris: OECD.

Peisner-Feinberg, E. S., Burchinal, M. R., Clifford, R. M., Culkin, M. L., Howes, C., Kagan, S. L., & Yazejian, N. (2001). The relation of preschool child-care quality to children's cognitive and social developmental trajectories through second grade.*Child development, 72*(5), 1534-1553.

Phillips, D. A., & Shonkoff, J. P. (Eds.). (2000). *From neurons to neighborhoods: The science of early childhood development.* National Academies Press.

Peterson, C. H., Schulz, E. M., & Engelhard Jr, G. (2011). Reliability and validity of bookmark-based methods for standard setting: comparisons to Angoff-based methods in the National Assessment of Educational Progress. *Educational Measurement: Issues and Practice, 30(2),* 3-14.

Pianta, R. C., DeCoster, J., Cabell, S., Burchinal, M., Hamre, B. K., Downer, J., & Howes, C. (2014). Dose–response relations between preschool teachers' exposure to components of professional development and increases in quality of their interactions with children. *Early Childhood Research Quarterly, 29(*4), 499-508.

Raikes, H.A. (2016). Measuring of child development and learning. Paper commissioned for the Global Education Monitoring Report 2016, Education for People and Planet: Creating Sustainable Futures for All. Paris: UNESCO.

Raver, C. C., Jones, S. M., Li-Grining, C. P., Metzger, M., Champion, K. M., & Sardin, L. (2008). Improving preschool classroom processes: Preliminary findings from a randomized trial implemented in Head Start settings. *Early Childhood Research Quarterly, 23(*1), 10-26.

Shonkoff, J. P., Garner, A. S., Siegel, B. S., Dobbins, M. I., Earls, M. F., McGuinn, L.,... & 92 -

Committee on Early Childhood, Adoption, and Dependent Care. (2012). The lifelong effects of early childhood adversity and toxic stress. Pediatrics, 129(1), e232-e246.

Shrestha, K., Pradhananga, D., & Bhattarai, G. P. (2017). Devising a Framework for Assessing Early Childhood Learning and Development in Nepal. *Educational assessment,* 57.

UNESCO. (2007). *EFA Global Monitoring Report. Strong Foundations: Early Childhood Care and Education*. Paris: UNESCO.

UNESCO. (2010). The Dakar framework for action: Education for all: Meeting our collective commitments. UNESCO.

UN General Assembly. (1989). Convention on the Rights of the Child. *United Nations, Treaty Series, 1577*(p. 3).

United Nations General Assembly. (2015). Transforming our world: the 2030 Agenda for Sustainable Development. New York: United Nations.

United Nations General Assembly. (2017). Global indicator framework for the Sustainable Development Goals and targets of the 2030 Agenda for Sustainable Development. *United Nations Statistics Division: New York, NY, USA.*

UNICEF. (2014). Early childhood development: The key to a full and productive life. UNICEF: New York.

UNICEF. (2017). Early Learning and Development Standards and School Readiness: Evaluation Report. NY: Author.

Van Huizen, T. M., & Plantenga, J. (2015). Universal child care and children's outcomes: A meta-analysis of evidence from natural experiments. *Discussion Paper Series/Tjalling C. Koopmans Research Institute, 15*(13).

Winter, P. (2010). Neuroscience and early childhood development: Summary of selected literature and key messages for parenting. Victoria, Australia: Ministerial Council for Education, Early Childhood Development and Youth Affairs.

World Bank. (2013). Nepal Early Childhood Development: SABER Country Report 2013. Washington DC: World Bank.

# अनुसूचीहरू

## अनुसूची – १ प्रारम्भिक बालविकास परीक्षण साधन
## (Early Child Development Index)

२०७७

१) बालविकास केन्द्र/विद्यालयको नाम :........................................ विद्यालयको कोड नं.: (IEMIS अनुसार).......................

२) बालबालिकाको नाम:.................................................. छात्रा ☐ छात्र ☐

३) बालबालिकाको उमेर: ................महिना (२०७७ मङ्सिर मसान्तसम्म पूरा भएको)

४) बालबालिकाले बोल्ने मातृभाषा.................

**प्रश्नहरू :**

| | | |
|---|---|---|
| म तपाईंलाई तपाईंको नानी/बाबुसँग (नाम) सम्बन्धित केही निश्चित कुराहरू सोध्न चाहन्छु । बालबालिका फरक-फरक गतिमा बढ्छन् र सिक्छन् भन्ने कुरा ध्यानमा राख्नुहोस् । उदाहरणका लागि कतिपय बालबालिका अन्यभन्दा पहिले बोल्न सुरु गर्छन् वा उनीहरू केही शब्दहरू भन्न सक्छन् तर अझै वाक्य बनाउन सक्दैनन् । मैले तपाईंलाई अहिले सोध्ने सबै कुराहरू तपाईंका बालबालिकाले गर्न सक्छन् भन्ने छैन । उनले गर्न सक्ने वा नसक्ने मलाई भन्नुहोला । जवाफ दिन अलमल हुनुभयो भने पनि मलाई भन्नुहोला है । | | |
| १. (***नाम***) खाल्डाखुल्डी भएको, नमिलेको, उकालो/ओरालो बाटोमा नलडी हिँड्न सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| २. (***नाम***) ले दुवै खुट्टाले भुइँ छाडेर उफ्रन सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| ३. (***नाम***) ले कसैको सहयोगविना आफ्नो कपडाहरू (सर्ट) आफैँ लगाउन सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| ४. (***नाम***) ले कसैको सहयोग विना आफ्नो कपडाको टाँक लगाउन र खोल्न सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| ५. (***नाम***) ले 'आमा' वा 'मामा' 'बल' जस्ता सरल शब्दहरू दश वा सो भन्दा बढी भन्न सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| ६. (***नाम***) ले तीन वा बढी शब्द भएका वाक्य बोल्न सक्छन् ?(जस्तै 'म पानी खान्छु' वा 'घर ठूलो छ') | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |

| | | |
|---|---|---|
| ७. (*नाम*) ले पाँच वा बढी शब्द भएका वाक्य बोल्न सक्छन् ? (जस्तै – 'त्यो घर धेरै ठूलो छ', आज मेरो खेलौना कता छ ?) | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| ८. (*नाम*) ले'म', 'तिमी,' 'उनी' वा 'ऊ' मध्ये कुनै शब्द सही ढङ्गले प्रयोग गर्न सक्छन् ? (जस्तै : 'म पानी खान्छु' वा 'ऊ भात खान्छ' तिमी कता जान्छौं ?) | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन.......................... | |
| ९. तपाईंले (*नाम*) लाई कुनै वस्तु (जस्तै – कचौरा वा जनावर) दे खाउनुभयो भने उनले अलमल नगरी त्यो वस्तु चिन्न र नाम भन्न सक्छन् ? | भन्छन्.................................<br>भन्दैनन्...............................<br>थाहा छैन............................... | |
| १०. (*नाम*) ले नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न (देखेर) सक्छन् ? (क, प, ल .....) | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| ११. (*नाम*) ले आफ्नो नाम लेख्न सक्छन् ? (नेपाली वा अङ्ग्रेजी वा मातृभाषा) | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १२. (*नाम*) ले १ देखि ५ सम्मका सबै अङ्क चिन्न (देखेर) सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १३ तपाईंले (*नाम*) सँग तीनवटा चीज ((जस्तै – तीनवटा ढुङ्गा वा तीनवटा गेडागुडी) देऊ भनेर माग्नुभयो भने उसले तपाईंलाई तीनवटा नै दिन सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १४. (*नाम*) ले १० वटा वस्तु (जस्तै – १० औंला) गल्ती नगरी गन्न सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १५. (*नाम*) ले रङ लगाउने वा ब्लक मिलाउने जस्ता काम पटक पटक अरूको सहयोग नमागी तथा बीचमै नछोडी गर्न सक्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १६. (*नाम)* ले आमाबाबुबाहेक घरमा भएका अरू परिचित व्यक्तिहरूलाई नदेख्दा उनीहरूको बारेमा सोध्छन् ? (जस्तै – हजुरबुबा कहाँ हुनुहुन्छ?) | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १७. (*नाम*) सँग कसैले सहयोग माग्यो भने सहयोग गर्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |
| १८. (*नाम*) अन्य बालबालिकासँग मिल्छन् ? | सक्छन्.................................<br>सक्दैनन्...............................<br>थाहा छैन............................... | |

| | | |
|---|---|---|
| १९. (***नाम***) कति बेखुसी वा निराश देखिन्छन् ? | दिनहुँ....................................<br>साप्ताहिक...............................<br>मासिक...................................<br>वर्षमा केही पटक.....................<br>कहिल्यै..................................<br>थाहा छैन............................ | |
| २०. (***नाम***) ले उनको समान उमेरका बालबालिकाको तुलनामा अन्य बालबालिकासँग कत्तीको झगडा गर्ने, टोक्ने वा हान्ने गर्छन् ? | बिल्कुलै गर्दैनन्........................<br>उस्तै वा कम...........................<br>बढी.....................................<br>धेरै बढी ................................<br>थाहा छैन................................ | |

# अनुसूची – २ दोगडाकेदार गाउँपालिका (बैतडी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण


यस खण्डमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेशा, जातीय विवरण, भाषालगायत ECDI-2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

१ उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन

अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहको आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय स्तरलाई तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड**

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |




तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूले सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बाल विकासको सही अवस्था (On-Track) भएको मानिन्छ भने सोभन्दा तल भएमा बालविकास सही अवस्थामा नरहेको भन्ने बुझिन्छ। यसै गरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of milestone) पनि सोहीअनुरूप बढ्दै जान्छ। जस्तो कि ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका


बालबालिकाको ११, ४२ देखि ४७ महिनाका उमेर समूहको १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाको स्तर १५ हुनुपर्ने हुन्छ। यसलाई निम्नअनुसारको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ।

**Formula 1. ECDI2030 formula**

$$= \frac{\text{(Number of children aged 24 to 50 months who have achieved the minimum number @of milestones expected for their age group)}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

## २. ECDI 2030 को नतिजा विश्लेषण

नेपालको ७ प्रदेशअन्तर्गतका ७ जिल्ला छनौटगरी हरेक जिल्लाबाट १/१ पालिकाअन्तर्गतका २४ देखि ५९ महिना भित्रका जम्मा १,४०४ बालबालिकाहरूलाई समावेश गरी गरिएको यस अध्ययनले बालविकासको राष्ट्रिय स्तर देखाएको छ। चित्र ECDI 2030 मापदण्ड पूरा गर्ने र नगर्ने बालबालिकाहरू





चित्रमा उल्लेख भएअनुसार ECDI 2030 मा समावेश भएका सातवटा पालिकाका १,४०४ विद्यार्थीहरूबाट प्राप्त भएको नतिजाअनुसार अन्तर्राष्ट्रिय मापदण्डको न्यूनतम स्तर पूरा गर्ने बालबालिका ८० प्रतिशत रहेका छन् भने सो मापदण्ड पूरा गर्न नसक्ने बालबालिकाहरू २० प्रतिशत रहेका छन्। यस तथ्याङ्कअनुसार नेपालको बाल विकासको स्तर हेर्दा २०% बालविकासको अन्तर्राष्ट्रिय न्यूनतम स्तर पूरा गर्न नसकेका वा सो पूरा गर्नका लागि प्रयत्नरत भएका देखिन्छन्।

## ३. दोगडाकेदार गाउँपालिकाको नतिजा

दोगडाकेदार गाउँपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका २५२ बालबालिकाको प्रतिक्रियालाई आधार मानेर राष्ट्रिय र पालिकाको बालविकासको न्यूनतम उपलब्धिको तुलना गरिएको छ।

**चित्र: दोगडाकेदार गाउँपालिका र राष्ट्रिय नतिजाको ECDI 2030 को तुलना**




चित्रमा प्रारम्भिक सिकाइ तथा विकासको अवस्थाको बारेमा दोगडाकेदार गाउँपालिका र राष्ट्रियस्तरको तुलना गरिएको छ। बालबालिकाको विकास उपलब्धि राष्ट्रियस्तरमा हेर्दा सही अवस्थामा (on-track) ८० प्रतिशत र स्तर नपुगेको २० प्रतिशत रहेकोमा पालिकाको बालविकास उपलब्धि स्तर सही अवस्थामा (on-track) ७८ % स्तर नपुगेको २२ प्रतिशत देखिएको छ। यसरी हेर्दा गाउँपालिका बाल विकासको उपलब्धि स्तरमा राष्ट्रियस्तरको दाँजोमा पुग्न सकेको देखिँदैन। उपलब्धि स्तर अन्तर्राष्ट्रिय मापदण्डभन्दा त अझै कमजोर देखिन्छ।

### ४. दोगडाकेदार गाउँपालिकाको बालबालिकाको उमेरगत उपलब्धिको स्तर

२४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई सोधिएका २० प्रश्नहरूको आधारमा प्राप्त भएको प्रतिक्रियाका आधारमा बालविकास उपलब्धिलाई यसका तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २: उमेरगत आधारमा तुलनात्मक उपलब्धि प्रतिशत

| Local Level | 24-29 months | | 30-35 months | | 36-41 months | | 42-47 months | | 48-59 months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | On-track | N | On track | N | On track | N | On track | N | On track | N |
| Dogadakedar RM | 70% | 17 | 78% | 23 | 86% | 42 | 91% | 37 | 72% | 133 |


तालिका २ मा प्रस्तुत तथ्याङ्क विश्लेषण गर्दा दोगडाकेदार गाउँपालिकाका ECDI-2030 मा समावेश गरिएका विभिन्न उमेर समूहका २५२ बालबालिकाहरूमध्ये २४ देखि २९ महिनासम्मका १७ जना थिए। जसमध्ये ७० प्रतिशत बालबालिका बालविकास उपलब्धिमा सही अवस्था (on-track) मा रहेको पाइएको छ र बाँकी ३० प्रतिशत बालबालिकाको उपलब्धिको स्तर सही अवस्थामा नरहेको देखिएको छ।

त्यस्तै ३० देखि ३५ महिनाका संलग्न २३ जना बालबालिकाहरूमध्ये ७८% को उपलब्धि सही अवस्थामा (on-track) पाइएको छ । अनि ३६ देखि ४१ महिना उमेरसमूहका ४२ जनामध्ये सही अवस्थामा ८६%, ४२ देखि ४७ महिनाका उमेरसमूहका ३७ मध्ये सही अवस्थामा ९१%, ४८ देखि ५९ महिना उमेरसमूहका १३३ जना सहभागी बालबालिकाको बालविकासको उपलब्धि ७२% को सही अवस्थामा रहेको पाइयो । यसरी बालबालिकाको उमेर बढ्दै जाँदा विकासको उपलब्धि स्तर पनि क्रमशः वृद्धि हुँदै गएको पाइएको छ तर ४८ देखि ५९ महिना उमेर समूहका बालबालिकाको उपलब्धिको स्तर एकाएक खस्किएको देखिनु सोचनीय अवस्था हो।

## ५. लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना

दोगडाकेदार गाउँपालिकाको २४ देखि ५९ महिनाको उमेर समूहका २५२ बालबालिकाहरूमध्येबाट लैङ्गिक आधारमा बालविकासको उपलब्धिको तुलना गरिएको छ।

**चित्र: लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना**





चित्र मा देखाइएअनुसार दोगडाकेदार गाउँपालिकाको २५२ जना बालबालिकामा गरिएको बालविकास उपलब्धि अध्ययनमा लैङ्गिक हिसाबले तुलना गर्दा छात्रातर्फ ७४ प्रतिशतको उपलब्धि स्तर सही अवस्थामा (on-track) रहेको र २६ प्रतिशतको स्तर सही अवस्थामा नरहेको पाइएको छ। त्यसै गरी छात्रतर्फ ८१ प्रतिशतको बालविकास सही अवस्थामा (on-track) र १९ प्रतिशतको सही अवस्थामा नरहेको पाइयो। छात्र छात्राको तुलना गर्दा छात्रहरूको बालविकासको अवस्था राम्रो रहेको पाइएको छ।

**६. आमाको शैक्षिक अवस्था र बालविकासको उपलब्धि**

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र आमाको शैक्षिक अवस्थालाई यस चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र: आमाको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**





चित्रमा उल्लेखित तथ्याङ्क विश्लेषण गर्दा आमाको शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी आमाहरूलाई दुई समूहमा विभाजन गरिएको छ। शिक्षित आमाहरूको बच्चाहरूको बालविकास स्तर ७८% सही अवस्थामा रहेको छ भने अशिक्षित आमाहरूको हकमा ७४% उपलब्धि स्तर सही अवस्थामा रहेको पाइयो । यसरी हेर्दा आमाको शिक्षाले बालबालिकाको विकासको अवस्थामा प्रभाव पारेको पाइएको छ।

**७. बाबुको शैक्षिक अवस्था र बालविकासको उपलब्धि**

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र बाबुको शैक्षिक अवस्थालाई चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र ५ बाबुको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**



चित्रमा उल्लेखित तथ्याङ्क विश्लेषण गर्दा बाबुको शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी समूह विभाजन गरी बालबालिकाको बालविकास स्तर हेर्दा शिक्षित बाबुको बच्चाहरूको बालविकास स्तर ७८% सही अवस्थामा (on-track) रहेको पाइयो भने अशिक्षित बाबुहरूको हकमा ५०% मात्र उपलब्धि स्तर सही अवस्थामा रहेको पाइयो। यसरी हेर्दा शिक्षित बाबुहरूको तुलनामा अशिक्षित बाबुहरूको बाल विकासको स्तर कमजोर देखिएको छ।

## ८. दोगडाकेदार गाउँपालिकाका ECDI-2030 मा सहभागी बालबालिकाहरूको जातिगत अवस्था

ECDI-2030 मा सहभागी भएकाहरूमध्ये दोगडाकेदार गाउँपालिकाका २४ देखि ५९ महिनाभित्रका २५२ बालबालिकाहरूलाई जातिगत आधारमा केलाउँदा निम्न अवस्था रहेको पाइयो।

**तालिका ३: जातिगत आधारमा बालविकासको उपलब्धि**


| Status | Brahman | Chhetri | Madhesi | Janjati | Dalit |
|---|---|---|---|---|---|
| On track | 82% | 79% | 67% | 100% | 73% |
| Struggling | 18% | 21% | 3% 3 | 0% | 27% |

दोगडाकेदार गाउँपालिकाबाट ECDI-2030 मा सहभागी गराइएका २५२ बालबालिकाहरूको जातिगत अवस्थाको चित्रण तालिका ३ मा गरिएको छ जसमा सहभागीहरूलाई ब्राह्मण, क्षेत्री, मधेसी, जनजाति र दलित गरी ५ उपसमूह विभाजन गरी विश्लेषण गर्दा ब्राह्मण जातिका बालबालिकाहरूको बालविकास उपलब्धि ८२% को सहि अवस्था (ON-track) रहेको पाइयो। त्यसैगरी क्षेत्रीको ७९%, मधेसीको ६७% र दलितको ७३% बालविकास उपलब्धि सही अवस्थामा रहेको पाइएको छ भने जनजाति समूहको १००% बालबालिकाहरू नै सही स्तरमा देखिएको छ। जातिगत आधारमा बालविकास उपलब्धि केलाउँदा जनजाति बालबालिका १००% उपलब्धिका साथ सबैभन्दा राम्रो स्तरमा रहेको पाइएको छ।

## ९. घरमा प्रयोग हुने भाषाका आधारमा ECDI-2030 को नतिजा

ECDI-2030 मा समावेश भएका बालबालिकाहरूका घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजालाई विश्लेषण गरिएको छ।

**चित्र: घरमा प्रयोग हुने भाषा र बालविकासको उपलब्धिको नतिजा**



चित्रमा घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजा विश्लेषण गरिएको छ । जसमा २५२ बालबालिकाहरूमध्ये घरमा नेपाली भाषा प्रयोग नहुने बालबालिकाको स्तर शून्य रहेको र नेपाली भाषा प्रयोग हुने बालबालिका मध्ये ७८% को बालविकास सही स्तर (on-track) रहेको पाइयो ।

### १०. विद्यार्थीको प्रश्नगत नतिजा

यस अध्ययनको ECDI-2030 अन्तर्गत सोधिएका २० वटा प्रश्नहरूका आधारमा हरेक प्रश्नबाट प्राप्त उत्तरलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

**तालिका ४: विद्यार्थीहरूको प्रश्न गत नतिजा**

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Dogadakedar RM | Health: ECD1_Walking in uneven road | 75% | 252 | 43% |
| | Health: ECD2_Can jump by lifting both legs | 88% | 252 | 32% |
| | Health: ECD3_Can tie button of shirt and apint | 69% | 248 | 47% |
| | Health: ECD4_can tie or open button of cloths without other's support | 57% | 248 | 50% |
| | Learning: ECD5_Can say more than 10 words like baba, mama, bal | 97% | 252 | 18% |
| | Learning: ECD6_Can speak more than 3-word sentences | 90% | 252 | 29% |
| | Learning: ECD7_Can speak sentences having more than 5 words | 79% | 228 | 41% |
| | Learning: ECD8_Can use pronouns correctly while speaking | 88% | 252 | 33% |
| | Learning: ECD9_Can recognize and name familier objects like boul, animals | 96% | 252 | 20% |
| | Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 55% | 251 | 50% |
| | Learning: ECD11_Can write own name | 15% | 252 | 36% |
| | Learning: ECD12_Can recognize all numbers 1 to 5 | 55% | 251 | 50% |

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Dogadakedar RM | Learning: ECD13_Can give 3 objects if you ask by counting | 88% | 242 | 33% |
| | Learning: ECD14_Can count 10 objects without mistake | 70% | 252 | 46% |
| | Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 33% | 251 | 47% |
| | Psychosocial Well-being: ECD16_Do inquery with parents about other members of the famili when they are absent | 91% | 252 | 28% |
| | Psychosocial Well-being: ECD17_Do help if someone ask for | 83% | 252 | 38% |
| | Psychosocial Well-being: ECD18_Live with other children with good relation | 87% | 252 | 33% |
| | Psychosocial Well-being: ECD19_ Become sad of unhappy - frequency | 100% | 252 | 6% |
| | Psychosocial Well-being: ECD20_ Activity with other child - quarrel, beat ? | 35% | 252 | 48% |

माथिको तालिकाका आधारमा हेर्दा दोगडाकेदार गाउँपालिकाका २५२ बालबालिकाहरूलाई समावेश गरी ECDI-2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरू बालबालिकाको आमासँग सोधेर उनीहरूको बालविकासको अवस्थाबारे प्रतिक्रिया लिएको थियो । प्रश्नगत रूपमा विश्लेषण गर्दा ७५ प्रतिशत बालबालिका सतह नमिलेको बाटोमा हिड्न सक्ने देखिएका छन् भने ८८ प्रतिशत बालबालिकाहरू दुवै खुट्टा उचालेर उफ्रन सक्ने, ६९ प्रतिशतले आफ्नो कपडाको टाँक लगाउन सक्ने र ५७ प्रतिशत बालबालिकाले कसैको सहयोगविना नै टाँक लगाउने खोल्ने कार्य गर्न सकेको पाइएको छ ।

बालबालिकाको सिकाइको दृष्टिकोणमा विश्लेषण गर्दा ९७% बालबालिकाहरूले बाबा, काका, मामा जस्ता सरल शब्दहरू १० भन्दा बढी भन्न सकेको पाइएको छ । ९० प्रतिशतले ३ शब्दभन्दा बढी भएका वाक्यहरू बोल्न सकेका छन् भने ७९ प्रतिशत बालबालिकाले पाँच शब्द बढी भएका वाक्यहरू बोल्न सकेको पाइएको छ । सहभागी भएकामध्ये ८८% बालबालिकाहरूले बोल्दा शुद्ध उच्चारण गर्न सकेका र ९६% ले परिचित वस्तुहरूको पहिचान गर्न सकेको पाइयो । त्यसै गरी ५५ प्रतिशत बालबालिकाले कम्तीमा ५ वटा नेपाली अक्षरहरू चिन्न सकेको, १५ प्रतिशतले आफ्नो नाम लेख्न सकेको, ५५ प्रतिशतले १ देखि ५ सम्मका अङ्कहरू चिन्न सकेको, ८८ प्रतिशतले तीनवटासम्म वस्तु गणना गरेर दिन सकेको, ७० प्रतिशतले गल्ती नगरीकन १० वटासम्म वस्तुहरू गन्न सकेको पाइएको छ भने ३३% बालबालिकाहरूले रङ लगाउने, चित्र कोर्ने जस्ता कामहरू निरन्तर गर्न सकेको पाइएको छ ।

मनोविज्ञानको विकाससम्बन्धी सोधिएका प्रश्नहरूमध्ये ९१ प्रतिशतले बालबालिकाहरूले परिवारका सदस्यहरू नदेख्दा आमाबाबुसँग सोधखोज गर्ने गरेको, ८३ प्रतिशतले कसैले सहयोग गर भन्दा गर्ने गरेको, ८७ प्रतिशत बालबालिकाहरू साथीहरूसँग मित्रवत् सम्बन्ध राखेर बसेको पाइएको छ। शतप्रतिशत बालबालिकाहरू बेलाबखत बेखुसी रहने गरेको र ३५ प्रतिशत बालबालिकाहरूले झगडा, हानाहान गर्दै आफ्नो रिस पोख्ने गरेको पाइएको छ।

मादी गाउँपालिकाको १६७ बालबालिकाहरूलाई ECDI-2030 अन्तर्गत २० वटा फरकफरक प्रश्न सोधी उनीहरूको बालविकासको अवस्थाबारे अध्ययन गरिएको थियो। हरेक बालबालिकाको आमासँग प्रश्न राखी उनीहरूको बालबालिकाको बालविकासको अवस्थाबारे प्रश्न सोधी प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको हो। यसरी प्रश्नगत रूपमा विश्लेषण गर्दा ८६% विद्यार्थी खाल्डाखुल्डी बाटोमा हिड्न सक्ने देखिन्छ भने दुवै खुट्टा भुइँ छाडी उफ्रन सक्नेको सङ्ख्या ९४% देखिन्छ। सहयोगविना कपडा लगाउन सक्ने विद्यार्थी सङ्ख्या ५७% रहेको छ।

आमा, बा जस्ता सरल शब्द भन्न सक्नेको सङ्ख्या ९९% छ भने तीनभन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने विद्यार्थी सङ्ख्या ९५ % रहेको छ। त्यस्तै गरी ५ वटाभन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ७६% रहेको छ। शुद्धसँग उच्चारण गर्न सक्ने विद्यार्थीहरूको सङ्ख्या ९०% रहेको छ भने वस्तु चिन्न सक्ने र छुट्याउन सक्नेको सङ्ख्या पनि ९९% रहेको छ।

नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न सक्नेहरूको सङ्ख्या ६०% रहेको छ। आफ्नो नाम लेख्न सक्नेहरूका सङ्ख्या २४% मात्र रहेको छ। १ देखि ५ सम्मका सबै अङ्क चिन्न सक्नेको सङ्ख्या ४८% र स्तरीय भिन्नता ५० रहेको छ।

तीन वटा फरकफरक वस्तु चिन्न सक्नेहरूको सङ्ख्या १६४ (९५%) रहेको छ भने गल्ती नगरी १० वटा वस्तु वा औला गन्ती गर्न सक्नेको सङ्ख्या ६६% रहेको छ। रङ्ग लगाउने र खेलौनासँग खेल्न सक्नेका सङ्ख्या ६६% रहेको पाइयो भने घरका परिचित व्यक्तित्वलाई नदेख्दा चिन्तन गर्न सक्नेको सङ्ख्या ९६% रहेको पाइयो।

अन्य बालबालिकाहरूसँग राम्रो सम्बन्ध राख्न सक्ने बालबालिकाहरू ९८ प्रतिशत देखियो। खुसी तथा निरासा देखाउन सक्नेहरूको सङ्ख्या र यस्तो व्यवहार वारम्बार देखाउनेको सङ्ख्या १००% र अन्य बालबालिकासँग झगडा गर्ने विद्यार्थीहरूको सङ्ख्या ४२% मात्र रहेको पाइयो। यसरी सोधिएको प्रश्नमा १०० % प्रतिशतले खुसी तथा निरासा देखाउने साथै यस्तो व्यवहार बारम्बार देखाउने नतिजामा एउटा मात्र प्रश्न रहेको छ भने सबै भन्दा कम नाम भन्न सक्ने २४% मात्र रहेको देखिएको छ।

# अनुसूची – ३ सन्धिखर्क नगरपालिका (अर्घाखाँची जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण


यस खण्डमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेशा, जातीय विवरण, भाषालगायत ECDI 2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

## १. उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन

अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहको आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय स्तरलाई तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड**

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |





**सूत्र १. ECDI2030 को सूत्र**

$$\text{ECDI2030} = \frac{\text{Number of children aged 24 to 50 months who have achieved the minimum number of milestones expected for their age group}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूले सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बालविकासको सही अवस्था (on track)भएको मानिन्छ भने सोभन्दा तल भएमा बालविकास सही अवस्थामा नरहेको भन्ने बुझिन्छ। यसैगरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of milestone) पनि सोहीअनुरूप बढ्दै जान्छ। जस्तो कि ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका बालबालिकाको अङ्क ११, ४२ देखि ४७ महिनाका उमेर समूहको अङ्क १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाको स्तर अङ्क १५ हुनुपर्ने देखिन्छ। यसलाई माथिको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ।

## २. ECDI 2030को नतिजा विश्लेषण

नेपालको ७ प्रदेशअन्तर्गतका ७ जिल्ला छनौट गरी हरेक जिल्लाबाट १/१ पालिकाअन्तर्गतका २४ देखि ५९ महिनाभित्रका जम्मा १,४०४ बालबालिकाहरूलाई समावेश गरी गरिएको यस अध्ययनले बालविकासको राष्ट्रिय स्तर देखाएको छ।





चित्रमा उल्लेख भएअनुसार ECDI 2030 मा समावेश भएका सातवटा पालिकाका १,४०४ विद्यार्थीहरूबाट प्राप्त भएको नतिजाअनुसार अन्तर्राष्ट्रिय मापदण्डको न्यूनतम स्तर पूरा गर्ने बालबालिका ८० प्रतिशत रहेका छन् भने सो मापदण्ड पूरा गर्न नसक्ने बालबालिकाहरू २० प्रतिशत रहेका छन्। यस तथ्याङ्कअनुसार नेपालको बालविकासको स्तर हेर्दा २०% बालविकासको अन्तर्राष्ट्रिय न्यूनतम स्तर पूरा गर्न नसकेका वा सो पूरा गर्नका लागि प्रयत्नरत भएका देखिन्छन्।

## ३. सन्धिखर्क नगरपालिकाको नतिजा

सन्धिखर्क नगरपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका ४४६ बालबालिकाको प्रतिक्रियालाई आधार मानेर राष्ट्रिय र सन्धिखर्क नगरपालिकाको बालविकासको न्यूनतम उपलब्धिको तुलना गरिएको छ।

**चित्र: सन्धिखर्क नगरपालिका र राष्ट्रिय नतिजाको ECFI 2030को तुलना**




चित्रमा उल्लेख भएको तथ्याङ्कको विश्लेषणअनुसार प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनले देखाएको बालबालिकाको विकास उपलब्धिलाई राष्ट्रिय उपलब्धिसँग तुलना गरिएको छ। बालबालिकाको विकास उपलब्धिको राष्ट्रिय स्तर सही अवस्था (on track) ८०% र स्तरमा नपुगेको २०% देखिन आउँछ। जबकि सन्धिखर्क नगरपालिकाका बालबालिकाको बालविकासको उपलब्धि स्तर सही अवस्था (on track) ८६% र सही अवस्था नपुगेका १४ % रहेको छ। यसरी तुलना गर्दा बालबालिकाको उपलब्धि स्तर राष्ट्रियको तुलना गर्दा यस नगरपालिका अगाडि देखिन्छ। उपलब्धि मापनको अन्तर्राष्ट्रिय मापदण्डअनुसार सन्धिखर्क नगरपालिकामा अझै १४% बालबालिका सही अवस्थामा पुग्न नसकेको वा पुग्ने अवस्थामा प्रक्रियारत रहेको देखिन्छ।

### ४. सन्धिखर्क नगरपालिकाको बालबालिकाको उमेरगत उपलब्धिको स्तर

२४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई सोधिएका २० प्रश्नहरूको आधारमा प्राप्त भएको प्रतिक्रियाका आधारमा बालविकास उपलब्धिलाई यस तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: उमेरगत आधारमा तुलनात्मक उपलब्धि प्रतिशत**

| Local Level | 24-29 months | | 30-35 months | | 36-41 months | | 42-47 months | | 48-59 months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | On track | N | On track | N | On track | N | On track | N | On track | N |
| Sandhikharka Municipality | 94% | 16 | 97% | 35 | 89% | 74 | 82% | 95 | 78% | 226 |


माथि उल्लेख भएको तालिका नं. २ मा प्रस्तुत गरिएको तथ्याङ्कको विश्लेषणअनुसार सन्धिखर्क नगरपालिकाको ४४६ बालबालिकामा गरिएको बालविकास अध्ययनअनुसार २४ महिना देखि २९ महिना उमेर समूहको बालबालिकाको सङ्ख्या १६ जना रहेको छ ती बालबालिकाहरूले पूरा गर्नुपर्ने Milestone ७ रहेकोमा ९४% बालबालिका मात्र सही अवस्था (on track) मा रहेको देखिन्छ भने ६% बालबालिकाहरू सही अवस्थामा नरहेको देखिन्छ।

त्यस्तै गरी ३०–३५ महिनाको ३५ जना रहेको छ भने ९७% बालबालिका सही अवस्था (on track) मा रहेको देखिन्छ भने ३% बालबालिका सही अवस्थामा नरहेको देखिन्छ। ३६ –४१ महिनाको ७४ जना बालबालिकाको बालविकास उपलब्धि ८९ % को सही अवस्था (on track) मा र ११% को सही अवस्थामा नरहेको पाइयो। ४२–४७ महिना समूहका ९५ जना बालबालिकाहरूको बालविकास उपलब्धि ८२% को सही अवस्था (on track) मा रहेको र १८% बालबालिकाको सही अवस्थामा नरहेको पाइयो। त्यस्तै गरी ४८–५९ महिना समूहको २२६ जना बालबालिकाको बालविकास उपलब्धि ७८% बालबालिकाको सही अवस्था (on track) मा रहेको र २२% बालबालिकाको उपलब्धि सही अवस्थामा नरहेको पाइयो।

## ५. लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना

सन्धिखर्क नगरपालिकाको २४ देखि ५९ महिनाको उमेर समूहका ४४६ बालबालिकाहरूमध्येबाट लैङ्गिक आधारमा बालविकासको उपलब्धिको तुलना गरिएको छ।

**चित्र: लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना**





सन्धिखर्क नगरपालिकाको ४४६ बालबालिकामा सम्पन्न गरिएको बालविकास उपलब्धि अध्ययनअन्तर्गत केटा र केटीलाई छुट्टाउदै तुलना गरिएको छ। प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा छात्रातर्फ ८६% बालिकाहरू सही अवस्था (on track) मा रहेका छन् भने १४% बालिकाहरू सही अवस्थामा रहेको पाइँदैन। त्यस्तै गरी छात्रतर्फ ८२% बालकहरूको विकास उपलब्धि सही अवस्था (on track) मा रहेको छ भने १८% बालकको विकास अवस्था सही अवस्थामा नरहेको देखिन्छ। यसरी हेर्दा बालकको तुलनामा बालिकाहरूको विकास उपलब्धि उच्च रहेको पाइयो।

### ६. आमाको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र आमाको शैक्षिक अवस्थालाई यस चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र: आमाको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**





चित्रमा उल्लेख भएको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा अध्ययनमा समावेश गरिएका बालबालिकाको आमाहरूलाई शिक्षित र अशिक्षित गरी दुई समूहमा विभाजन गरिएको छ। आमाको शैक्षिक अवस्थाको आधारमा हेर्दा शिक्षित आमाहरूको बालबालिकाहरूको विकास उपलब्धि ८४% को सही अवस्था (on track) मा रहेको छ भने १६% बालबालिकाको सिकाइ उपलब्धि सही अवस्थामा नरहेको पाइएको छ। त्यस्तै गरी अशिक्षित आमाहरूको बालबालिकाको सिकाइ उपलब्धि ७२% को सही अवस्था (on track) मा रहेको र २८% बालबालिकाको सिकाइ उपलब्धि सही अवस्थामा नरहेको पाइन्छ। यसरी हेर्दा शिक्षित आमाहरूको तुलनामा अशिक्षित आमाहरूको बालबालिकाहरूको सिकाइ उपलब्धि निकै कमजोर रहेको देखिन्छ।

### ७. बाबुको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र बाबुको शैक्षिक अवस्थालाई चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र: बाबुको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**




चित्रमा उल्लेख भएको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा अध्ययनमा समावेश भएको सन्धिखर्क नगरपालिकाको ४४६ बालबालिकाहरूको बाबुहरूलाई शिक्षित र अशिक्षित गरी दुई समूहमा विभाजन गरिएको छ। बाबुको शैक्षिक अवस्थाको आधारमा विश्लेषण गर्दा शिक्षित बाबुहरूको बालबालिकाको बालविकास उपलब्धि ८५% को सही अवस्था -on track_ मा रहेको छ भने १५% बालबालिकाहरूको बालविकास उपलब्धि सही अवस्थामा नरहेको पाइयो। त्यस्तै गरी अशिक्षित बाबुहरूको बालबालिकाको बालविकास उपलब्धि ७१% को सही अवस्था -on track_ मा रहेको छ भने २९% बालबालिकाहरूको बालविकास उपलब्धि सही अवस्थामा नरहेको पाइयो। यसरी हेर्दा शिक्षित बाबुहरूको तुलनामा अशिक्षित बाबुहरूको बालबालिकाहरूको सिकाइ उपलब्धि निकै कमजोर रहेको देखिन्छ।

## ८. सन्धिखर्क नगरपालिकाका ECDI 2030 मा सहभागी बालबालिकाहरूको जातिगत अवस्था

ECDI 2030 मा सहभागी भएकाहरूमध्ये सन्धिखर्क नगरपालिकाका २४ देखि ५९ महिनाभित्रका ४४६ बालबालिकाहरूलाई जातिगत आधारमा केलाउँदा निम्न अवस्था रहेको पाइयो।

तालिका ३: बालबालिकाहरूको जातिगत अवस्था


| Status | Brahman | Chhetri | Madhesi | Janjati | Dalit |
|---|---|---|---|---|---|
| On track | 89% | 88% | 100% | 85% | 78% |
| Struggling | 11% | 12% | 0% | 15% | 22% |

सन्धिखर्क नगरपालिकाबाट ECDI 2030 मा सहभागी भएका ४४६ बालबालिकाहरूलाई विभिन्न जातिगत समूहमा विभाजन गरी विश्लेषण गरिएको छ। यसरी विभाजन गरिएको जातिगत समूहरूमा ब्राह्मण, क्षेत्री, मधेसी, जनजाति र दलित गरी ५ समूहमा विभाजन गरिएको छ। यसरी जातिगत रूपमा बालविकासको उपलब्धि विश्लेषण गर्दा ब्राह्मण समूहका बालबालिकाको बालविकास उपलब्धि ८९% को सही अवस्था (on track) मा रहेको र ११% को सही अवस्था नरहेको

पाइयो। क्षेत्री समूहका बालबालिकाहरूको बालविकास उपलब्धि ८८% को सही अवस्था (on track) मा रहेको र १२% को सही अवस्था नरहेको पाइयो। त्यस्तै गरी मधेसी समुदायको बालबालिकाहरूको बालविकासको उपलब्धि १०० अथवा शतप्रतिशतको सही अवस्था (on track) मा रहेको पाइयो। जनजाति समूहका बालबालिकाको बालविकास उपलब्धि ८५% को सही अवस्था (on track) मा रहेको र १५% को सही अवस्था नरहेको पाइयो। त्यस्तै गरी दलित समुदायको सबै बालबालिकाहरूको विकास उपलब्धि ७८% को सही अवस्था (on track) मा रहेको र २८% को सही अवस्था नरहेको पाइयो। यसरी हेर्दा मधेसी समुदायको बालबालिकाको १००% सही अवस्थामा (on track) मा रहेको छ भने ब्राह्मण समूहरूमा ८९%, क्षेत्री समूहरूमा ८८%, जनजाति समूहरूमा ८५% र दलित समुदायका बालबालिकाहरूको विकास उपलब्धि सामान्य रहेको पाइयो।

### ९. घरमा प्रयोग हुने भाषाका आधारमा ECDI 2030 को नतिजा

ECDI 2030 मा समावेश भएका बालबालिकाहरूका घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजालाई विश्लेषण गरिएको छ।




ECDI 2030 मा समावेश भएका ४४६ बालबालिकाहरूलाई घरमा प्रयोग हुने भाषाको आधारमा दुई समूहमा विभाजन गरिएको छ। यसअन्तर्गत नेपाली भाषा र अन्य भाषा अथवा नेपालीबाहेक अन्य भाषाको रूपमा विभाजन गरिएको छ। यसरी भाषाको रूपमा विभाजन गरी बालबालिकाहरूको विकास उपलब्धिको विश्लेषण गर्दा घरमा नेपाली भाषा प्रयोग गर्ने बालबालिकाहरूको बालविकास उपलब्धि ८३% को सही अवस्था (on track) मा रहेको र १७% बालबालिका सही अवस्थामा नरहेको पाइयो। त्यस्तै गरी नेपालीबाहेक अन्य भाषा प्रयोग हुने बालबालिकाको बालविकास उपलब्धि १००% को सही अवस्था (on track) मा रहेको पाइयो। यसरी हेर्दा घरमा नेपाली भाषाभन्दा अन्य भाषा अथवा नेपालीबाहेक अन्य भाषाको प्रयोग गर्ने बालबालिकाहरूको बालविकास उपलब्धि धेरै माथि देखिएको छ।

## १०. विद्यार्थीको प्रश्न: गत नतिजा

सन्धिखर्क नगरपालिकाबाट ECDI 2030 मा सहभागी भएका ४४६ बालबालिकाहरूलाई विभिन्न २० वटा प्रश्नहरू सोधी सोबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

**तालिका ४: विद्यार्थीको प्रश्न: गत नतिजा विवरण**

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Sandikharka Municipality | Health: ECD1_Walking in uneven road | 90% | 444 | 30% |
| | Health: ECD2_Can jump by lifting both legs | 94% | 416 | 24% |
| | Health: ECD3_Can tie button of shirt and apint | 66% | 440 | 47% |
| | Health: ECD4_can tie or open button of cloths without other's support | 69% | 420 | 46% |
| | Learning: ECD5_Can say more than 10 words like baba, mama, bal | 99% | 446 | 11% |
| | Learning: ECD6_Can speak more than 3-word sentences | 95% | 446 | 22% |
| | Learning: ECD7_Can speak sentences having more than 5 words | 85% | 423 | 36% |
| | Learning: ECD8_Can use pronouns correctly while speaking | 94% | 444 | 24% |
| | Learning: ECD9_Can recognize and name familier objects like boul, animals | 98% | 445 | 12% |
| | Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 66% | 440 | 47% |
| | Learning: ECD11_Can write own name | 17% | 445 | 37% |
| | Learning: ECD12_Can recognize all numbers 1 to 5 | 62% | 437 | 48% |
| | Learning: ECD13_Can give 3 objects if you ask by counting | 84% | 421 | 36% |
| | Learning: ECD14_Can count 10 objects without mistake | 47% | 424 | 50% |

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Sandikharka Municipality | Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 60% | 405 | 49% |
| | Psychosocial Well-being: ECD16_Do inquery with parents about other members of the famili when they are absent | 96% | 445 | 20% |
| | Psychosocial Well-being: ECD17_Do help if someone ask for | 84% | 429 | 37% |
| | Psychosocial Well-being: ECD18_ Live with other children with good relation | 97% | 442 | 18% |
| | Psychosocial Well-being: ECD19_ Become sad of unhappy - frequency | 99% | 444 | 11% |
| | Psychosocial Well-being: ECD20_ Activity with other child - quarrel, beat | 55% | 445 | 50% |

तालिका ४ अनुसार सन्धिखर्क नगरपालिकाको ४४६ बालबालिकाहरूलाई ECDI 2030 अन्तर्गत २० वटा फरक फरक प्रश्न सोधी उनीहरूको बालविकासको अवस्था बारे अध्ययन गरिएको थियो । हरेक बालबालिकाको आमासँग प्रश्न राखी उनीहरूको बालबालिकाको बालविकासको अवस्था बारे प्रश्न सोधी प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको हो । यसरी प्रश्नगतरूपमा विश्लेषण गर्दा ९०% विद्यार्थी खाल्डाखुल्डी बाटोमा हिड्न सक्ने देखिन्छ भने दुवै खुट्टाभुइँ छाडी उफ्रन सक्नेको सङ्ख्या ९४% देखिन्छ । सहयोगविना कपडा लगाउन सक्ने विद्यार्थी सङ्ख्या ६६% रहेको छ । आमा, बा जस्ता सरल शब्द भन्न सक्नेको सङ्ख्या ६९% छ भने तीनभन्दा बढी शब्द भएमा वाक्य भन्न सक्ने विद्यार्थी सङ्ख्या ४४५ जना वा ९९ % रहेको छ । त्यस्तै गरी ५ वटा भन्दा बढी शब्द भएमा वाक्य भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ८५% रहेको छ । शुद्धसँग उच्चारण गर्न सक्ने जस्तै (ले, उ) बालबालिकाहरूको सङ्ख्या ९४% रहेको छ भने वस्तु चिन्न सक्ने र छुटाउन सक्नेको सङ्ख्या पनि ९८% रहेको छ ।

नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न सक्नेहरूको सङ्ख्या ६६% र स्तरीय भिन्नता ४७ रहेको छ । आफ्नो नाम लेख्न सक्नेहरूको सङ्ख्या १७% मात्र रहेको छ । १ देखि ५ सम्मका सबै अङ्क चिन्न सक्नेको सङ्ख्या ६२% र स्तरीय भिन्नता ४८ रहेको छ । तीन वटा फरकफरक वस्तु चिन्न सक्नेहरूको सङ्ख्या ८४% रहेको छ भने वस्तु वा औँला गन्ती गर्न सक्नेको सङ्ख्या ४७% रहेको छ । रङ्ग लगाउने र खेलौनासँग खेल्न सक्नेको सङ्ख्या ६०% रहेको पाइयो भने घरका परिचित व्यक्तिलाई नदेख्दा चिन्तन गर्न सक्नेको सङ्ख्या ९६% रहेको पाइयो । खुसी तथा निरासा देखाउन सक्नेहरूको सङ्ख्या र यस्तो व्यवहार बारम्बार देखाउनेको सङ्ख्या ९९% र अन्य बालबालिकासँग झगडा गर्ने विद्यार्थीहरूको सङ्ख्या ५५% र सोको स्तरीय भिन्नता ५० रहेको पाइयो ।

# अनुसूची – ४ भेरी नगरपालिका (जाजरकोट जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण

यस खण्डमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेशा, जातिगत विवरण,भाषालगायत ECDI-2030 अन्तर्गत विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

## १. उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन


यस अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहको आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय स्तरलाई तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड**

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |

तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाहरूको अन्तर्राष्ट्रिय बालविकास मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूलाई सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बाल विकासको सही अवस्था (On-Track) भएको मानिन्छ भने सोभन्दा तल भएमा बालविकास सही अवस्थामा नरहेको (Not on-Track) भन्ने बुझिन्छ। यसै गरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of milestone) पनि सोहीअनुरूप बढ्दै जान्छ। जस्तो कि ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाहरूको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका बालबालिकाहरूको ११, ४२ देखि ४७ महिनाका उमेर समूहको १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाहरूको स्तर १५ हुनुपर्ने देखिन्छ। यसलाई निम्नअनुसारको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ।

ECDI2030 INDICATOR



The 20 items in the ECDI2030 assessment tool were used to generate single indicator ECDI2030. This single indicator represents the proportion of students who achieved minimum number of milestones (in decimal number).

The formula of calculating the ECDI2030 is given below:


**Formula 1. ECDI2030 formula**

$$\text{ECDI2030} = \frac{\text{Number of children aged 24 to 50 months who have achieved the minimum number of milestones expected for their age group}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

## २. ECDI-2030 को नतिजा विश्लेषण

नेपालको ७ प्रदेशअन्तर्गतका ७ जिल्ला छनौट गरी हरेक जिल्लाबाट १/१ पालिकाको २४ देखि ५९ महिना भित्रका जम्मा १,४०४ बालबालिकाहरूलाई समावेश गरी गरिएको यस अध्ययनले बालविकासको राष्ट्रिय स्तर देखाएको छ।

**चित्र: ECDI-2030 मापदण्ड पूरागर्ने नगर्ने बालबालिकाहरू**





चित्र मा उल्लेख भएअनुसार ECDI2030 मा समावेश भएका सातवटा पालिकाका जम्मा १,४०४ बालबालिकाहरूबाट प्राप्त भएको नतिजाअनुसार अन्तर्राष्ट्रिय मापदण्डको न्यूनतम स्तर पूरा गर्ने (On-Track) बालबालिका ८० प्रतिशत रहेका छन् भने सो मापदण्ड पूरा गर्न नसक्ने (Not on-Track) बालबालिकाहरू २० प्रतिशत रहेका छन्। यस तथ्याङ्कअनुसार नेपालको बालविकासको स्तर हेर्दा २०% बालविकासको अन्तर्राष्ट्रिय न्यूनतम स्तर पूरा गर्न नसकेका वा सो पूरा गर्नका लागि प्रयत्नरत (Struggling) भएका देखिन्छन्।

## ३. भेरी नगरपालिकाको नतिजा

भेरी नगरपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका ११९ बालबालिकाहरूको प्रतिक्रियालाई आधार मानेर राष्ट्रिय र यस पालिकाको बालविकासको न्यूनतम उपलब्धिको तुलना गरिएको छ।

**चित्रः भेरी नगरपालिका र राष्ट्रिय नतिजाको ECDI2030 को तुलना**




चित्रमा प्रस्तुत गरिएको भेरी नगरपालिकाको प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका ११९ बालबालिकाहरूमध्ये ७५ प्रतिशत राम्रो (On Track) २५ प्रतिशत बालबालिकाहरू मापदण्ड पूरा गर्न नसक्ने सङ्घर्षरत (Struggling) अवस्थामा रहेका छन्। राष्ट्रिय स्तरमा ८० प्रतिशत बालबालिकाहरूले न्यूनतम मापदण्ड पूरा गरेका छन् भने भेरी नगरपालिकाको ७५ प्रतिशतले मात्र सो मापदण्ड पूरा गरेको पाइन्छ। त्यसै गरी राष्ट्रिय स्तरमा २० प्रतिशत बालबालिकाहरू कमजोर अर्थात् सङ्घर्षरत (Struggling) अस्थामा देखिन्छ। यस तथ्यले भेरी नगरपालिकाको २५ प्रतिशतले मापदण्ड पूरा नगरेको पाइन्छ। यस अध्ययनमा भेरी नगरपालिकाका बालविकास उपलब्धि राष्ट्रिय स्तरभन्दा तल रहेको पाइयो।

## ४. भेरी नगरपालिकाकाको बालबालिकाको उमेरगत उपलब्धिको स्तर

भेरी नगरपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका २४ देखि ५९ महिनासम्मका ११९ बालबालिकाहरूलाई सोधिएका २० प्रश्नहरूको प्रतिक्रियाका आधारमा बालविकास उपलब्धिलाई यस तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: उमेरगत आधारमा तुलनात्मक उपलब्धि प्रतिशत**

| Local Level | 24-29 months | | 30-35 months | | 36-41 months | | 42-47 months | | 48-59 months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | On track | N | On track | N | On track | N | On track | N | On track | N |
| Veri M | 100% | 3 | 50% | 2 | 83% | 6 | 82% | 12 | 71% | 96 |

तालिका २ मा प्रस्तुत तथ्याङ्कले प्रस्ट पार्दछ कि भेरी नगरपालिकाका २४ देखि २९ महिना समूहका ३ बालबालिकाहरूमध्ये १०० प्रतिशतले न्यूनतम मापदण्ड पूरा गरेको (On-Track) छन् भने ३० देखि ३५ महिना उमेर समूहका जम्मा २ जना


बालबालिकामध्ये जम्मा¬ ५० प्रतिशत बालबालिकाहरूले ECDI2030 का न्यूनतम मापदण्ड पूरा गरेको पाइएको छ।

त्यसै गरी ३६ देखि ४१ महिना उमेर समूहका जम्मा ६ जना बालबालिकाहरूमध्ये ८३ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धिको मापदण्ड पूरा गरेको (On-Track) पाइएको छ भने ४२–४७ महिना उमेर समूका १२ बालबाकिाहरूमध्ये ८२ प्रतिशतले मात्र ECDI2030 को मापदण्ड पूरा गर्न (On-Track) सकेका छन्। ४८ देखि ५९ महिना उमेर समूहका जम्मा ९६ बालबालिकाहरूमध्ये ७२ प्रतिशत बालबालिकाहरूले मात्र तोकिएको मापदण्ड पूरा गर्न (On-Track) सकेका छन् भने २८ प्रतिशत बालबालिकाहरू अझै कमजोर Not on track मा रहेको पाइएको छ।

## ५. लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना

भेरी नगरपालिकाका २४ देखि ५९ महिनाको उमेर समूहका ११९ बालबालिकाहरूमध्येबाट लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना चित्र ३ मा गरिएको छ।

**चित्र: लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना**





चित्रमा प्रस्तुत गरिएअनुसार भेरी नगरपालिकाका ११९ जना बालबालिकाहरूमध्ये ६४ जना बालिकाहरू र ५५ जना बालकहरू रहेका छन्। ६४ जना बालिकाहरूमध्ये ७८ प्रतिशत बालिकाहरूले बालविकासको न्यूनतम मापदण्ड (On track) पूरा गर्न सकेका छन् भने २२ प्रतिशतले सो मापदण्ड पूरा गर्न नसकी सङ्घर्षरत देखिन्छन्। त्यसै गरी ५५ जना बालकहरूमध्ये ७१ प्रतिशतले मात्र प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड (On track) पूरा गर्न सकेका छन् भने बाँकी २९ प्रतिशत Struggling अवस्थामा रहेका छन्। समग्रमा बालकहरूको तुलनामा ७ प्रतिशत बढी बालिकाहरूले बालविकासको न्यूनतम आधार पूरा गरेका छन्।

## ६. आमाको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

यस अध्ययनमा समेटिएका भेरी नगरपालिकाका ११९ जना बालबालिकाका आमाहरूमध्ये ९९ जना शिक्षित तथा २० जना अशिक्षित पाइएको छ। आमाको शिक्षाको प्रभाव बालविकास उपलब्धिमा परेको तथ्य चित्र मा प्रस्तुत गरिएको छ।

**चित्र: आमाको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**





चित्रमा प्रस्तुत तथ्याङ्कअनुसार भेरी नगरपालिकाको शिक्षित आमाहरूमध्येको ७६ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धिको न्यूनतम आधार पूरा गर्न सकेका (On Track) छन् भने २४ प्रतिशत बालबालिकाहरूले सो पूरा गर्न नसकेका Struggling अवस्थामा देखिन्छन्। त्यसै गरी २० जना अशिक्षित आमाहरूमध्येका ७० प्रतिशत बालबालिकाहरूले मात्र बालविकास उपलब्धिको न्यूनतम आधार पूरा गर्न सकेका (On Track) छन् भने ३० प्रतिशत बालबालिकाहरूले सो मापदण्ड पूरा गर्न सकेका छैनन्। यो तथ्याङ्कले प्रष्ट पार्दछ कि आमाहरू शिक्षित भएको खण्डमा अशिक्षित आमाहरूको बालबालिकाको तुलनामा बढी प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धि हासिल गर्न सक्षम हुन्छन्।

## ७. बाबुको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

भेरी नगरपालिकाको ११९ बालबालिकाहरूको बाबुहरूमध्ये ११३ जना शिक्षित र ६ जना बाबुहरू अशिक्षित रहेका छन्। प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाहरूबाट प्राप्त भएको प्रतिक्रिया र बाबुको शैक्षिक अवस्थालाई यस चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र: बाबुको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**



चित्रअनुसार भेरी नगरपालिकाको ११३ जना पढेलेखेका बाबुहरूको बालबालिकाहरूमध्ये ७५ प्रतिशत बालबालिकाहरूले बालविकासको न्यूनतम उपलब्धि हासिल गर्न सकेका (On Track) छन् भने २५ प्रतिशत बालबालिकाहरूले सो पूरा गर्न सकेका छैनन् । त्यसै गरी ६ जना अशिक्षित बाबुहरूमध्येका ६७ प्रतिशत बालबालिकाहरूले बालविकासका न्यूनतम उपलब्धि प्राप्त गर्न सकेका (On Track) छन् भने ३३ प्रतिशत बालबालिकाहरूले सो पूरा गर्न सकेका छैनन् । यो तथ्याङ्कले प्रस्ट पार्दछ कि बाबुहरू शिक्षित भएका खण्डमा धेरै प्रतिशत बालबालिकाहरूले बालविकासको उपलब्धि हासिल गर्न सक्दछन् ।

## ८. भेरी नगरपालिकाका ECDI2030 मा सहभागी बालबालिकाहरूको जातिगत अवस्था

ECDI 2030 मा सहभागी भएकाहरूमध्ये भेरी नगरपालिकाका २४ देखि ५९ महिनाभित्रका ११९ बालबालिकाहरूलाई जातिगत आधारमा केलाउँदा निम्न अवस्था रहेको पाइयो ।

**तालिका ३: जातिगत आधारमा बालविकासको उपलब्धि**

| Status | Brahman | Brahman | Chhetri | Chhetri | Janjati | Janjati | Dalit | Dalit |
|---|---|---|---|---|---|---|---|---|
| On track | 8 | 88% | 46 | 78% | 8 | 50% | 37 | 68% |
| Struggling | | 12% | | 22% | | 50% | | 32% |


| Status | Brahman | Chhetri | Janjati | Dalit |
|---|---|---|---|---|
| On track | 88% | 78% | 50% | 68% |
| Struggling | 12% | 22% | 50% | 32% |

तालिका ३ मा प्रस्तुत गरीएको तथ्याङ्कअनुसार भेरी नगरपालिकाका ११९ जना बालबालिकाहरूमध्ये बाहुन ८, क्षेत्री ४६, जनजाति ८ र दलित ३७ जना रहेका छन् । ८ जना बाहुन बालबालिकाहरूमध्ये ८८ प्रतिशत, ४६ जना क्षेत्री बालबालिकाहरूमध्ये ७८ प्रतिशत, ८ जना जनजाति बालबालिका मध्ये ५० प्रतिशत र ३७ जना दलितहरू मध्ये ६८ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धिको न्यूनतम मापदण्ड हासिल गर्न सक्षम (On Track) रहेका छन् । अध्ययनमा सहभागी जम्मा ११९ मध्ये २० जना बालबालिकाका अभिभावकहरूबाट जातिगत विवरण प्राप्त गर्न सकिएन उक्त विवरण प्राप्त भएको ९९ बालबलिकाहरू मध्ये ८ जना बाहुन, ४६ जना क्षेत्री, ८ जना जनजाति र ३७ जना दलित रहेका छन् । समग्रमा हेर्दा बाहुन र क्षेत्री समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि दलित र जनजाति समुदायका बालबालिकाहरूको उपलब्धि भन्दा माथि रहेको छ ।

## ९. घरमा प्रयोग हुने भाषाका आधारमा ECDI2030 को नतिजा

भेरी नगरपालिकाको ११९ बालबालिकाहरूमध्ये सबै ११९ जना बालबालिकाहरूले घरमा नेपाली भाषा प्रयोग गर्दछन् । ECDI2030 मा समावेश भएका बालबालिकाहरूका घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजालाई विश्लेषण गरिएको छ ।

**चित्र: घरमा प्रयोग हुने भाषा र बालविकासको उपलब्धिको नतिजा**




चित्रअनुसार भेरी नगरपालिकाको घरमा नेपाली भाषा प्रयोग गर्ने ११९ बालबालिकाहरू मध्ये ७२ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धि (On Track) मा रहेको छ भने अन्य भाषी बालबालिकाहरूको भाषागत विवरण आएको छैन । त्यसै गरी घरमा नेपाली भाषा प्रयोग गर्ने २५ प्रतिशत बालबालिकाहरू कमजोर (Struggling) देखिन्छ । यस नतिजाले प्रस्ट पार्दछ कि नेपाली भाषी बालबालिकाहरूलाई बालविकास उपलब्धि हासिल गर्न अन्य भाषाका भन्दा सजिलो देखिन्छ ।

## १०. बालबालिकाहरूको प्रश्नगत नतिजा

यस अध्ययनको ECDI 2030 अन्तर्गत सोधिएका २० वटा प्रश्नहरूका आधारमा हरेक प्रश्नबाट प्राप्त उत्तरलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

**तालिका ४: बालबालिकाहरूको प्रश्नगत नतिजा**

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Veri Municipality | Health: ECD1_Walking in uneven road | 90% | 119 | 30% |
| | Health: ECD2_Can jump by lifting both legs | 95% | 110 | 23% |
| | Health: ECD3_Can tie button of shirt and pants | 85% | 117 | 35% |
| | Health: ECD4_can tie or open button of cloths without other's support | 76% | 113 | 43% |
| | Learning: ECD5_Can say more than 10 words like baba, mama, bal | 100% | 119 | 0% |

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Veri Municipality | Learning: ECD6_Can speak more than 3-word sentences | 98% | 118 | 13% |
| | Learning: ECD7_Can speak sentences having more than 5 words | 82% | 116 | 39% |
| | Learning: ECD8_Can use pronouns correctly while speaking | 96% | 116 | 20% |
| | Learning: ECD9_Can recognize and name familiar objects like bowl, animals | 99% | 119 | 9% |
| | Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 47% | 116 | 50% |
| | Learning: ECD11_Can write own name | 17% | 119 | 38% |
| | Learning: ECD12_Can recognize all numbers 1 to 5 | 58% | 118 | 49% |
| | Learning: ECD13_Can give 3 objects if you ask by counting | 86% | 114 | 35% |
| | Learning: ECD14_Can count 10 objects without mistake | 55% | 116 | 50% |
| | Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 84% | 117 | 37% |
| | Psychosocial Well-being: ECD16_Do inquiry with parents about other members of the family when they are absent | 97% | 119 | 16% |
| | Psychosocial Well-being: ECD17_Do help if someone ask for | 84% | 113 | 37% |
| | Psychosocial Well-being: ECD18_Live with other children with good relation | 98% | 119 | 13% |
| | Psychosocial Well-being: ECD19_ Become sad of unhappy - frequency | 100% | 116 | 0% |
| | Psychosocial Well-being: ECD20_ Activity with other child - quarrel, beat ? | 26% | 119 | 44% |

भेरी नगरपालिकाको ११९ बालबालिकाहरूलाई ECDI 2030 अन्तर्गत २० वटा फरकफरक प्रश्नहरू सोधी उनीहरूको बालविकासको अवस्था बारे अध्ययन गरिएको थियो । हरेक बालबालिकाको आमासँग प्रश्न राखी उनीहरूको बालबालिकाहरूको बालविकासको अवस्था बारे प्रश्न सोधी प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको हो। यसरी प्रश्नगत रूपमा विश्लेषण गर्दा ९०% बालबालिकाहरू खाल्डाखुल्डी बाटोमा हिड्न सक्ने देखिन्छन् भने दुवै खुट्टा भुइँ छाडी उफ्रन सक्नेको सङ्ख्या ९५% देखिन्छ। सहयोगविना कपडा लगाउन सक्ने बालबालिकाहरू सङ्ख्या ८५% रहेको छ।

आमा, बा जस्ता सरल शब्द भन्न सक्नेको सङ्ख्या १००% छ भने तीनभन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ९८ % रहेको छ। त्यस्तै गरी ५ वटाभन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ८२% रहेको छ। शुद्धसँग शब्दहरू उच्चारण गर्न सक्ने बालबालिकाहरूको सङ्ख्या ९६% रहेको छ भने वस्तु चिन्न सक्ने र छुट्याउन सक्नेको सङ्ख्या पनि ९९% रहेको छ।

नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ४७% रहेको छ। आफ्नो नाम लेख्न सक्नेहरूका सङ्ख्या १७% रहेको छ। १ देखि ५ सम्मका सबै अङ्क चिन्न सक्नेको सङ्ख्या ५८% र स्तरीय भिन्नता ४९ रहेको छ। तीन वटा फरकफरक वस्तु चिन्न सक्नेहरूको सङ्ख्या ११४ (८६%) रहेको छ भने गल्ती नगरी १० वटा वस्तु वा औँला गन्ती गर्न सक्नेको सङ्ख्या ५५% रहेको छ।

रङ्ग लगाउने र खेलौनासँग खेल्न सक्नेका सङ्ख्या ८४% रहेको पाइयो भने घरका परिचित व्यक्तित्वलाई नदेख्दा चिन्तन गर्न सक्नेको सङ्ख्या ९७% रहेको पाइयो । अन्य बालबालिकाहरूसँग राम्रो सम्बन्ध राख्न सक्ने बालबालिकाहरू ९८ प्रतिशत देखियो।

खुसी तथा निरासा देखाउन सक्नेहरूको सङ्ख्या र यस्तो व्यवहार बारम्बार देखाउनेको सङ्ख्या १००% र अन्य बालबालिकासँग झगडा गर्ने बालबालिकाहरूको सङ्ख्या २६% रहेको पाइयो। यसरी सोधिएको प्रश्नमा १०० % प्रतिशत खुसी तथा निरासा देखाउन सक्नेहरूका यस्तो व्यवहार बारम्बार देखाउने र आमा, बा जस्ता सरल शब्द भन्न सक्ने प्रश्न रहेको छ भने सबैभन्दा कम नाम भन्न र लेख्न सक्ने १७% मात्र रहेको देखियो।

# अनुसूची – ५ गढी गाउँपालिका (सुनसरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण


यस खण्डमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेसा, जातीय विवरण, भाषालगायत **ECDI 2030** अन्तर्गत विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

## १. उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन

अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहको आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय स्तरलाई तालिका १ मा उल्लेख गरिएको छ।

तालिका १. बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |




**सूत्र १. ECDI2030 को सूत्र**


$$\text{ECDI2030} = \frac{\text{Number of children aged 24 to 50 months who have achieved the minimum number of milestones expected for their age group}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूले सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बाल विकासको सही अवस्था (On-Track) भएको मानिन्छ भने सोभन्दा तल भएमा बालविकासको सही अवस्थामा नरहेको भन्ने बुझिन्छ । यसै गरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of milestone) पनि सोहीअनुरूप बढ्दै जान्छ जस्तो कि ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका बालबालिकाको अङ्क ११, ४२ देखि ४७ महिनाका उमेर समूहको अङ्क १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाको स्तर अङ्क १५ हुनुपर्ने देखिन्छ । यसलाई माथिको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ

## २. ECDI 2030 को नतिजा विश्लेषण

नेपालको ७ प्रदेशअन्तर्गतका ७ जिल्ला छनौट गरी हरेक जिल्लाबाट १/१ पालिकाअन्तर्गतका २४ देखि ५९ महिना भित्रका जम्मा १,४०४ बालबालिकाहरूलाई समावेश गरी सम्पन्न गरिएको यस अध्ययनले बालविकासको स्तर चित्र नं. १ मा देखाएको छ ।

**चित्र: ECDI 2030 मापदण्ड पूरा गर्ने र नगर्ने बालबालिकाहरू**





चित्रमा उल्लेख भएअनुसार ECDI 2030 मा समावेश भएका सातवटा पालिकाका १,४०४ विद्यार्थीहरूबाट प्राप्त भएको नतिजाअनुसार अन्तर्राष्ट्रिय मापदण्डको न्यूनतम स्तर पूरा गर्ने बालबालिका ८० प्रतिशत रहेका छन् भने सो मापदण्ड पूरा गर्न नसक्ने बालबालिकाहरू २० प्रतिशत रहेका छन् । यस तथ्याङ्कअनुसार नेपालको बाल विकासको स्तर हेर्दा २० % बालविकासको अन्तर्राष्ट्रिय न्यूनतम स्तर पूरा गर्न नसकेका वा सो पूरा गर्नका लागि प्रयत्नरत भएका देखिन्छन् ।

## ३. गढी गाउँपालिकाको नतिजा

गढी गाउँपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका १३४ बालबालिकाको प्रतिक्रियालाई आधार मानेर राष्ट्रिय र गढी गाउँपालिकाको बालविकासको न्यूनतम उपलब्धिको तुलना गरिएको छ।

**चित्र: गढी गाउँपालिका र राष्ट्रिय नतिजाको ECDI 2030 को तुलना**




चित्रमा उल्लेख भएको तथ्याङ्कको विश्लेषणअनुसार प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनले देखाएको बालबालिकाको विकास उपलब्धिलाई राष्ट्रिय उपलब्धिसँग तुलना गरिएको छ। बालबालिकाको विकास उपलब्धि राष्ट्रिय स्तर सही अवस्था (on track) ८०% र स्तरमा नपुगेको २०% देखिन आउँछ। जबकि गढी गाउँपालिकाका बालबालिकाको बालविकासको उपलब्धि स्तर सही अवस्था (on track) ८६% र सही अवस्था नपुगेका १४ % रहेको छ। यसरी तुलना गर्दा बालबालिकाको उपलब्धि स्तर राष्ट्रियको तुलना गर्दा यस गाउँपालिका अगाडि देखिन्छ । उपलब्धि मापनको अन्तर्राष्ट्रिय मापदण्डअनुसार गढी गाउँपालिकामा अझै १४ % बालबालिका सही अवस्थामा पुग्न नसकेको वा पुग्ने अवस्थामा प्रक्रियारत रहेको देखिन्छ।

## ४. गढी गाउँपालिकाको बालबालिकाको उमेरगत उपलब्धिको स्तर

२४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई सोधिएका २० प्रश्नहरूको प्राप्त भएको प्रतिक्रियाका आधारमा बालविकास उपलब्धिलाई यसका तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: उमेरगत आधारमा तुलनात्मक उपलब्धि प्रतिशत**

| Local Level | 24-29 months | | 30-35 months | | 36-41 months | | 42-47 months | | 48-59 months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | On track | N | On track | N | On track | N | On track | N | On track | N |
| Gadhi RM | 17% | 6 | 100% | 11 | 89% | 19 | 84% | 19 | 89% | 79 |


माथि उल्लेख भएको तालिका नं. २ मा प्रस्तुत गरिएको तथ्याङ्कको विश्लेषणअनुसार गढीगाउँपालिकाको १३४ बालबालिकामा गरिएको बालविकास अध्ययनअनुसार २४ महिना देखि २९ महिना उमेर समूहको बालबालिकाको सङ्ख्या ६ जना रहेको छ भने १७% बालबालिका सही अवस्था (on track) मा रहेको देखिन्छ भने ८३% बालबालिका सही अवस्थामा नरहेको देखिन्छ।

त्यस्तै गरी ३०–३५ महिनाको ११ जना बालबालिकाहरू १००% बालविकासको उपलब्धि हासिल गरेको देखिन्छ। ३६–४१ महिनाको १९ जना बालबालिकाको बालविकास उपलब्धि ८९ को सही अवस्था (On track) मा र ११% को सही अवस्थामा नरहेको पाइयो। ४२–४७ महिना समूहका १९ जना बालबालिकाहरूको बालविकास उपलब्धि ८४% को सही अवस्था (on track) मा रहेको र १६% बालबालिकाको सही अवस्थामा नरहेको पाइयो। त्यस्तै गरी ४८–५९ महिना समूहको ६९ जना बालबालिकाको बालविकास उपलब्धि ८९% बालबालिकाको सही अवस्था (On track) मा रहेको र ११% बालबालिकाको उपलब्धि सही अवस्थामा नरहेको पाइयो।

## ५. लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना

गढी गाउँपालिकाको २४ देखि ५९ महिनाको उमेर समूहका १३४ बालबालिकाहरूमध्येबाट लैङ्गिक आधारमा बालविकासको उपलब्धिको तुलना गरिएको छ।

**चित्रमा लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना**





गढी गाउँपालिकाको १३४ बालबालिकामा सम्पन्न गरिएको बालविकास उपलब्ध अध्ययनअन्तर्गत केटा र केटीलाई छुट्टाएर तुलना गरिएको छ। प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा छात्रातर्फ ६७ जना मध्ये ९०% बालिकाहरू सही अवस्थामा रहेका

छन् भने १०% बालिकाहरू सही अवस्थामा रहेको पाइएन। त्यस्तै गरी छात्रतर्फ ६७ जना मध्ये ८२% बालकहरूको विकास उपलब्धि सही (on track) रहेको छ भने १८% बालकको विकास अवस्था सही अवस्थामा नरहेको देखिन्छ। यसरी हेर्दा बालिकाको तुलनामा बालकहरूको विकास उपलब्धि कमजोर रहेको पाइन्छ।

### ६. आमाको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र आमाको शैक्षिक अवस्थालाई यस चित्रमा प्रस्तुत गरिएको छ।

**चित्रमा आमाको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**





चित्रमा उल्लेख भएको तथ्याङ्कका आधारमा विश्लेषण गर्दा अध्ययनमा समावेश गरिएको बालबालिकाको आमाहरूलाई शिक्षित र अशिक्षित गरी दुई समूहमा विभाजन गरिएको छ। आमाको शैक्षिक अवस्थाको आधारमा हेर्दा शिक्षित आमाहरूको बालबालिकाहरूको विकास उपलब्धि ८७% को सही अवस्था (on track) मा रहेको छ भने १३% बालबालिकाको सिकाइ उपलब्धि सही अवस्थामा नरहेको पाइएको छ। त्यस्तै गरी अशिक्षित आमाहरूको बालबालिकाको सिकाइ उपलब्धि ८३% को सही अवस्था (on track) मा रहेको र १७% बालबालिकाको सिकाइ उपलब्धि सही अवस्थामा नरहेको पाइएको छ। यसरी हेर्दा शिक्षित आमाहरूको तुलनामा अशिक्षित आमाहरूको बालबालिकाहरूको सिकाइ उपलब्धि कमजोर रहेको देखिन्छ।

### ७. बाबुको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र बाबुको शैक्षिक अवस्थालाई चित्रमा प्रस्तुत गरिएको छ।

**चित्रमा बाबुको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**




चित्रमा उल्लेख भएको तथ्याङ्कका आधारमा विश्लेषण गर्दा अध्ययनमा समावेश भएको गढी गाउँपालिकाको १३४ बालबालिकाहरूको बाबुहरूलाई शिक्षित र अशिक्षित गरी दुई समूहमा विभाजन गरिएको छ। बाबुको शैक्षिक अवस्थाको आधारमा विश्लेषण गर्दा शिक्षित बाबुहरूको बालबालिकाको बालविकास उपलब्धि ८६% को सही अवस्था (on track) मा रहेको छ भने १४% बालबालिकाहरूको बालविकास उपलब्धि सही अवस्थामा नरहेको पाइयो। त्यस्तै गरी अशिक्षित बाबुहरूको बालबालिकाको बालविकास उपलब्धि ८७% को सही अवस्था (on track) मा रहेको छ भने १३% बालबालिकाहरूको बालविकास उपलब्धि सही अवस्थामा नरहेको पाइयो। शिक्षित आमाहरूको तुलनामा अशिक्षित आमाहरूको बालबालिकाहरूको सिकाइ उपलब्धि कमजोर रहेको देखिए तापनि शिक्षित र अशिक्षित बाबुहरूको बालबालिकाको बिचमा बालविकास उपलब्धिमा भने ठूलो अन्तर देखिएन। त्यसकारण आमा शिक्षित छ भने बालबालिकाहरूको बालविकास उपलब्धि सही अवस्थामा हुने कुरा देखियो।

## ८. गढी गाउँपालिकाका ECDI 2030 मा सहभागी बालबालिकाहरूको जातिगत अवस्था

**ECDI 2030**मा सहभागी भएकाहरूमध्ये गढी गाउँपालिकाका २४ देखि ५९ महिनाभित्रका १३४ बालबालिकाहरूलाई जातिगत आधारमा केलाउँदा निम्न अवस्था रहेको पाइयो।

**तालिका ३: जातिगत आधारमा बालविकासको उपलब्ध**


| Status | Brahman | Chhetri | Madhesi | Janjati | Dalit |
|---|---|---|---|---|---|
| On track | 50% | 100% | 87% | 100% | 0% |
| Struggling | 50% | 0% | 13% | 0% | 100% |

गढी गाउँपालिकाबाट ECDI 2030 मा सहभागी भएका १३४ बालबालिकाहरूलाई विभिन्न जातिगत समूहमा विभाजन गरी विश्लेषण गरीएको छ। यसरी विभाजन गरिएको जातिगत समूहरूमा ब्राह्मण, क्षेत्री, मधेसी, जनजाति र दलित गरी ५ समूहमा विभाजन गरिएको छ। यसरी जातिगत रूपमा बालविकासको उपलब्धि विश्लेषण गर्दा ब्राह्मण समूहका बालबालिकाको बालविकास उपलब्धि ५०% को सही अवस्था (on track) मा रहेको र ५०% को सही अवस्था नरहेको पाइयो। क्षेत्री समूहका बालबालिकाहरूको बालविकास उपलब्धि १०० अथवा शतप्रतिशतको सही अवस्था (on track) मा रहेको पाइयो। त्यस्तै गरी मधेसी समुदायको बालबालिकाहरूको बालविकासको उपलब्धि ८६% को सही अवस्था (on track) मा रहेको र १३% को सही अवस्था नरहेको पाइयो। जनजाति समूहका बालबालिकाको बालविकास उपलब्धि पनि १०० अथवा १००% को सही अवस्था (on track) मा रहेको पाइयो। त्यस्तै गरी दलित समुदायको सबै बालबालिकाहरूको विकास उपलब्धि ० प्रतिशत अथवा १००% सही अवस्थामा नरहेको पाइयो। यसरी हेर्दा क्षेत्री र जनजाति समुदायको बालबालिकाको १००% सही अवस्थामा (on track) मा रहेको छ भने मधेसी समुदायमा ८६% र ब्राह्मण समुदायका बालबालिकाहरूको विकास उपलब्धि कमजोर रहेको पाइयो भने दलित बालबालिकाको उपलब्धि ज्यादै कमजोर रहेको देखियो।

### ९. घरमा प्रयोग हुने भाषाका आधारमा ECDI 2030 को नतिजा

ECDI 2030 मा समावेश भएका बालबालिकाहरूका घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजालाई विश्लेषण गरिएको छ।

**चित्रघरमा प्रयोग हुने भाषा र बालविकासको उपलब्धिको नतिजा**




ECDI 2030 मा समावेश भएका १३४ बालबालिकाहरूलाई घरमा प्रयोग हुने भाषाको आधारमा दुई समूहमा विभाजन गरिएको छ। यसअन्तरगर्त नेपाली भाषा र अन्य भाषा अथवा नेपाली अन्य भाषाको रूपमा विभाजन गरिएको छ। यसरी भाषाको रूपमा बाहेक विभाजन गरी बालबालिकाहरूको विकास उपलब्धिको विश्लेषण गर्दा घरमा नेपाली भाषा प्रयोग गर्ने

बालबालिकाहरूको बालविकास उपलब्धि ८२% को सही अवस्था (on track) मा रहेको र १८% बालबालिका सही अवस्थामा नरहेको पाइयो । त्यस्तै गरी नेपालीबाहेक अन्य भाषा प्रयोग हुने बालबालिकाको बालविकास उपलब्धि ८६% को सही अवस्था (on track) मा रहेको १४% बालबालिका सही अवस्थामा नरहेको पाइयो । यसरी हेर्दा घरमा नेपाली भाषाभन्दा अन्य भाषा अथवा नेपालीबाहेक अन्य भाषाको प्रयोग गर्ने बालबालिकाहरूको बालविकास उपलब्धि उच्च देखिएको छ ।

### १०. विद्यार्थीको प्रश्नगत नतिजा

गढी गाउँपालिकाबाट ECDI 2030 मा सहभागी भएका १३४ बालबालिकाहरूलाई विभिन्न २० वटा प्रश्नहरू सोधी सोबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

**तालिका नं. ४: विद्यार्थीको प्रश्नगत नतिजा**

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Gadi RM | Health: ECD1_Walking in uneven road | 92% | 133 | 26% |
| | Health: ECD2_Can jump by lifting both legs | 95% | 133 | 22% |
| | Health: ECD3_Can tie button of shirt and apint | 72% | 122 | 45% |
| | Health: ECD4_can tie or open button of cloths without other's support | 61% | 122 | 49% |
| | Learning: ECD5_Can say more than 10 words like baba, mama, bal | 98% | 132 | 12% |
| | Learning: ECD6_Can speak more than 3-word sentences | 92% | 132 | 27% |
| | Learning: ECD7_Can speak sentences having more than 5 words | 100% | 122 | 0% |
| | Learning: ECD8_Can use pronouns correctly while speaking | 92% | 133 | 26% |
| | Learning: ECD9_Can recognize and name familier objects like boul, animals | 92% | 133 | 26% |
| | Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 65% | 132 | 48% |
| | Learning: ECD11_Can write own name | 19% | 131 | 39% |
| | Learning: ECD12_Can recognize all numbers 1 to 5 | 63% | 133 | 48% |

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Gadi RM | Learning: ECD13_Can give 3 objects if you ask by counting | 68% | 130 | 47% |
| | Learning: ECD14_Can count 10 objects without mistake | 70% | 133 | 46% |
| | Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 85% | 128 | 36% |
| | Psychosocial Well-being: ECD16_Do inquery with parents about other members of the famili when they are absent | 92% | 133 | 28% |
| | Psychosocial Well-being: ECD17_Do help if someone ask for | 95% | 132 | 21% |
| | Psychosocial Well-being: ECD18_Live with other children with good relation | 92% | 132 | 27% |
| | Psychosocial Well-being: ECD19_ Become sad of unhappy - frequency | 99% | 106 | 10% |
| | Psychosocial Well-being: ECD20_ Activity with other child - quarrel, beat ? | 61% | 119 | 49% |

गढी गाउँपालिकाको १३४ बालबालिकाहरूलाई ECDI 2030 अन्तर्गत २० वटा फरकफरक प्रश्न सोधी उनीहरूको बालविकासको अवस्था बारे अध्ययन गरिएको थियो। हरेक बालबालिकाको आमासँग प्रश्न राखी उनीहरूको बालबालिकाको बालविकासको अवस्था बारे प्रश्न सोधी प्राप्त प्रक्रियाको विश्लेषण गरिएको हो। यसरी प्रश्नगत रूपमा विश्लेषण गर्दा ९२% विद्यार्थी खाल्डाखुल्डी बाटोमा हिड्न सक्ने देखिन्छ भने दुवै खुट्टाले भुइँले छाडी उफ्रन सक्नेको सङ्ख्या ९५% देखिन्छ। सहयोगबिना कपडा लगाउन सक्ने विद्यार्थी सङ्ख्या ६१% रहेको छ। आमा, बा जस्ता सरल शब्द भन्न सक्नेको सङ्ख्या ९८% छ भने तीनभन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने विद्यार्थी सङ्ख्या १३२ जना वा ९२ % रहेको छ। त्यस्तै गरी ५ वटाभन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या १००% रहेको छ। शुद्धसँग उच्चारण गर्न सक्ने जस्तै (ले र उ लगाएर) वाक्यहरू भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ९२% रहेको छ भने वस्तु चिन्न सक्ने र छुट्टाउन सक्नेको सङ्ख्या पनि ९२% रहेको छ।

नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न सक्नेहरूको सङ्ख्या ६५% र स्तरीय भिन्नता ४८ रहेको छ। आफ्नो नाम लेख्न सक्नेहरूको सङ्ख्या १९% मात्र रहेको छ। १ देखि ५ सम्मका सबै अङ्क चिन्न सक्नेको सङ्ख्या ६३% र स्तरीय भिन्नता ४८ रहेको छ। तीन वटा फरकफरक वस्तु चिन्न सक्नेहरूको सङ्ख्या ६८% रहेको छ भने वस्तु वा औंला गन्ती गर्न

सक्नेको सङ्ख्या ६०% रहेको छ । रङ्ग लगाउने र खेलौनासँग खेल्न सक्नेको सङ्ख्या ८५% रहेको पाइयो भने घरका परिचित व्यक्तिलाई नदेख्दा चिन्तन गर्न सक्नेको सङ्ख्या ९२% रहेको पाइयो । खुसी तथा निराशा देखाउन सक्नेहरूको सङ्ख्या र यस्तो व्यवहार वारम्बार देखाउनेको सङ्ख्या ९९% र अन्य बालबालिकासँग झगडा गर्ने विद्यार्थीहरूको सङ्ख्या ८८% अथवा १३४ मध्ये ११९ जना हुन्छ र सोको स्तरीय भिन्नता ४९ रहेको पाइयो । यसरी सोधिएको प्रश्नमा १०० प्रतिशत र ५ शब्दको वाक्य भन्न सक्ने एउटा मात्र प्रश्न रहेको छ भने सबैभन्दा कम नाम भन्न सक्ने १९% मात्र रहेको देखियो ।

# अनुसूची ६ सुनकोशी गाउँ पालिका (सिन्धुली जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण


यस अध्यायमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेसा, जातीय विवरण, भाषा लगायत ECDI 2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

## १. उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन

अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहका आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय स्तरलाइ तालिका १ मा उल्लेख गरिएको छ ।

तालिका १: बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |




तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूले सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बालविकासको सही अवस्था (On Track) भएको मानिन्छ भने सोभन्दा तल भएमा बालविकास सही अवस्थामा नरहेको भन्ने बुझिन्छ । यसैगरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of mile stone) पनि सोहीअनुरूप बढ्दै जान्छ जस्तो कि ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका बालबालिकाको

११, ४२ देखि ४७ महिनाका उमेर समूहको १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाको स्तर १५ हुनुपर्ने देखिन्छ। यसलाई निम्नअनुसारको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ।


**Formula 1. ECDI2030 formula**

$$\text{ECDI2030} = \frac{\text{Number of children aged 24 to 50 months who have achieved the minimum number of milestones expected for their age group}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

## २. को नतिजा विश्लेषण

नेपालको ७ प्रदेशअन्तर्गतका ७ जिल्ला छनौट गरी हरेक जिल्लाबाट १,१ पालिकाअन्तर्गतका २४ देखि ५९ महिना भित्रका जम्मा १,४०४ बालबालिकाहरूलाई समावेश गरी गरिएको यस अध्ययनले बालविकासको राष्ट्रिय स्तर देखाएको छ।

**चित्र: मापदण्ड पूरा गर्ने र नगर्ने बालबालिकाहरू**





चित्रमा उल्लेख भएअनुसार ECDI 2030 मा समावेश भएका सातवटा पालिकाका १४०४ विद्यार्थीहरूबाट प्राप्त भएको नतिजाअनुसार अन्तर्राष्ट्रिय मापदण्डको न्यूनतम स्तर पूरा गर्ने बालबालिका ८० प्रतिशत रहेका छन् भने सो मापदण्ड पूरा गर्न नसक्ने बालबालिकाहरू २० प्रतिशत रहेका छन्। यस तथ्याङ्कअनुसार नेपालको बालविकासको स्तर हेर्दा २० % बालविकासको अन्तर्राष्ट्रिय न्यूनतम स्तर पूरा गर्न नसकेका वा सो पूरा गर्नका लागि प्रयत्नरत भएका देखिन्छन्।

## ३. सुनकोशी गाउँपालिकाको नतिजा

सुनकोशी गाउँपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका १८५ बालबालिकाको प्रतिक्रियालाई आधार मानेर राष्ट्रिय र पालिकाको बालविकासको न्यूनतम उपलब्धिको तुलना गरिएको छ।

**चित्र: सुनकोशी गाउँपालिका र राष्ट्रिय नतिजाको ECDI 2030 को तुलना**




चित्रमा प्रारम्भिक सिकाइ तथा विकासको अवस्थाको बारेमा सुनकोशी गाउँपालिका र राष्ट्रियस्तरको तुलना गरिएको छ। बालबालिकाको विकास उपलब्धि राष्ट्रियस्तरमा हेर्दा सही अवस्थामा (On track) ८० प्रतिशत र स्तर नपुगेको २० प्रतिशत रहेकोमा पालिकाको बालविकास उपलब्धि स्तर सही अवस्थामा (On track) ७९ % स्तर नपुगेको २१ प्रतिशत देखिएको छ। यसरी हेर्दा गाउँपालिका बालविकासको उपलब्धि स्तरमा राष्ट्रियस्तरको दाँजोमा पुग्न सकेको देखिँदैन। उपलब्धि स्तर अन्तर्राष्ट्रिय मापदण्ड भन्दा त अझै कमजोर देखिन्छ।

### ४. सुनकोशी गाउँपालिकाको बालबालिकाको उमेरगत उपलब्धिको स्तर

२४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई सोधिएका २० प्रश्नहरूको आधारमा प्राप्त भएको प्रतिक्रियाका आधारमा बालविकास उपलब्धिलाई यसका तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: उमेरगत आधारमा तुलनात्मक उपलब्धि प्रतिशत**

| Local Level | Age group | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 24-29 months | N | 30-35 months | N | 36-41 months | N | 42-47 months | N | 48-59 months | N |
| Sunkoshi RM | NA | 0 | 100% | 5 | 53% | 19 | 86% | 56 | 80% | 105 |

तालिका २ मा प्रस्तुत तथ्याङ्क विश्लेषण गर्दा सुनकोसी गाउँपालिकाका ECDI-2030 मा समावेश गरिएका विभिन्न उमेर समूहका १८५ बालबालिकाहरू मध्ये २४ देखि २९ महिनासम्मका बालबालिकाहरू को सहभागिता शून्य थियो। त्यस्तै ३०

देखि ३५ महिनाका संलग्न ५ जना बालबालिकाहरू मध्ये १००% को उपलब्धि सही अवस्थामा (On track) पाइएको छ त्यसैगरी ३६ देखि ४१ महिना उमेरसमूहका १९ जनामध्ये सही अवस्थामा ५३%, ४२ देखि ४७ महिनाका उमेरसमूहका ५६ मध्ये सही अवस्थामा ८६% र ४८ देखि ५९ महिना उमेरसमूहका १०५ जना सहभागी बालबालिकाको बालविकासको उपलब्धि ८०% को सही अवस्थामा रहेको पाइयो । माथिका तथ्याङ्कहरू हेर्दा उमेर बढ्दै जाँदा बालबालिकाको बालविकासमा क्रमश बढ्दै जानुपर्नेमा पालिकामा उक्त स्तर घटबढ भएको अवस्था देखिएको छ ।


## ५. लैङगिक आधारमा बालविकास उपलब्धिको तुलना

सुनकोशी गाउँपालिका को २४ देखि ५९ महिनाको उमेर समूहका १८५ बालबालिकाहरू मध्येबाट लैङगिक आधारमा बालविकासको उपलब्धिको तुलना गरिएको छ ।

**लैङगिक आधारमा बालविकास उपलब्धिको तुलना**

सुनकोशी गाउँपालिका को २४ देखि ५९ महिनाको उमेर समूहका १८५ बालबालिकाहरूमध्येबाट लैङगिक आधारमा बालविकासको उपलब्धिको तुलना गरिएको छ ।

**चित्रः लैङगिक आधारमा बालविकास उपलब्धिको तुलना**





चित्रमा देखाइएअनुसार सुनकोशी गाउँपालिकाको १८५ जना बालबालिकामा गरिएको बालविकास उपलब्धि अध्ययनमा लैङ्गिक हिसाबले तुलनागर्दा छात्रातर्फ ८४% को बालबालिकाको उपलब्धि स्तर सही अवस्थामा (On-track) रहेको र १६ प्रतिशत बालबालिकाको स्तर सही अवस्थामा नरहेको पाइएको छ । त्यसैगरी छात्रतर्फ ७५% बालकको बालविकास सही अवस्थामा (On - Track) र २५ प्रतिशतको सही अवस्थामा नरहेको पाइयो । छात्र छात्राको तुलना गर्दा छात्राहरूको बालविकासको अवस्था राम्रो रहेको पाइएको छ ।

## ६. आमाको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा सुनकोशी गाउँपालिका बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र आमाको शैक्षिक अवस्थालाई यस चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र: सुनकोशी गाउँपालिका आमाको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**





चित्रमा उल्लेखित तथ्याङ्क विश्लेषण गर्दा आमाको शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी आमाहरूलाई दुई समूहमा विभाजन गरिएको छ । शिक्षित आमाहरूको बच्चाहरूको बालविकास स्तर ८०% सही अवस्था (On Track) मा रहेको छ भने अशिक्षित आमाहरूको हकमा ७४% उपलब्धि स्तर सही अवस्थामा रहेको पाइयो । यसरी हेर्दा आमाको शिक्षाले बालबालिकाको विकासको अवस्थामा प्रभाव पारेको पाइएको छ ।

## ७. सुनकोशी गाउँपालिका बाबुको शैक्षिक अबस्था र बालविकासको उपलब्धि

प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा सुनकोशी गाउँपालिका बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र बाबुको शैक्षिक अवस्थालाई चित्रमा प्रस्तुत गरिएको छ

**चित्रमा सुनकोशी गाउँपालिका बाबुका शैक्षिक अवस्था र बालविकासको उपलब्धि**



चित्रमा उल्लेखित तथ्याङ्क विश्लेषण गर्दा बाबुको शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी समूहमा विभाजन गरी बालबालिकाको बालविकास स्तर हेर्दा शिक्षित बाबुको बच्चाहरूको बालविकास स्तर ८१ % सही अवस्थामा (On Track) रहेको पाइयो । भने अशिक्षित बाबुहरूको हकमा ५६% मात्र उपलब्धि स्तर सही अवस्थामा रहेको पाइयो । यसरी हेर्दा शिक्षित बाबुहरूको तुलनामा अशिक्षित बाबुहरूको बालविकासको स्तर कमजोर देखिएको छ ।

## ८. सुनकोशी गाउँपालिकाका ECDI 2030 मा सहभागी बालबालिकाहरूको जातिगत अवस्था

ECDI 2030 मा सहभागी भएकाहरूमध्ये सुनकोशी गाउँपालिकाका २४ देखि ५९ महिनाभित्रका १८५ बालबालिकाहरूलाई जातिगत आधारमा केलाउँदा निम्न अवस्था रहेको पाइयो ।

**तालिका ३: सुनकोशी गाउँपालिका जातिगत आधारमा बालविकासको उपलब्धि**


| Status | Brahman | Chhetri | Madhesi | Janjati | Dalit |
|---|---|---|---|---|---|
| On track | 86% | 85% | 100% | 85% | 63% |
| Struggling | 14% | 15% | 0% | 15% | 37% |

सुनकोशी गाउँपालिकाबाट ECDI-2030 मा सहभागी गराइएका १८५ बालबालिकाहरूको जातिगत अवस्थाको चित्रण तालिका ३ मा गरिएको छ, जसमा सहभागीहरूलाई ब्राह्मण, क्षेत्री, मधेसी, जनजाति र दलित गरी ५ उपसमूह विभाजन गरी विश्लेषण गर्दा ब्राह्मण जातिका बालबालिकाहरूको बालविकास उपलब्धि ८६% को सही अवस्था (On-track)) रहेको पाइयो । त्यसैगरी क्षेत्री र जनजातिको समान ८५%, % र दलितको ६३% बालविकास उपलब्धि सही अवस्थामा रहेको पाइएको छ भने मधेसी समूहको १००% बालबालिकाहरू नै सही स्तरमा देखिएका छन । जातिगत आधारमा बालविकास उपलब्धि केलाउँदा मधेसी बालबालिका १००% उपलब्धिका साथ सबैभन्दा राम्रो स्तरमा रहेको पाइएको छ ।

## ९. घरमा प्रयोग हुने भाषाका आधारमा ECDI 2030 को नतिजा

ECDI 2030 मा समावेश भएका सुनकोशी गाउँपालिकाका बालबालिकाहरूका घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजालाई विश्लेषण गरिएको छ ।

**चित्र: सुनकोशी गाउँपालिकाका घरमा प्रयोग हुने भाषा र बालविकासको उपलब्धिको नतिजा**



चित्रमा घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजा विश्लेषण गरिएको छ । जसमा ECDI 2030 मा समावेश भएका सुनकोशी गाउँपालिकाका १८५ बालबालिकाहरू मध्ये घरमा नेपाली भाषा प्रयोग हुने बालबालिकाको स्तर ७७% रहेको र गैर नेपाली भाषा प्रयोग हुने बालबालिका मध्ये ८८% को बालविकास सही स्तर (On Track) रहेको पाइयो ।

### १०. सुनकोशी गाउँपालिकाका विद्यार्थीको प्रश्नगत नतिजा

यस अध्ययनमा ECDI 2030 अन्तर्गत सुनकोशी गाउँपालिकामा सोधिएका २० वटा प्रश्नहरूका आधारमा हरेक प्रश्नबाट प्राप्त उत्तरलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

**तालिका ४: विद्यार्थीहरूको प्रश्न गत नतिजा**

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Sunkoshi RM | Health: ECD1_Walking in uneven road | 90% | 185 | 30% |
| | Health: ECD2_Can jump by lifting both legs | 94% | 185 | 24% |
| | Health: ECD3_Can tie button of shirt and apint | 64% | 185 | 48% |
| | Health: ECD4_can tie or open button of cloths without other's support | 33% | 185 | 47% |
| | Learning: ECD5_Can say more than 10 words like baba, mama, bal | 99% | 185 | 7% |
| | Learning: ECD6_Can speak more than 3-word sentences | 90% | 185 | 30% |
| | Learning: ECD7_Can speak sentences having more than 5 words | 74% | 167 | 44% |
| | Learning: ECD8_Can use pronouns correctly while speaking | 83% | 185 | 38% |
| | Learning: ECD9_Can recognize and name familier objects like boul, animals | 95% | 185 | 22% |
| | Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 64% | 183 | 48% |
| | Learning: ECD11_Can write own name | 16% | 185 | 37% |
| | Learning: ECD12_Can recognize all numbers 1 to 5 | 71% | 185 | 45% |
| | Learning: ECD13_Can give 3 objects if you ask by counting | 91% | 183 | 28% |
| | Learning: ECD14_Can count 10 objects without mistake | 79% | 185 | 41% |

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Sunkoshi RM | Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 50% | 167 | 50% |
| | Psychosocial Well-being: ECD16_Do inquery with parents about other members of the famili when they are absent | 98% | 185 | 15% |
| | Psychosocial Well-being: ECD17_Do help if someone ask for | 94% | 184 | 24% |
| | Psychosocial Well-being: ECD18_Live with other children with good relation | 98% | 185 | 15% |
| | Psychosocial Well-being: ECD19_Become sad of unhappy - frequency | 99% | 185 | 10% |
| | Psychosocial Well-being: ECD20_Activity with other child - quarrel, beat ? | 48% | 184 | 50% |

सुनकोशी गाउँपालिकाका १८५ बालबालिकाहरूलाई समावेश गरी ECDI 2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरू बालबालिकाको आमासँग सोधेर उनीहरूको बालविकासको अवस्थाबारे प्रतिक्रिया लिएको थियो। प्रश्नगत रूपमा विश्लेषण गर्दा ९० प्रतिशत बालबालिका सतह नमिलेको बाटोमा हिड्न सक्ने देखिएका छन भने ९४ प्रतिशत बालबालिकाहरू दुवै खुट्टा उचालेर उफ्रन सक्ने, ६४ प्रतिशतले आफ्नो कपडाको टाँक लगाउन सक्ने र ३३ प्रतिशत बालबालिकाले कसैको सहयोगबिना नै टाँक लगाउने खोल्ने गर्न सकेको पाइएको छ।

बालबालिकाको सिकाइको दृष्टिकोणमा विश्लेषण गर्दा ९९% बालबालिकाहरूले बाबा, काका, मामा जस्ता सरल शब्दहरू १० भन्दा बढी भन्न सकेको पाइएको छ। ९० प्रतिशतले ३ शब्द भन्दा बढी भएका वाक्यहरू बोल्न सकेका छन् भने ७४ प्रतिशत बालबालिकाले पाँच शब्द बढी भएका वाक्यहरू बोल्न सकेको पाइएको छ। सहभागी भएकामध्ये ८३% बालबालिकाहरूले बोल्दा शुद्ध उच्चारण गर्न सकेका र ९५% ले परिचित वस्तुहरूको पहिचान गर्न सकेको पाइयो। त्यसैगरी ६४ प्रतिशत बालबालिकाले कम्तीमा ५ वटा नेपाली अक्षरहरू चिन्न सकेको, १६ प्रतिशतले आफ्नो नाम लेख्न सकेको, ७१ प्रतिशतले १ देखि ५ सम्मका अङ्कहरू चिन्न सकेको, ९१ प्रतिशतले तीनवटासम्म वस्तु गणना गरेर दिन सकेको, ७९ प्रतिशतले गल्ती नगरिकन १० वटासम्म वस्तुहरू गन्न सकेको पाइएको छ भने ५०% बालबालिकाहरूले रङ लगाउने, चित्र कोर्ने जस्ता कामहरू निरन्तर गर्न सकेको पाइएको छ।

मनोविज्ञानको विकास सम्बन्धी सोधिएका प्रश्नहरू मध्ये ९८ प्रतिशतले बालबालिकाहरूले परिवारका सदस्यहरू नदेख्दा आमाबाबुसँग सोधखोज गर्ने गरेको, ९४ प्रतिशतले कसैले सहयोग गर भन्दा गर्ने गरेको, ९८ प्रतिशत बालबालिकाहरू साथीहरूसँग मित्रवत् सम्बन्ध राखेर बसेको पाइएको छ। ९९ प्रतिशत बालबालिकाहरू बेलाबखत बेखुसी रहने गरेको र ४८ प्रतिशत बालबालिकाहरूले झगडा, हानाहान गर्दै आफ्नो रिस पोख्ने गरेको पाइएको छ।

# अनुसूची ७ मादी गाउँपालिका (कास्की जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण

यस खण्डमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेसा, जातिगत विवरण र भाषालगायत ECDI-2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

## १. उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन


यस अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका उमेरका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहको आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय बालविकास स्तरलाई तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड**

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |

तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाहरूको विकासको अन्तर्राष्ट्रिय मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूलाई सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बाल विकासको सही अवस्था (On-Track) भएको मानिन्छ भने सो भन्दा तल भएमा बालविकास सही अवस्थामा नरहेको (Not on-Track) भन्ने बुझिन्छ। यसै गरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of mile stone) पनि सोहीअनुरूप बढ्दै जान्छ। जस्तै ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका बालबालिकाको ११, ४२ देखि ४७ महिनाका उमेर समूहको १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाको स्तर १५ हुनुपर्ने देखिन्छ। यसलाई निम्नअनुसारको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ।

ECDI2030 INDICATOR



The 20 items in the ECDI2030 assessment tool were used to generate single indicator ECDI2030. This single indicator represents the proportion of students who achieved minimum number of milestones (in decimal number).

The formula of calculating the ECDI2030 is given below:


**Formula 1. ECDI2030 formula**

$$\text{ECDI2030} = \frac{\text{Number of children aged 24 to 50 months who have achieved the minimum number of milestones expected for their age group}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

## २. ECDI-2030 को नतिजा विश्लेषण

नेपालको ७ प्रदेशअन्तर्गतका ७ जिल्ला छनौट गरी हरेक जिल्लाबाट १/१ पालिकाको २४ देखि ५९ महिना सम्मका जम्मा १,४०४ बालबालिकाहरूलाई समावेश गरी गरिएको यस अध्ययनले बालविकासको राष्ट्रिय स्तर देखाएको छ ।

**चित्र: ECDI-2030 मापदण्ड पूरा गर्ने र नगर्ने बालबालिकाहरू**





चित्रमा उल्लेख भएअनुसार ECDI-2030 मा समावेश भएका सातवटा पालिकाका जम्मा १,४०४ विद्यार्थीहरूबाट प्राप्त भएको नतिजाअनुसार अन्तर्राष्ट्रिय मापदण्डको न्यूनतम स्तर पूरा गर्ने बालबालिका ८० प्रतिशत रहेका छन् भने सो मापदण्ड पूरा गर्न नसक्ने बालबालिकाहरू २० प्रतिशत रहेका छन् । यस तथ्याङ्कअनुसार नेपालको बालबालिकाहरूको बालविकासको स्तर हेर्दा २०% बालबालिकाहरू बालविकासको अन्तर्राष्ट्रिय न्यूनतम स्तर पूरा गर्न नसकेका वा सो पूरा गर्नका लागि प्रयत्नरत भएका देखिन्छन् ।

## ३. मादी गाउँपालिकाको नतिजा

मादी गाउँपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा समावेश भएका १६७ बालबालिकाको प्रतिक्रियालाई आधार मानेर राष्ट्रिय र यस पालिकाको बालविकासको न्यूनतम उपलब्धिको तुलना चित्र २ मा प्रस्तुत गरिएको छ।

**चित्र: मादी गाउँपालिका र राष्ट्रिय नतिजाको ECDI-2030 को तुलना**




चित्रमा प्रस्तुत गरिएको मादी गाउँपालिकाको प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका १६७ बालबालिकाहरूमध्ये ७२ प्रतिशत राम्रो -On track) र २८ प्रतिशत बालबालिकाहरू मापदण्ड पूरा गर्न नसक्ने (Not on track) अवस्थामा रहेका छन्। राष्ट्रिय स्तरसँग मादी गाउँपालिकाको तुलना गर्दा ८० प्रतिशत बालबालिकाहरूले न्यूनतम मापदण्ड पूरा गरेका छन् भने मादी गाउँपालिकाको ७२ प्रतिशतले मात्र सो मापदण्ड पूरा गरेको पाइन्छ। त्यसै गरी राष्ट्रिय स्तरमा २० प्रतिशत बालबालिकाहरू कमजोर (Struggling) अवस्थामा देखिन्छ भने मादी गाउँपालिकाका २८ प्रतिशत बालबालिकाले न्यूनतम मापदण्ड पूरा गर्न नसकेको प्रष्ट देखिन्छ। समग्रमा मादी गाउँपालिकाको बालबालिकाहरूको बालविकास उपलब्धि राष्ट्रिय स्तरभन्दा तल रहेको पाइयो।

## ४. मादी गाउँपालिकाको बालबालिकाको उमेरगत उपलब्धिको स्तर

मादी गाउँपालिकाअन्तर्गतका प्रारम्भिक सिकाइ तथा विकास अध्ययनमा समावेश भएका १६७ बालबालिकाका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई सोधिएका २० प्रश्नहरूको आधारमा प्राप्त भएको प्रतिक्रियाका आधारमा बालविकास उपलब्धिलाई यस तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: उमेरगत आधारमा तुलनात्मक उपलब्धि प्रतिशत**


| o | On-track | N | On track | N | On track | N | On track | N | On track | N |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Madi RM | 75% | 8 | 100 % | 17 | 92% | 14 | 85% | 23 | 62% | 105 |

तालिका २ अनुसार मादी गाउँपालिकाको २४ देखि २९ महिना समूहका ८ बालबालिकाहरूमध्ये ७५ प्रतिशतले न्यूनतम मापदण्ड पूरा गरेको -On-track) छन् भने ३० देखि ३५ महिना उमेर समूहका जम्मा १७ जना बालबालिकामध्ये सबै (१०० प्रतिशत) बालबालिकाहरूले (ECDI2030) का न्यूनतम मापदण्ड पूरा गरेको पाइएको छ। त्यसै गरी ३६ देखि ४१ महिना उमेर समूहका जम्मा १४ जना बालबालिकाहरूमध्ये ९२ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धिको मापदण्ड पूरा गरेको -On-track) पाइएको छ भने ४२ देखि ४७ महिना उमेर समूका २३ बालबालिकाहरूमध्ये ८६ प्रतिशतले मात्र -ECDI2030) को मापदण्ड पूरा गर्न -On-track) सकेका छन्। ४८ देखि ५९महिना उमेर समूहका जम्मा १०५ बालबालिकाहरूमध्ये ६३ प्रतिशत बालबालिकाहरूले मात्र तोकिएको मापदण्ड पूरा गर्न -On-track) सकेका छन् भने ३७ प्रतिशत बालबालिकाहरू अझै कमजोर -Not on the track) पाइएको छ।

## ५. लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना

मादी गाउँपालिकाको २४ देखि ५९ महिनाको उमेर समूहका १६७ बालबालिकाहरूमध्येबाट लैङ्गिक आधारमा बालविकासको उपलब्धिको तुलना यस प्रकार गरिएको छ।

**चित्र: लैङ्गिक आधारमा बालविकास उपलब्धिको तुलना**





चित्रमा प्रस्तुत गरिएअनुसार मादी गाउँपालिकाका १६७ जना बालबालिकाहरूमध्ये ८६ जना छात्रा र ८१ जना छात्र रहेका छन्। ८६ जना छात्राहरूमध्ये ७९ प्रतिशतले बालविकासको न्यूनतम मापदण्ड (On track) पूरा गर्न सकेका छन् भने २१

प्रतिशतले सो मापदण्ड पूरा गर्न नसकी सङ्घर्षरत (Struggling) देखिन्छन् । त्यसै गरी ८१ जना बालकहरूमध्ये ६५ प्रतिशतले मात्र प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड (On track) पूरा गर्न सकेका छन् भने बाँकी ३५ प्रतिशत सङ्घर्षरत अवस्थामा रहेका छन् । समग्रमा बालकहरूको तुलनामा १४ प्रतिशत बढी बालिकाहरूले बालविकासको न्यूनतम आधार पूरा गरेका छन् ।

## ६. आमाको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

यस अध्ययनमा समेटिएका मादी गाउँपालिकाका १६७ जना बालबालिकाका आमाहरूमध्ये १४१ जना शिक्षित तथा २४ जना अशिक्षित पाइएको छ । दुई जना आमाहरूबाट उनिहरूको शैक्षिक अबस्थाको जानकारी भने लिन नसकिएको देखियो । आमाको शिक्षाको प्रभाव बालविकास उपलब्धिमा परेको तथ्य चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र: आमाको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**





चित्रमा प्रस्तुत तथ्याङ्कअनुसार मादी गाउँपालिकाको शिक्षित आमाहरूमध्येको ७७ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धिको न्यूनतम आधार पूरा गर्न सकेका छन् भने २३ प्रतिशत बालबालिकाहरूले सो पूरा गर्न सकेका छैनन् । त्यसै गरी २४ जना अशिक्षित आमाहरूमध्येका ४६ प्रतिशत बालबालिकाहरूले मात्र बालविकास उपलब्धिको न्यूनतम आधार पूरा गर्न सकेका छन् भने ५४ प्रतिशत बालबालिकाहरूले सो मापदण्ड पूरा गर्न सकेका छैनन् । यो तथ्याङ्कले प्रष्ट पार्दछ कि आमाहरू शिक्षित भएको खण्डमा बालविकासको उपलब्धि धेरै राम्रो हुने र अशिक्षित भएको खण्डमा सिकाइ उपलब्धि कमजोर हुने अबस्था यस विश्लेषणले देखाएको छ

## ७. बाबुको शैक्षिक अवस्था र बालविकासको उपलब्धि

मादी गाउँपालिकाको १६७ बालबालिकाहरूको बाबाहरूमध्ये १४३ जना शिक्षित र २४ जना बाबाहरू अशिक्षित रहेका छन्। प्रारम्भिक सिकाइ तथा बालविकास अध्ययनमा बालबालिकाबाट प्राप्त भएको प्रतिक्रिया र बाबुको शैक्षिक अवस्थालाई यस चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र: बाबुको शैक्षिक अवस्था र बालविकासका उपलब्धि**




चित्रअनुसार मादी गाउँपालिकाको १४३ जना बाबाहरूको बालबालिकामध्ये ७५ प्रतिशत बालबालिकाहरूले बालविकासको न्यूनतम उपलब्धि हासिल गर्न सकेका छन् भने २५ प्रतिशत बालबालिकाहरूले सो पूरा गर्न सकेका छैनन्। त्यसै गरी २४ जना अशिक्षित बाबाहरूमध्येका ५८ प्रतिशत बालबालिकाहरूले बालविकासका न्यूनतम उपलब्धि प्राप्त गर्न सकेका छन् भने ४२ प्रतिशत बालबालिकाहरूले सो पूरा गर्न सकेका छैनन्। यो तथ्याङ्कले प्रस्ट पार्दछ कि बाबाहरू शिक्षित भएका खण्डमा धेरै प्रतिशत बालबालिकाहरूले बालविकासको उपलब्धि हासिल गर्न सक्दछन्।

## ८. मादी गाउँपालिकाका ECDI-2030 मा सहभागी बालबालिकाहरूको जातिगत अवस्था

ECDI-2030 मा सहभागी भएकाहरूमध्ये मादी गाउँपालिका का २४ देखि ५९ महिनाभित्रका १६७ बालबालिकाहरूलाई जातिगत आधारमा केलाउँदा निम्न अवस्था रहेको पाइयो।

**तालिका ३: जातिगत आधारमा बालविकासको उपलब्धि**


| Status | Brahman | Chhetri | Janjati | Dalit |
|---|---|---|---|---|
| On track | 75% | 70% | 73% | 71% |
| Struggling | 25% | 30% | 27% | 29% |

तालिका ३ मा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार मादी गाउँपालिकाका १६७ जना बालबालिकाहरूमध्ये बाहुन ३६, क्षेत्री २०, जनाजाति ५५ र दलित ४९ जना रहेका छन् । ७ जना बालबालिकाका अभिभावकले जातिगत कुरा उल्लेख गर्न चाहेनन् । ३६ जना बाहुन बालबालिकाहरूमध्ये ७५ प्रतिशतले, २० जना क्षेत्री बालबालिकाहरूमध्ये ७० प्रतिशत, ५५ जना जनजाति बालबालिकामध्ये ७३ प्रतिशत र ४९ जनाहरू दलित बालबालिकाहरूमध्ये ७१ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धिको न्यूनतम मापदण्ड हासिल गर्न सक्षम (On the track) रहेका छन् । समग्रमा हेर्दा बाहुन र जनजाति समुदायका बालबालिकाहरूको बालविकास उपलब्धि क्षेत्री र दलित समुदायका बालबालिकाहरूको उपलब्धिभन्दा माथि रहेको छ ।

## ९. घरमा प्रयोग हुने भाषाका आधारमा ECDI-2030 को नतिजा

मादी गाउँपालिकाको १६७ बालबालिकाहरूमध्ये १५४ जना बालबालिकाहरूले घरमा नेपाली भाषा प्रयोग गर्दछन् भने १३ जनाले मात्र अन्य भाषाको प्रयोग गर्दछन् । ECDI-2030 मा समावेश भएका बालबालिकाहरूका घरमा प्रयोग हुने भाषाका आधारमा बालविकास उपलब्धिको नतिजालाई चित्र ६ मा विश्लेषण गरिएको छ ।

**चित्र: घरमा प्रयोग हुने भाषा र बालविकासको उपलब्धिको नतिजा**




चित्रअनुसार मादी गाउँपालिकाको घरमा नेपाली भाषा प्रयोग गर्ने १५४ बालबालिहरूमध्ये ७२ प्रतिशत बालबालिकाहरूले बालविकास उपलब्धि हासिल गर्न (On track) सकेका छन् भने १३ जना अन्य भाषी बालबालिकाहरूमध्ये ७७ प्रतिशतले सो मापदण्ड पूरा गर्न (On track) सकेका छन् । त्यसै गरी घरमा नेपाली भाषा प्रयोग गर्ने २८ प्रतिशत बालबालिकाहरू कमजोर Struggling देखिन्छ भने अन्य भाषा प्रयोग गर्ने २३ प्रतिशत बालबालिकाहरूले मात्र बालविकास उपलब्धिको

न्यूनतम आधार पूरा गर्न नसकेका Struggling अवस्थामा देखिन्छन्। यस नतिजाले प्रस्ट पार्दछ कि नेपाली भाषीभन्दा अन्य भाषी बालबालिकाहरूलाई बालविकास उपलब्धि हासिल गर्न सजिलो भएको छ।

## १०. बालबालिकाहरूको प्रश्नगत नतिजा

यस अध्ययनको ECDI-2030 अन्तर्गत सोधिएका २० वटा प्रश्नहरूका आधारमा हरेक प्रश्नबाट प्राप्त उत्तरलाई छुट्टाछुट्टै गरिएको विश्लेषण।

**तालिका ४: बालबालिकाहरूको प्रश्नगत नतिजा**

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Madi RM | Health: ECD1_Walking in uneven road | 86% | 167 | 35% |
| | Health: ECD2_Can jump by lifting both legs | 94% | 161 | 23% |
| | Health: ECD3_Can tie button of shirt and pants | 57% | 163 | 50% |
| | Health: ECD4_can tie or open button of cloths without other's support | 56% | 152 | 50% |
| | Learning: ECD5_Can say more than 10 words like baba, mama, bal | 99% | 167 | 11% |
| | Learning: ECD6_Can speak more than 3-word sentences | 95% | 167 | 21% |
| | Learning: ECD7_Can speak sentences having more than 5 words | 76% | 159 | 43% |
| | Learning: ECD8_Can use pronouns correctly while speaking | 90% | 167 | 30% |
| | Learning: ECD9_Can recognize and name familiar objects like about, animals | 99% | 167 | 11% |
| | Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 60% | 157 | 49% |
| | Learning: ECD11_Can write own name | 24% | 166 | 43% |
| | Learning: ECD12_Can recognize all numbers 1 to 5 | 48% | 153 | 50% |
| | Learning: ECD13_Can give 3 objects if you ask by counting | 95% | 164 | 22% |
| | Learning: ECD14_Can count 10 objects without mistake | 66% | 162 | 48% |

| Palika | Items | Yes (can do) | N (Children No.) | Std. Deviation |
|---|---|---|---|---|
| Madi RM | Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 66% | 166 | 47% |
| | Psychosocial Well-being: ECD16_Do inquiry with parents about other members of the family when they are absent | 96% | 166 | 19% |
| | Psychosocial Well-being: ECD17_Do help if someone ask for | 41% | 167 | 49% |
| | Psychosocial Well-being: ECD18_Live with other children with good relation | 98% | 166 | 15% |
| | Psychosocial Well-being: ECD19_ Become sad of unhappy - frequency | 100% | 167 | 0% |
| | Psychosocial Well-being: ECD20_ Activity with other child - quarrel, beat? | 42% | 167 | 49% |

मादी गाउँपालिकाको १६७ बालबालिकाहरूलाई ECDI-2030 अन्तर्गत २० वटा फरक फरक प्रश्न सोधी उनीहरूको बालविकासको अवस्थाबारे अध्ययन गरिएको थियो। हरेक बालबालिकाको आमासँग प्रश्न राखी उनीहरूको बालबालिकाको बालविकासको अवस्थाबारे प्रश्न सोधी प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको हो। यसरी प्रश्नगत रूपमा विश्लेषण गर्दा ८६% विद्यार्थी खाल्डा खुल्डी बाटोमा हिड्न सक्ने देखिन्छ भने दुवै खुट्टा भुइँ छाडी उफ्रन सक्नेको संङ्ख्या ९४% देखिन्छ। सहयोग दिन,कपडा लगाउन सक्ने विद्यार्थी सङ्ख्या ५७% रहेको छ। आमा, बा जस्ता सरल शब्द भन्न सक्नेको सङ्ख्या ९९% छ भने तीन भन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने विद्यार्थी सङ्ख्या ९५ % रहेको छ। त्यस्तै गरी ५ वटा भन्दा बढी शब्द भएका वाक्य भन्न सक्ने बालबालिकाहरूको सङ्ख्या ७६% रहेको छ। शुद्धसँग उच्चारण गर्न सक्ने विद्यार्थीहरूको सङ्ख्या ९०% रहेको छ भने वस्तु चिन्न सक्ने र छुट्याउन सक्नेको सङ्ख्या पनि ९९% रहेको छ।

नेपाली वर्णमालाका कम्तीमा पाँच अक्षर चिन्न सक्नेहरूको सङ्ख्या ६०% रहेको छ। आफ्नो नाम लेख्न सक्नेहरूका सङ्ख्या २४% मात्र रहेको छ। १ देखि ५ सम्मका सबै अंक चिन्न सक्नेको सङ्ख्या ४८% र स्तरीय भिन्नता ५० रहेको छ। तीन वटा फरक फरक वस्तु चिन्न सक्नेहरूको सङ्ख्या १६४ (९५%) रहेको छ भने गल्ती नगरी १० वटा वस्तु वा औंला गन्ती गर्न सक्नेको सङ्ख्या ६६% रहेको छ। रङ्ग लगाउने र खेलौनासँग खेल्न सक्नेका सङ्ख्या ६६% रहेको पाइयो भने घरका परिचित व्यक्तित्वलाई नदेख्दा चिन्तन गर्न सक्नेको सङ्ख्या ९६% रहेको पाइयो।अन्य बालबालिकाहरूसँग राम्रो सम्बन्ध राख्न सक्ने बालबालिकाहरू ९८ प्रतिशत देखियो। खुसी तथा निरासा देखाउन सक्नेहरूको सङ्ख्या र यस्तो व्यवहार वारम्बार देखाउनेको सङ्ख्या १००% र अन्य बालबालिकासँग झगडा गर्ने विद्यार्थीहरूको सङ्ख्या ४२% मात्र रहेको पाइयो। यसरी सोधिएको प्रश्नमा १०० % प्रतिशत विकास खुसी तथा निरासा देखाउन सक्नेहरूका यस्तो व्यवहार बारम्बार देखाउने एउटा मात्र प्रश्न रहेको छ भने सबैभन्दा कम नाम भन्न सक्ने २४% मात्र रहेको देखियो।

# अनुसूची ८ पिपरा गाउँपालिका (महोत्तरी जिल्ला) भित्रका बालविकास केन्द्रहरू (ECD Centers) का बालबालिकाहरूको अध्ययन विश्लेषण


यस अध्यायमा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावलीमा समावेश भएका विविध प्रश्नहरू जस्तै पृष्ठभूमि, बाबुआमाको शिक्षा, पेशा, जातीय विवरण, भाषालगायत ECDI 2030 अन्तर्गतका विभिन्न २० वटा प्रश्नहरूबाट प्राप्त भएका तथ्यहरूको विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

### १. उमेरको आधारमा बालबालिकाहरूको न्यूनतम अपेक्षित उपलब्धिको मापन

अध्ययनमा समावेश गराइएका २४ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई विभिन्न ५ समूहमा विभाजन गरी उक्त उमेर समूहको आधारमा न्यूनतम प्राप्त गर्नुपर्ने अपेक्षित अन्तर्राष्ट्रिय स्तरलाइ तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: बालविकासको न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड**

| Age group | Minimum number of milestones (cut-score) |
|---|---|
| 24-29 months | 7 |
| 30-35 months | 9 |
| 36-41 months | 11 |
| 42-47 months | 13 |
| 48-59 months | 15 |




तालिका १ मा प्रस्तुत भएअनुरूप प्रारम्भिक सिकाइ तथा बालबालिकाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार २४ देखि ५९ महिनाका बालबालिकाहरूले सोधिएका २० वटा प्रश्नहरूमध्येबाट सात अङ्क प्राप्त गर्दा बाल विकासको सही अवस्था (On-Track) भएको मानिन्छ भने सोभन्दा तल भएमा बालविकास सही अवस्थामा नरहेको भन्ने बुझिन्छ। यसै गरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको न्यूनतम अङ्क (minimum number of milestone) पनि सोहीअनुरूप बढ्दै जान्छ। जस्तो कि ३० देखि ३५ महिना उमेर समूहका बालबालिकाको अङ्क ९, ३६ देखि ४१ महिनाका उमेर समूहका

बालबालिकाको ११, ४२ देखि ४७ महिनाका उमेर समूहको १३ र ४८ देखि ५९ महिनाका उमेर समूहका बालबालिकाको स्तर १५ हुनुपर्ने देखिन्छ । यसलाई निम्नअनुसारको सूत्र प्रयोग गरेर निर्धारण गर्न सकिन्छ ।


**Formula 1. ECDI2030 formula**

$$\text{ECDI2030} = \frac{\text{Number of children aged 24 to 50 months who have achieved the minimum number of milestones expected for their age group}}{\text{Total number of children aged 24 to 59 months in the sample}}$$

## २. ECDI 2030 को नतिजा

सात ओटै प्रदेशको प्रतिनिधित्व हुने गरी ECDI 2030 परीक्षणमा सात ओटा पालिकाहरूबाट जम्मा १,४०४ बालबालिकाहरूका अभिभावकसित फोनमा भएको कुराकानीको माध्यमबाट परीक्षण सञ्चालन गरिएको थियो । परीक्षण विश्वव्यापी परीक्षण साधनको माध्यमबाट गरिएको थियो । चित्र मा समग्रतामा On track र स्ट्रगलिङ बालबालिकाहरूको प्रतिशत देखाइएको छ ।

**चित्र: समग्रतामा On track र स्ट्रगलिङ बालबालिकाहरूको प्रतिशत**




राष्ट्रिय रूपमा ठूलो सङ्ख्यामा रहेका बालबालिकाहरूको उपलब्धि सन्तोषजनक नरहेको अवस्था देखिन्छ । चित्रमा दिइए अनुसार ८० प्रतिशत बालबालिकाहरू On track मा रहेको र २० प्रतिशत बालबालिकाहरू भने स्ट्रगलिङ अवस्थामा रहेका देखिन्छन् ।

## ३. पिपरा गाउँपालिका परिचय:

पिपरा गाउँपालिका मदेश प्रदेशको महोत्तरी जिल्लाअन्तर्गत पर्दछ । राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनअनुसार यो गाउँपालिकाको कुल जनसङ्ख्या ९,३७३ रहेको छ । कुल घरधुरीको सङ्ख्या १,६३५ रहेको देखिन्छ । यो गाउँपालिका नजिकका १४ ओटा गाउँहरू मिलेर बनेको छ ।


यो गाउँपालिका परीक्षणको लागि मदेश प्रदेशको प्रतिनिधित्व गर्दै नमुनामा छनोट भएको छ। यस पालिकाभित्रका बालविकास केन्द्रबाट १०१ जना विद्यार्थीहरूका अभिभावक माझ फोनको माध्यमबाट परीक्षण सञ्चालन गरिएको थियो।

यो परिच्छेदमा पिपरा गाउँपालिकाका बालविकास केन्द्रमा भर्ना भएका अध्ययनरत बालबालिकाहरूको उपलब्धि कस्तो छ ? राष्ट्रिय उपलब्धि कस्तो छ ? लैङ्गिक आधारमा बालबालिकाको उपलब्धिको अवस्था के छ ? उमेरगत आधारमा उपलब्धिको अवस्था के छ ? बालबालिकाहरूको आमाबुबाको शैक्षिक अवस्था कस्तो छ ? आमाबुबाको शैक्षिक अवस्थाले बालबालिकाहरूको उपलब्धिमा कस्तो असर गरेको छ ? जातजाति र भाषागत आधारमा कस्तो अवस्था छ ? आइटमअनुसार उपलब्धिको अवस्था के छ ? साथै परीक्षणमा सहभागी बालबालिकाहरूको पृष्ठभूमिको बारेमा विश्लेषण गरिएको छ।

## ४. राष्ट्रिय उपलब्धि र पिपरा गाउँपालिकाका बालबालिकाहरूको ECDI2030 index को आधारमा नतिजाको तुलना

पिपरा गाउँपालिकाका बालबालिकाहरूको उपलब्धि राष्ट्रिय नतिजाभन्दा खासै भिन्न रहेको देखिँदैन। चित्रमा दिइएअनुसार पिपरा गाउँपालिकाको उपलब्धी राष्ट्रिय नतिजासित तुलना गरिएको छ।

**चित्र: पिपरा गाउँपालिकाको राष्ट्रिय नतिजासित तुलना**





पिपरा गाउँपालिका र राष्ट्रिय नतिजा समान देखिन्छ। चित्रमा दिइए अनुसार राष्ट्रिय रूपमा On track विद्यार्थीहरूको इन्डेक्स ८० प्रतिशत रहेको देखिन्छ भने स्ट्रगलिङ् विद्यार्थीहरूको २० प्रतिशत रहेको देखिन्छ। यसले पिपरा गाउँपालिकाका बालबालिकाहरूको उपलब्धि औसतस्तरमा रहेको देखिन्छ।

## ५. लैङ्गिक आधारमा बालबालिकाको उपलब्धि

पिपरा गाउँपालिकामा लैङ्गिक आधारमा बालबालिकाको उपलब्धिमा विविधता रहेको पाइन्छ । राष्ट्रिय रूपमा भने लैङ्गिक आधारमा उपलब्धि विविधता देखिएको छैन। चित्रमा पिपरा गाउँपालिकाको लैङ्गिक आधारमा बालबालिकाको उपलब्धि देखाइएको छ। त्यस्तै तालिका २ मा राष्ट्रिय रूपमा लैङ्गिक आधारमा बालबालिकाहरूको उपलब्धि देखाइएको छ।

**चित्रमा पिपरा गाउँपालिकाको लैङ्गिक आधारमा बालबालिकाको उपलब्धि**




On track बालिकाहरूको प्रतिशत On track बालकहरूको भन्दा उच्च देखिन्छ । दिइएको चित्र अनुसार पिपरा गाउँपालिकामा On track मा रहेका बालिका र बालकको प्रतिशत क्रमशः ८०.०५ र ७६.१९ रहेको देखिन्छ। यो नतिजा राष्ट्रिय नतिजाभन्दा फरक देखिन्छ।

**तालिका २: मा राष्ट्रियरूपमा लैङ्गिक आधारमा बालबालिकाहरूको उपलब्धि**

| Overall | ECDI2030: Struggling | ECDI2030: On-track | N | Std. Deviation |
|---|---|---|---|---|
| Girls | 20% | 80% | 672 | 0.38328 |
| Boys | 20% | 80% | 732 | 0.41541 |
| Total | 20% | 80% | 1404 | 0.40078 |

राष्ट्रिय रूपममा बालक र बालिकाहरूको उपलब्धिको बीचमा भिन्नता रहेको देखिँदैन। तालिका २ अनुसार On track मा रहेका बालक र बालिकाको प्रतिशत ८० रहेको देखिन्छ। पिपरामा बालकहरूको अवस्था बालिकाहरूको भन्दा कमजोर देखिन्छ।

## ६. उमेर समूहका आधारमा बालबालिकाको उपलब्धि

उमेर समूहअनुसार पिपरा गाउँपालिकाका बालबालिकाहरूको उपलब्धिमा विविधता रहेको देखिन्छ। तालिका ३ मा पिपरा गाउँपालिकामा उमेर समूहअनुसार बालबालिकाको उपलब्धि देखाइएको छ। त्यस्तै तालिका ४ मा राष्ट्रिय रूपमा उमेर समूहअनुसार बालबालिकाको उपलब्धि देखाइएको छ। राष्ट्रिय रूपममा बालक र बालिकाहरूको उपलब्धिको बीचमा भिन्नता रहेको देखिँदैन। तालिका २ अनुसार On track मा रहेका बालक र बालिकाको प्रतिशत ८० रहेको देखिन्छ। यसले बालकहरूको अवस्था बालिकाहरूको भन्दा कमजोर देखायो।

**तालिका ३: पिपरा गाउँपालिकामा उमेर समूहअनुसार बालबालिकाको उपलब्धि**

| Local Level | Age group of Pipara RM | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | On-track 24-29 | N | ECDI2030 30-35 months | N | 36-41 months | N | 42-47 months | N | 48-59 months | N |
| Total | NA | 0 | 100% | 4 | 52% | 11 | 80% | 11 | 80% | 75 |
| On track | | | 100% | 4 | 91% | 10 | 81% | 9 | 79% | 59 |
| Struggling | | | 0% | 0 | 9% | 1 | 19% | 2 | 21% | 16 |

पिपरा गाउँपालिकामा उमेर समूहअनुसार ३०-३५ महिनाको बालबालिकाको उपलब्धि सबैभन्दा उच्च र ३६-४१ महिनाका बालबालिकाको उपलब्धि सबैभन्दा न्यून देखिन्छ। तालिका ३ अनुसार पिपरा गाउँपालिकाबाट २४-२९ महिनाका बालबालिकाहरू परीक्षणमा सहभागी भएको पाइँदैन। त्यस्तै ३०-३५ महिना उमेर समूहका बालबालिकाहरूमा १०० प्रतिशत बालबालिका On track रहेको पाइन्छ। त्यस्तै ३६-४१, ४२-४७ र ४८-५९ महिना उमेर समूहका बालबालिकाहरूमा क्रमशः ९१, ८१ र ७९ प्रतिशत बालबालिकाहरू On track मा रहेको देखिन्छ।

राष्ट्रिय रूपमा पनि पिपरा गाँउपालिकामा जस्तै ३०-३५ महिना उमेर समूहका बालबालिकाको उपलब्धि सबै उमेर समूहको भन्दा उच्च देखिन्छ।

**तालिका ४: राष्ट्रिय रूपमा उमेर समूहअनुसार बालबालिकाको उपलब्धि**

| SN | Age group | Children (N) | ECDI2030 | Std. Deviation |
|---|---|---|---|---|
| 1 | 24-29 months | 50 | 74% | 0.44309 |
| 2 | 30-35 months | 97 | 92% | 0.27651 |
| 3 | 36-41 months | 185 | 85% | 0.35936 |
| 4 | 42-47 months | 253 | 85% | 0.35797 |
| 5 | 48-59 months | 819 | 76% | 0.42618 |
| | Total | 1,404 | | |


राष्ट्रिय रूपमा ३०-३५ महिनाका On track मा रहेका बालबालिकाहरूको प्रतिशत ९२ प्रतिशत देखिन्छ। तर पिपरा गाउँपालिकाको यही उमेर समूहका बालबालिकाको On track मा रहेको प्रतिशत शत प्रतिशत देखिन्छ। जुन राष्ट्रिय प्रतिशतभन्दा ८ प्रतिशतले बढी हो।

त्यस्तै पिपरा गाउँपालिकामा ३६-४१ महिनाका On track मा रहेका बालबालिकाको प्रतिशत ५२ देखिन्छ । यो प्रतिशत सोही उमेर समूहमा राष्ट्रिय प्रतिशत ८५ भन्दा ३३ प्रतिशतले न्यून देखिन्छ । यसबाट ३६-४१ महिना उमेर समूहका बालबालिकाहरूको उपलब्धि राष्ट्रिय उपलब्धिको तुलनामा अत्यन्तै न्यून देखिन्छ ।

## ७. आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाको उपलब्धि

आमाको शैक्षिक अवस्थाले बालबालिकाको उपलब्धिमा प्रभाव पारेको देखिन्छ । तल दिइएको चित्रमा पिपरा गाउँपालिकामा आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको उपलब्धिको तुलना गरिएको छ । त्यस्तै तालिका ५ मा राष्ट्रिय रूपमा आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाको उपलब्धिको तुलना देखाइएको छ ।

**चित्र: पिपरा गाउँपालिकामा आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको उपलब्धिको तुलना**




पिपरा गाउँपालिकामा शिक्षित आमा भएका बालबालिकाहरूमा On track को प्रतिशत अशिक्षित आमा भएका बालबालिकाको भन्दा उच्च देखिन्छ । चित्रमा दिइए अनुसार पिपरा गाउँपालिकामा आमा शिक्षित भएका बालबालिकामध्ये ८५.४५ प्रतिशत बालबालिकाहरू On trackमा र अशिक्षित आमा भएका बालबालिकाहरूमा On track मा रहेका बालबालिकाको प्रतिशत ७३.३३ रहेको पाइन्छ । यो नतिजा राष्ट्रिय नतिजाभन्दा झन्डै २ प्रतिशतले बढी देखिन्छ ।

**तालिका ५: राष्ट्रिय रूपमा आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाको उपलब्धिको तुलना**


| Mothers education | Mean | N | Std. Deviation |
|---|---|---|---|
| Yes | 0.8134 | 1179 | 0.38975 |
| No | 0.7163 | 215 | 0.45186 |

तालिका ५ अनुसार राष्ट्रिय रूपमा On track मा रहेका शिक्षित र अशिक्षित आमाका बालबालिकाहरूको प्रतिशत क्रमशः ८१.३४ र ७१.६३ रहेको देखिन्छ । दश जना आमाहरूबाट उनिहरूको शैक्षिक अवस्थाको जानकारी लिन नसकिएको देखियो ।

### ८. बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाको उपलब्धि

बुबाको शैक्षिक अवस्थाले बालबालिकाको उपलब्धिमा प्रभाव पारेको देखिन्छ । चित्रमा पिपरा गाउँपालिकामा बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको उपलब्धिको तुलना गरिएको छ । त्यस्तै तालिका ६ मा राष्ट्रिय रूपमा र पिपराका बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाको उपलब्धिको तुलना देखाइएको छ ।

**चित्रः पिपरा गाउँपालिकामा बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको उपलब्धिको तुलना**




पिपरा गाउँपालिकामा शिक्षित बुबा भएका बालबालिकाहरूमा On track को प्रतिशत अशिक्षित बुबा भएका बालबालिकाको भन्दा न्यून देखिन्छ । चित्रमा दिइए अनुसार पिपरा गाउँपालिकामा बुबा शिक्षित भएका बालबालिकामध्ये ७९.१७ प्रतिशत बालबालिकाहरू On track मा र अशिक्षित बुबा भएका बालबालिकाहरूमा On track मा रहेका बालबालिकाको प्रतिशत ८२.७६ रहेको पाइन्छ । यो नतिजाले राष्ट्रिय नतिजासँग मेल खाएको देखिँदैन ।

**तालिका ६: राष्ट्रिय रूपमा बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाको उपलब्धिको तुलना**

| Fathers education | Mean | N | Std. Deviation |
|---|---|---|---|
| Yes | 0.8074 | 1267 | 0.39448 |
| No | 0.7188 | 128 | 0.45138 |

तालिका ६ अनुसार राष्ट्रिय रूपमा On track मा रहेका शिक्षित र अशिक्षित बुबाका बालबालिकाहरूको प्रतिशत क्रमशः ८०.७४ र ७१.८८ रहेको देखिन्छ । नौ जना बुबाहरूबाट उनिहरूको शैक्षिक अवस्थाको जानकारी लिन नसकिएको देखियो । यसबाट बुबाको शैक्षिक अवस्थाले बालबालिकाको उपलब्धिमा प्रभाव परेको देखिन्छ ।

## ९. जातजातिगत अवस्थाका आधारमा बालबालिकाको उपलब्धि

जातजातिगत रूपमा बालबालिकाको उपलब्धिको बीचमा विविधता रहेको पाइयो । तालिका ७ मा पिपरा गाउँपालिकामा जातजातिगत अवस्थाका आधारमा बालबालिकाहरूको उपलब्धिको अवस्था देखाइएको छ । त्यस्तै तालिका ८ मा राष्ट्रिय रूपमा जातजातिगत अवस्थाको आधारमा बालबालिकाहरूको उपलब्धिको अवस्था देखाइएको छ ।

**तालिका ७: पिपरा गाउँपालिकामा जातजातिगत अवस्थाका आधारमा बालबालिकाहरूको उपलब्धिको अवस्था**

| Status | Brahman | Chhetri | Madhesi | Janajati | Dalit |
|---|---|---|---|---|---|
| On track | 100% | NA | 83% | 57% | 44% |
| Struggling | 0% | - | 17% | 43% | 56% |

पिपरा गाउँपालिकामा ब्राह्मण, मधेसी, जनजाति र दलित बालबालिकाको उपलब्धिको तुलना गर्दा ब्राह्मण बालबालिकाहरूको उपलब्धि सबैभन्दा उच्च र दलितको सबैभन्दा न्यून देखिन्छ । परीक्षणमा क्षेत्री जातिगत पृष्ठभूमि रहेका बालबालिकाहरूको भने सहभागीता रहेको थिएन । तालिका ७ अनुसार पिपरा गाउँपालिकामा १०० प्रतिशत ब्राह्मण पृष्ठभूमिका बालबालिकाहरू On track मा रहेको देखिन्छ । त्यस्तै On track मा रहेका मधेसी, जनजाति र दलित बालबालिकाहरूको प्रतिशत क्रमशः ८३, ५७ र ४४ रहेको पाइन्छ । यसबाट जनजाति र दलित बालबालिकाहरूको अवस्था एकदमै कमजोर रहेको देखिन्छ ।राष्ट्रिय रूपमा पिपरा गाउँपालिकाको भन्दा फरक मधेसी बालबालिकाको उपलब्धि सबैभन्दा उच्च देखिन्छ ।

**तालिका ८: मा राष्ट्रिय रूपमा जातजातिगत अवस्थाको आधारमा बालबालिकाहरूको उपलब्धिको अवस्था**

| Caste/ Ethnic group | On-track students | Number | Std.deviation |
|---|---|---|---|
| Brahmin | 0.8439 | 237 | 0.36374 |
| Chhetri | 0.8273 | 330 | 0.37859 |
| Madhesi | 0.8547 | 179 | 0.35334 |
| Janjati | 0.8009 | 226 | 0.40022 |
| Dalit | 0.717 | 318 | 0.45118 |

तालिका ८ अनुसार राष्ट्रिय रूपमा ८५.४७ प्रतिशत बालबालिकाहरू On track मा रहेको देखिन्छ । On track मा रहेका

ब्राह्मण, क्षेत्री, जनजाति र दलित बालबालिकाहरूको प्रतिशत क्रमशः ८४.३९, ८२.७३, ८०.०९ र ७१.७ रहेको देखिन्छ। On track मा रहेका दलित बालबालिकाहरूको प्रतिशत राष्ट्रिय रूपमा नै सबै जातजातिको भन्दा न्यून रहेको पिपरा गाँउपालिकामा पनि योभन्दा फरक अवस्था देखिँदैन। राष्ट्रिय अवस्थासित On track मा रहेका पिपरा गाउँपालिकाका दलित, जनजाति, मधेसी र ब्राह्मण बालबालिकाहरूको प्रतिशत न्यून देखिन्छ। यसमा पनि On track मा रहेका जनजाति र दलित बालबालिकाहरूको प्रतिशत अत्यन्तै न्यून रहेको छ। ११४ जना अभिभाबकहरूबाट जातिगत अबस्थाको जानकारी लिन नसकिएको देखियो।

**तालिका ९: राष्ट्रिय रूपमा घरमा बोलिने भाषा नेपाली र अन्य भएका बालबालिकाहरूको उपलब्धिको तुलना**

| Home language | Mean | N | Std. Deviation |
|---|---|---|---|
| Nepali | 0.7918 | 879 | 0.40625 |
| Other | 0.8114 | 525 | 0.39154 |

पिपरा गाउँपालिकाको नतिजा राष्ट्रिय नतिजाभन्दा फरक देखिन्छ। तालिका ९ अनुसार राष्ट्रिय नतिजामा घरमा नेपाली भाषा बोल्ने बालबालिकाहरूमा ७९.१८ र नेपालीबाहेक अन्य भाषा बोल्ने बालबालिकाहरूमा ८१.१४ प्रतिशत बालबालिकाहरू On track मा रहेको पाइन्छ। यसले राष्ट्रिय रूपमा घरमा नेपालीबाहेक अन्य भाषा बोल्ने बालबालिकाहरूको उपलब्धि राम्रो देखिन्छ।

### १०. घरमा बोलिने भाषाका आधारमा बालबालिकाको उपलब्धि

घरमा बोलिने भाषाका आधारमा पनि बालबालिकाहरूको उपलब्धिमा विविधता रहेको देखिन्छ। चित्रमा दिइएअनुसार पिपरा गाउँपालिकामा घरमा बोलिने भाषा नेपाली र अन्य भएका बालबालिकाहरूको उपलब्धिको तुलना देखाइएको छ। त्यस्तै तालिका ९ मा राष्ट्रिय रूपमा घरमा बोलिने भाषा नेपाली र अन्य भएका बालबालिकाहरूको उपलब्धिको तुलना देखाइएको छ।

पिपरा गाउँपालिकामा घरमा बोलिने भाषा नेपाली भएका र अन्यसँगको तुलना गर्दा नेपाली भाषा भएका बालबालिकाहरूको उपलब्धि उच्च देखिन्छ। चित्रमा दिइएअनुसार पिपरा गाँउपालिकामा घरमा नेपाली भाषा बोल्नेको १०० प्रतिशत र घरमा अन्य भाषा बोल्ने ७९.३८ प्रतिशत बालबालिकाहरू On track मा रहेको पाइन्छ। यसले घरमा नेपाली भाषा बोल्ने बालबालिकाको उपलब्धि राम्रो देखिन्छ।

### ११. आइटमअनुसार बालबालिकाको उपलब्धि

जम्मा २० ओटा आइटमहरूमा परीक्षण सञ्चालन गरिएको थियो। आइटमअनुसार बालबालिकाहरूको उपलब्धिमा पनि विविधता रहेको देखिन्छ। तालिका ५.१० मा आइटमअनुसार राष्ट्रिय र पिपरा गाउँपालिकाका बालबालिकाको उपलब्धि देखाइएको छ।

तालिका १०: मा आइटमअनुसार राष्ट्रिय र पिपरा गाउँपालिकाको बालबालिकाको उपलब्धि

| Items | National level | | Pipra RM | |
|---|---|---|---|---|
| | Yes (can do) | N (Children No.) | Yes (can do) | N (Children No.) |
| Health: ECD1_Walking in uneven road | 87% | 1401 | 88% | 101 |
| Health: ECD2_Can jump by lifting both legs | 93% | 1357 | 93% | 100 |
| Health: ECD3_Can tie button of shirt and pant | 68% | 1376 | 80% | 101 |
| Health: ECD4_can tie or open button of cloths without other's support | 61% | 1341 | 75% | 101 |
| Learning: ECD5_Can say more than 10 words like baba, mama, ball | 99% | 1402 | 99% | 101 |
| Learning: ECD6_Can speak more than 3-word sentences | 94% | 1401 | 95% | 101 |
| Learning: ECD7_Can speak sentences having more than 5 words | 83% | 1311 | 88% | 96 |
| Learning: ECD8_Can use pronouns correctly while speaking | 91% | 1398 | 93% | 101 |
| Learning: ECD9_Can recognize and name familiar objects like bowl, animals | 97% | 1402 | 99% | 101 |
| Learning: ECD10_Can recognize at least 5 Nepali alphabets | 60% | 1379 | 49% | 100 |
| Learning: ECD11_Can write own name | 17% | 1399 | 13% | 101 |
| Learning: ECD12_Can recognize all numbers 1 to 5 | 61% | 1376 | 70% | 99 |
| Learning: ECD13_Can give 3 objects if you ask by counting | 86% | 1349 | 94% | 95 |
| Learning: ECD14_Can count 10 objects without mistake | 63% | 1373 | 77% | 101 |
| Learning: ECD15_Can continuously do works like coloring, drawing without stopping | 59% | 1335 | 53% | 101 |
| Psychosocial Well-being: ECD16_Do inquiry with parents about other members of the family when they are absent | 95% | 1401 | 97% | 101 |

| Items | National level | | Pipra RM | |
|---|---|---|---|---|
| | Yes (can do) | N (Children No.) | Yes (can do) | N (Children No.) |
| Psychosocial Well-being: ECD17_Do help if someone ask for | 81% | 1375 | 80% | 98 |
| Psychosocial Well-being: ECD18_Live with other children with good relation | 95% | 1396 | 94% | 100 |
| Psychosocial Well-being: ECD19_Become sad of unhappy - frequency | 99% | 1371 | 99% | 101 |
| Psychosocial Well-being: ECD20_Activity with another child - quarrel, beat? | 46% | 1386 | 40% | 100 |

यो खण्डमा आइटमअनुसार विद्यार्थीको उपलब्धि व्याख्या गर्नको लागि मुख्यतया दुईओटा आधारहरू लिइएको छ। पहिलो आधार On track मा भएका विद्यार्थीहरूको प्रतिशतलाई ९० प्रतिशतमाथि, ६०-८९ प्रतिशतको बिचमा र ६० प्रतिशतमुनि गरेर वर्गीकरण गरिएको छ।

त्यस्तै दोस्रो आधारको रूपमा प्रत्येक आइटममा पिपरा गाउँपालिकाका On track मा रहेका बालबालिकाहरूको प्रतिशतलाई राष्ट्रिय तहमा आइटमअनुसार On track मा रहेका बालबालिकाहरूको प्रतिशतसित तुलना गरिएको छ।

तालिका १० अनुसार पिपरा गाउँपालिकामा आइटम नं. २, ५, ६, ८, ९, १३, १८ र १९ मा ९० प्रतिशतभन्दा बढी बालबालिकाहरू On track मा रहेको पाइन्छ। त्यस्तै आइटम नं. ४, ७, १२, १४ र १७ मा On track मा रहेका बालबालिकाहरूको प्रतिशत ६०-८९ रहेको देखिन्छ। आइटम नं. १०, ११ र १५ मा भने On track मा रहेका बालबालिकाहरूको प्रतिशत ६० प्रतिशतभन्दा न्यून देखिन्छ।

त्यस्तै पिपरा गाउँपालिकाको आइटमअनुसारको नतिजालाई राष्ट्रिय तहको नतिजासँग तुलना गर्दा धेरै आइटमहरूमा राष्ट्रिय नतिजाभन्दा राम्रो देखिन्छ भने केही आइटमहरूमा भने पिपरा गाउँपालिकाका बालबालिकाहरू कमजोर रहेको पाइयो।

आइटम नं. १०, ११ र १५ मा पिपरा गाउँपालिकाका On track मा रहेका बालबालिकाहरूको प्रतिशत राष्ट्रिय तहमा सोही आइटममा On track मा रहेका बालबालिकाहरूको प्रतिशतभन्दा न्यून देखिन्छ।


## १२. परीक्षणमा सहभागी बालबालिकाको पृष्ठभूमि

परीक्षणमा बालबालिकाहरूको पृष्ठभूमिसम्बन्धी केही प्रश्नहरू पनि समावेश गरिएको थियो। त्यसमा पिपरा गाउँपालिकामा परीक्षणमा सहभागी अभिभावकहरूले दिएको प्रतिक्रियाको आधारमा यो खण्ड तयार गरिएको छ।

### १२.१ लैङ्गिकताको आधारमा बालबालिकाहरूको अवस्था

परीक्षणमा बालकभन्दा बालिकाहरूको सङ्ख्या धेरै थियो। चित्रमा पिपरा गाउँपालिकामा लिङ्गको आधारमा बालबालिकाहरूको अवस्था देखाइएको छ।

**चित्रमा पिपरा गाँउपालिकामा लिङ्गको आधारमा बालबालिकाहरूको अवस्था**





चित्र अनुसार पिपरा गाउँपालिकामा ५८ प्रतिशत बालिका र ४२ प्रतिशत बालकहरू परीक्षणमा सहभागी रहेका देखिन्छ ।

## १२.२ उमेर समूहको आधारमा बालबालिकाहरूको अवस्था

पिपरा गाउँपालिकामा परीक्षणमा ४८-५९ महिना उमेर समूहका बालबालिकाहरूको प्रतिशत सबैभन्दा उच्च रहेको छ । चित्रमा उमेर समूहअनुसार पिपरा गाउँपालिकामा परीक्षणमा सहभागी भएका बालबालिकाहरूको प्रतिशत देखाइएको छ ।

**चित्रः उमेर समूहअनुसार पिपरा गाउँपालिकामा परीक्षणमा सहभागी भएका बालबालिकाहरूको प्रतिशत**





चित्रमा दिइए अनुसार पिपरा गाउँपालिकामा २४-२९ महिना उमेर समूहका बालबालिकाहरू सहभागी भएका देखिदैनन् । त्यस्तै ३०-३५, ३६-४१, ४२-४७ र ४८-५९ महिना उमेर समूहका बालबालिकाहरूको प्रतिशत क्रमशः ४, ११, ११, र ७५ प्रतिशत रहेको देखिन्छ ।

## १२.३ जातजातिगत आधारमा बालबालिकाहरूको अवस्था

परीक्षणमा मधेसी समुदायका बालबालिकाहरूको प्रतिशत सबैभन्दा उच्च रहेको देखिन्छ । चित्रमा दिइएअनुसार पिपरा गाउँपालिकामा जातजातिगत आधारमा परीक्षणमा सहभागी बालबालिकाहरूको प्रतिशत देखाइएको छ ।

**चित्र: पिपरा गाउँपालिकामा जातजातिगत आधारमा परीक्षणमा सहभागी बालबालिकाहरूको प्रतिशत**





चित्रमा दिइए अनुसार पिपरा गाउँपालिकाबाट मधेसी, दलित, ब्राह्मण र जनजाति समूहका क्रमशः ६७, १३, १० र १० प्रतिशत बालबालिकाहरू समावेश गरिएको छ । यो गाउँपालिकाबाट क्षेत्री समुदायका बालबालिकाहरू समावेश छैनन् ।

### १२.४ घरमा बोलिने भाषाका आधारमा बालबालिकाहरूको अवस्था

पिपरा गाउँपालिकामा घरमा नेपाली भाषाभन्दा अन्य भाषा बोल्ने बालबालिकाहरूको प्रतिशत उच्च रहेको देखिन्छ । चित्रमा पिपरा गाउँपालिकामा घरमा बोलिने भाषाको आधारमा बालबालिकाको प्रतिशत देखाइएको छ ।

**चित्र: पिपरा गाउँपालिकामा घरमा बोलिने भाषाको आधारमा बालबालिकाको प्रतिशत**





चित्रमा दिइएअनुसार पिपरा गाउँपालिकामा घरमा नेपाली बोल्ने बालबालिकाहरूको प्रतिशत अत्यन्तै न्यून ४ प्रतिशत मात्र र अन्य भाषा बोल्ने बालबालिकाहरूको प्रतिशत उच्च ९६ प्रतिशत रहेको देखिन्छ ।

## १२.५ आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको अवस्था

पिपरा गाउँपालिकामा शिक्षित आमा भएका बालबालिकाहरूको प्रतिशत उच्च देखिन्छ । चित्रमा पिपरा गाँउपालिकामा आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको प्रतिशत देखाइएको छ ।

**चित्र: पिपरा गाउँपालिकामा आमाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको प्रतिशत**





चित्रमा दिइएअनुसार पिपरा गाउँपालिकामा शिक्षित आमा भएका बालबालिकाहरूको प्रतिशत करिव ५४ रहेको देखिन्छ भने ४६ प्रतिशत बालबालिका आमाहरू अशिक्षित रहेको देखिन्छ ।

## १२.६ बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको अवस्था

पिपरा गाउँपालिकामा शिक्षित बुबा भएका बालबालिकाहरूको प्रतिशत उच्च देखिन्छ । चित्रमा पिपरा गाउँपालिकामा बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको प्रतिशत देखाइएको छ ।

**चित्र: पिपरा गाँउपालिकामा बुबाको शैक्षिक अवस्थाका आधारमा बालबालिकाहरूको प्रतिशत**




चित्रमा दिइएअनुसार पिपरा गाउँपालिकामा शिक्षित बुबा भएका बालबालिकाहरूका ७१ प्रतिशत रहेको देखिन्छ भने २९ प्रतिशत बालबालिका बुबाहरू अशिक्षित रहेको देखिन्छ । यसले के देखाउँछ भने जति बुबा शिक्षित भयो उती नै बालबालिकाको शैक्षिक अवस्था राम्रो हुने देखियो ।